गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ को दफा (२२) को व्यवस्था बमोजिम गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डे समक्ष पेश गरिएको आर्थिक वर्ष २०८१/८२ को

# वार्षिक प्रतिवेदन

आ.व. २०८१/८२

श्रावण, २०८२

## गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

गण्डकी प्रदेश, पोखरा

**प्रकाशक:**
गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश, पोखरा
प्रकाशन वर्ष: २०८२
सर्वाधिकार ©: प्रकाशकमा सुरक्षित
मुद्रण प्रति: २००

**सम्पर्कका लागि:**
गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश, पोखरा
फोन नं: ०६१–५७१०८०
इमेल: academy.gandaki@gmail.com /gptagandaki@gmail.com
वेवसाइट: https://gpta.gandaki.gov.np

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

## गण्डकी प्रदेश

नदिपुर, पोखरा, नेपाल

पत्र संख्याः ०८२।८३
चलानी नम्बरः

विषयः वार्षिक प्रतिवेदन

**माननीय मुख्यमन्त्रीज्यू,**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**गण्डकी प्रदेश, पोखरा।**

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ को दफा (२२) को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पेश गरेको छु।

श्रावण, २०८२

भवदीय,
(सुरेन्द्रबाबु तिवारी)
कार्यकारी निर्देशक

# दुई शब्द

सङ्घीयताको कार्यान्वयनपश्चात् स्थापित प्रदेश सरकार र स्थानीय तहले पहिलो कार्यकाल पुरा गरी दास्रो कार्यकालका लागि काम गरिरहेका छन् । प्रदेश र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धि अहिले पनि प्राथमिक सवाल बनेको छ। प्रदेश र स्थानीय तहका संस्थागत संरचनाहरूको सवलीकरण शासकीय क्षमता अभिवृद्धिको पूर्वसर्त हो । शासकीय क्षमता एउटा वृहत अवधारणा हो । मजबुत संस्थागत संरचना र पूर्वाधार, उचित कानूनी प्रवन्ध र प्रभावकारी कार्यप्रणाली, वित्तीय श्रोतको भरपर्दो र दिगो व्यवस्था र विनियोजन कार्यकुशलता, सेवाग्राही प्रतिको जवाफदेहिता र सरकार-नागरिक बीचको सम्बन्ध, योजना तर्जुमाको दक्षता र कार्यान्वयन क्षमता, प्रविधियुक्त कार्यवातावरण र दक्ष जनशक्ति, वित्तीय सुशासन र चुस्त सङ्गठन आदि शासकीय क्षमता मापनका सूचकहरू हुन । शासकीय क्षमता जति मजवुत हुन सक्यो, त्यतिनै सेवा प्रवाह नागरिकमैत्री र गुणस्तरीय बन्दै जाने हो ।

प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने, प्रदेश र स्थानीय तहका विकास कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने, प्रशिक्षणलाई उपयोगी तुल्याउन समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने एवम् संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने उद्देश्यले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत स्थापित प्रतिष्ठानले कार्य प्रारम्भ गरेको चार वर्ष पुराभई पाचौं वर्षमा प्रवेश गरेको छ। गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अध्ययन तथा अनुसन्धान, सवाल केन्द्रित संवाद र मागमा आधारित परामर्श सेवाका माध्यमबाट सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तह निर्माणमा योगदान गर्ने उद्देश्यका साथ अगाडि बढेको प्रतिष्ठानले संस्थागत पूर्वाधार निर्माण, प्रशिक्षण सञ्चालन, अध्ययन तथा अनुसन्धान, समसामयिक विषयवस्तुमा संवाद कार्यक्रमको आयोजना र ज्ञान व्यवस्थापन जस्ता कार्यहरूमार्फत प्रदेश र स्थानीय तहको मानव संसाधन विकास, शासकीय क्षमता अभिवृद्धि, संघ, प्रदेश र स्थानीय तहका कानूनी तथा नीतिगत व्यवस्थाहरूको कार्यान्वयनमा सहजीकरण एवम् संघ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धलाई मजबुत बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। प्रतिष्ठान स्थापनाको छोटो अवधिमा नै Quality Austria बाट गुण व्यवस्थापन प्रणालीका लागि ISO 9001:2015 प्रमाण पत्र सहित International Quality Network को

सदस्य बनेको छ। हाल ३ वर्षका लागि प्रमाणपत्र नवीकरण समेत गरिएको छ।

"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार"को सैद्धान्तिक अवधारणालाई आत्मसात गरी इमानदारिता, व्यवसायिकता र नवप्रवर्तनको संस्थागत मान्यता अन्तर्गत अगाडि बढेको प्रतिष्ठानले स्थापनाको छोटो अवधिमा नै क्षमता विकासको क्षेत्रमा आफ्नो विशिष्ट पहिचान बनाउन सफल भएको छ।

प्रदेश र स्थानीय तहका क्षमता विकासका क्रियाकलापहरूले चालु आ.व.मा पनि निरन्तरता पाएका छन्। प्रशिक्षण आवश्यकताको पहिचान, पाठ्यक्रम निर्माण, प्रशिक्षण सञ्चालन र सञ्चालित प्रशिक्षणको अनुगमन तथा फलोअप निरन्तर रुपमा कार्यान्वयन भएका छन्। स्थानीय तहका जनप्रतिनिधिको क्षमता विकास तालिम तथा प्रदेश लोक सेवा आयोगबाट प्रदेश र स्थानीय तहका लागि सिफारिस भएका कर्मचारीको सेवा प्रवेश तालिमले निरन्तरता पाए। स्थानीय तहको मागका आधारमा संस्थागत सवलीकरण र शासकीय क्षमता अभिवृद्धिका क्रियाकलाप कार्यान्वयन गरिए।

स्थानीय तहको न्याय निरुपण प्रक्रियामा देखिएका सवाल विषयक संवाद कार्यक्रम, न्यायिक समितिका सदस्यहरुलाई लैङ्गिकमैत्री न्यायप्रणाली र मनोसामाजिक सहयोग सम्बन्धी तालिम, तालिम व्यवस्थापन सूचना प्रणालीको विकास, प्रतिष्ठानका उपलब्धिहरुको डकुमेन्ट्री निर्माण आर्थिक वर्षमा सञ्चालित महत्वपूर्ण कार्यक्रमहरू हुन्।

प्रशिक्षण पद्धतिमा परिवर्तन गर्दै जाने प्रतिष्ठानको नीति बमोजिम Beyond Training को रणनीतिलाई कार्यान्वयन गर्न सार्वजनिक निकायमा कार्यरत कार्यालय सहयोगी, सुरक्षा गार्ड र हलुका सवारी चालकका लागि तयार गरिएको आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure), आर्थिक प्रशासनसँग सम्बन्धित आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को प्रकाशन, जिन्सी प्रशासनसँग सम्बन्धित आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को निर्माण कार्य सम्पन्न भएको छ। हालसम्म प्रतिष्ठानले तीन वटा आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) निर्माण गरेको छ।

कर्मचारीको सेवाशर्त सम्बन्धी विनियमावलीको तर्जुमा र प्रशिक्षण परिषद्‌बाट स्वीकृति भई प्रदेश लोक सेवा आयोगबाट केही स्थायी जनशक्तिको पदपूर्ति भएको, आर्थिक प्रशासन सम्बन्धी विनियमावलीको तर्जूमा आदि संस्थागत पूर्वाधार निर्माणका क्षेत्रमा चालु आ.व.का केही महत्वपूर्ण कार्यहरू हुन्। प्रतिष्ठानले संस्थागत गरेको कार्य प्रक्रिया र सेवा प्रवाह सम्बन्धी नीतिगत व्यवस्थाका लागि ISO

9001:2015 को Internal Audit र Surveillance Audit चालु आ.व. मा सम्पन्न भए र सदस्यता नवीकरण समेत भयो । प्रतिष्ठानको भवन निर्माण र निर्मित संरचनाको मर्मत संभारका कार्यले निरन्तरता पाएका छन् । प्रदेश लोक सेवा आयोगबाट केही मात्रामा प्रतिष्ठानको स्थायी जनशक्ति पदपुर्ति भएको छ । प्रतिष्ठानको प्रशिक्षणलाई प्रभावकारी बनाउनका लागि Smart Board को प्रयोग प्रारम्भ भएको छ भने प्रशिक्षण तथा क्षमता विकासका क्रियाकलापको प्रभावकारी कार्यान्वयन र अभिलेखका लागि Training Management Information System (TMIS) को विकास गरिएको छ । कार्यकारी समितिबाट आर्थिक प्रशासन विनियमावली २०८१ पनि छलफल गरी स्वीकृतिका लागि प्रशिक्षण परिषदमा लैजाने अन्तिम तयारी भएको छ ।

प्रशिक्षण परिषदबाट आर्थिक प्रशासन विनियमावली २०८१ स्वीकृत भएर लागू भएको अवस्थामा प्रतिष्ठानले बजारको मागमा आधारित, साझेदारीमा आधारित तथा योगदानमा आधारित तालिम , अध्ययन तथा परामर्श सेवा प्रवाह गर्न सकिने अवस्था सिर्जना हुनसक्छ । प्रतिष्ठानले हाँसिल गरेका उपलब्धिहरूको जगमा उभिएर यस आ.व.को वार्षिक प्रतिवेदन सार्वजनिक गर्न पाउँदा खुसी लागेको छ । उल्लिखित कार्यहरू सम्पन्न गर्न प्रतिष्ठानलाई निरन्तर दिशानिर्देश गर्नुहुने गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री, प्रशिक्षण परिषद्का सदस्यहरू, कार्यकारी समितिका सदस्यहरू, प्रतिष्ठान परिवार र सम्बद्ध सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

सुरेन्द्रबाबु तिवारी

कार्यकारी निर्देशक

श्रावण, २०८२

# कार्यकारी सारांश

प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने, प्रदेश र स्थानीय तहका विकास कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने, प्रशिक्षणलाई उपयोगी तुल्याउन समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने एवम् संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने उद्देश्यले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत स्थापित प्रतिष्ठानले कार्य प्रारम्भ गरेको चार वर्ष पुराभई पाचौं वर्षमा प्रवेश गरेको छ। यससँगै प्रतिष्ठानको प्रथम रणनीतिक योजना (२०७७।७८-२०८१।८२) कार्यान्वयनको समेत पाँचौं वर्ष पूरा भएको छ।

प्रतिष्ठानको पहिलो रणनीतिक योजना बमोजिम आर्थिक वर्ष २०८१/८२ का लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण गर्ने, क्षमता विकास कार्यक्रमको कार्यान्वयन गर्ने, अध्ययन, अनुसन्धान, बहस र संवादका कार्यक्रम आयोजना गर्ने, गुण व्यवस्थापन प्रणालीका लागि क्ष्इ प्रमाण नवीकरण गर्ने, प्रतिष्ठानको मानव संसाधन विकास गर्ने जस्ता कार्यक्रम तय गरिएको थियो। रणनीतिक योजनमा समावेश गरिएका उल्लिखित क्रियाकलापहरू चालु आ.व. मा कार्यान्वयनमा आएका छन्।

प्रतिष्ठानले संस्थागत विकासको क्रमसँगै आफ्ना गतिविधिहको दायरा फराकिलो बनाउँदै लगिरहेको छ। प्रतिष्ठानमार्फत कार्यान्वयन गरिने कार्यक्रमहरूलाई परिस्कृत र गुणस्तरीय बनाउनका लागि आवश्यक पूर्वाधारहरूको विकास भइरहेको छ। प्रतिष्ठानको संस्थागत विकासका लागि कर्मचारी सेवा सर्त सम्बन्धी विनियमावली प्रशिक्षण परिषद्बाट स्वीकृत भएको छ भने आर्थिक प्रशासन विनियमावली तर्जुमा र आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी दिग्दर्शन स्वीकृत गरिएको छ। प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी र गुणस्तरीय बनाउनका लागि कबचत द्ययबचम को प्रयोग, Training Management Information System को विकास गरी क्षमता विकास कार्यक्रमको व्यवस्थापन र अभिलेखलाई चुस्त बनाउने पद्धतिको सुरुवात, कर्मचारीको डिजिटल हाजिरी, Digital Board आदि चालु आ.व.मा सुरु गरिएका नयाँ अग्रसरताहरू हुन्।

कार्यसम्पादनमा आधारित प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद र ज्ञान व्यवस्थापन प्रतिष्ठानका मुख्य कार्यहरू हुन् । जनप्रतिनिधि र कर्मचारीका लागि क्षमता विकासका कार्यक्रम वर्षैभरी कार्यान्वयन भए। प्रदेश तथा स्थानीय तहका लागि तालिम आवश्यकताको पहिचान र सोका आधारमा वार्षिक कार्यक्रम र बजेट निर्माणको कार्यले निरन्तरता पायो। प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि लामो र छोटो अवधिका ४२ वटा तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन भए। यसबाट कुल १५०८ जनाले चालु आ.व. मा क्षमता विकासको अवसर प्राप्त गरेका छन् ।

गण्डकी प्रदेश लोक सेवा आयोगद्वारा छनौट भई प्रदेश र स्थानीय तहका लागि सीफारिस भएका नवनियुक्त कर्मचारीहरूको सेवा प्रवेश तालिमले चालु आ.व.मा पनि निरन्तरता पायो। यस आ.व.मा सातौं तहका ५४ जना कर्मचारीले १५ दिने सेवा प्रवेश तालिम प्राप्त गरेका छन् भने सातौं तहका १० जना कर्मचारीहरुलाई ३ दिने सेवा प्रवेश अभिमुखीकरण तालिम प्रदान गरिएको छ । यस आ व देखि अधिकृत सातौं तहका नवप्रवेशी कर्मचारीहरुका लागि १५ दिने सेवा प्रवेश तालिम पाठ्यक्रमको विकास र स्वीकृति गरी सेवा प्रवेश तालिम सञ्चालन गरियो। यसबाट जना कर्मचारीहरु लाभान्वित भएकाछन् ।

गत वर्षहरूमा जस्तै यस आ.व. मा समेत प्रदेश र स्थानीय तहमा कार्यरत सहायक र अधिकृतस्तर कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम सञ्चालन भयो । चालु आ.व. मा प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं तहका ६० जना र सहायकस्तरका ६० जना गरी कुल १२० जनाले सेवाकालीन तालिम प्राप्त गरे। प्रतिष्ठानले तयार गरेको सहायक र अधिकृतस्तरका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रम बमोजिम उल्लिखित तालिमहरू सञ्चालन गरिएको थियो। प्रदेश तहमा नै अधिकृतस्तरको सेवाकालीन तालिम सञ्चालन हुँदा कर्मचारीको वृत्ति विकासमा ठुलो योगदान पुगेको छ।

प्रदेश र स्थानीय तहका कर्मचारीका लागि सार्वजनिक खरिद, मध्यमकालीन खर्च संरचना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, कार्यस्थलमा हुने लैङ्गिक हिँसा, लैससास परीक्षण, वित्तीय अनुशासन, मन्त्रिपरिषद्मा पेश गर्ने प्रस्ताव लेखन, विद्युतीय खरिद, सार्वजनिक सम्पत्ति व्यवस्थापन, सामाजिक सुरक्षा तथा पञ्जिकरण, स्थानीय तहको योजना तर्जुमा र अनुगमन, लैङ्गिक उत्तरदायी बजेट, वायोइन्जिनियरिङ जस्ता तालिम सञ्चालन भए। त्यसैगरी, स्थानीय तहका न्यायीक समितिका संयोजकहरूका लागि न्यायीक कार्यसम्पादन र मेलमिलाप, स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति तथा लैङ्गिक हिँसा विरुद्धको आचारसंहिता जस्ता विषयमा प्रशिक्षण तथा अन्तरक्रिया सम्पन्न भए। जिल्ला

समन्वय समितिका पदाधिकारीहरूको क्षमता विकास र सकारात्मक सोच सम्बन्धी तालिम आयोजना गरियो ।

गत आ.व.मा विज्ञ परामर्शदाता परिचालन गरी प्रतिष्ठानद्वारा प्रदान गरिएका क्षमता विकास कार्यक्रमको प्रभावकारिता मूल्याङ्कनको नतिजा प्रकाशन गरी सरोकारवाला समक्ष जानकारी गराउने कार्य चालु आ.व.मा सम्पन्न भयो । क्षमता विकासको क्षेत्रमा प्रतिष्ठानले सुरु गरेको यो महत्वपूर्ण कार्य हो ।

प्रतिष्ठानका प्रशिक्षण, अनुसन्धान र अन्य कार्यलाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम बनाउने उद्देश्यका साथ प्रारम्भ गरिएको गुण व्यवस्थापन प्रणाली संस्थागत भएको छ। चालु आ.व.मा त्यसको Internal Audit र दोस्रो Surveillance Audit सम्पन्न भएका छन् र ३ वर्षको अवधि समाप्त भएकाले नवीकरणको प्रावधान बमोजिम प्रमाणपत्र नवीकरण समेत गरिसकिएको छ । यसलाई नेपालको प्रशिक्षणको इतिहासमा एउटा महत्वपूर्ण उपलब्धिका रुपमा लिइएको छ। यसले प्रतिष्ठानको छविलाई अन्तराष्ट्रियस्तरमा चिनाउने काम समेत गरेको छ। गुण व्यवस्थापन प्रणालीलाई अन्य तालिम प्रदायक संस्थाहरूमा समेत कार्यान्वयन गर्नका लागि प्रतिष्ठानले सहजीकरण गरेको छ।

सवाल केन्द्रित संवाद कार्यक्रमले यस वर्ष पनि निरन्तरता पायो । चालु आ.व.मा एक वटा सवाल केन्द्रित संवाद कार्यक्रम आयोजना भयो । स्थानीय तहमा न्याय निरुपण प्रक्रियामा देखिएका सवाल विषयमा संवाद कार्यक्रम सम्पन्न भयो । न्यायिक समितिका पदाधिकारी तथा न्यायिक सहजकर्ताको सहभागितामा दुई चरणमा यो कार्यक्रम सम्पन्न भयो ।

प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाहरूमा प्रशिक्षणका आधारभूत विधि र प्रक्रिया सम्बन्धी ज्ञान र सीप प्रदान गरी प्रदेशमा सञ्चालन गरिने सबै किसिमका तालिमको न्यूनतम आधारभूत मापदण्ड र गुणस्तर कायम गर्न सहयोग गर्ने अभिप्रायले गत वर्षदेखि प्रारम्भ गरिएको प्रशिक्षकहरूको पेशागत दक्षता विकास कार्यक्रम यस वर्ष समेत कार्यान्वयन भयो । यसले तालिम प्रदायक संस्थाहरूलाई Instructional Design पद्धतिका आधारमा तालिम कार्यक्रमको तयारी र कार्यान्वयन गर्न ठूलो टेवा पुगेको छ।

प्रतिष्ठानको भवन निर्माणको कार्य निरन्तर रुपमा अगाडि बढिरहेको छ। पुराना संरचनाको मर्मत संभार र कार्यालय परिषरको सौन्दर्यकरणको कार्य निरन्तर रुपमा अगाडि बढे । राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण र प्रतिष्ठानको मानव संसाधन विकास जस्ता कार्यक्रमहरू योजना अनुसार नै कार्यान्वयनमा आए ।

चालु आ.व.मा UNDP लगाएतका दातृ निकाय र विकास साझेदारहरूले प्रतिष्ठानको अवलोकन र

प्रतिष्ठानद्वारा सम्पादित कार्यक्रमको बारेमा जानकारी लिए । कर्णाली प्रदेश तथा बागमती प्रदेशका प्रशक्षिण प्रतिष्ठानबाट यस प्रतिष्ठानको अवलोकन भ्रमण सम्पन्न भयो ।

प्रतिष्ठानमा कार्यरत कर्मचारीका लागि सिकाइ आदान प्रदान कार्यक्रम आयोजना गरी अन्य प्रदेशका असल अभ्यासबाट सिक्ने अवसर प्रदान गरियो भने विभिन्न विषयगत तालिमहरूमा प्रतिष्ठानका कर्मचारीहरूले सहभागिता जनाए । ज्ञान केन्द्रको स्थापना, डाटा बैंक र सर्भर प्रणालीको कार्यान्वयन, प्रशिक्षणका लागि आवश्यक उपकरण खरिद र तालिम कक्षको मर्मत संभार, अवलोकन भ्रमणमा आउने आगन्तुकहरूसँगको अन्तरक्रिया आदि यस आर्थिक वर्षमा सम्पादन गरिएका थप कार्यहरू हुन् ।

प्रशिक्षण पद्धतिमा परिवर्तन गर्दैजाने प्रतिष्ठानको नीति बमोजिम Beyond Training को रणनीतिलाई कार्यान्वयन गर्न तयार गरिएको सार्वजनिक निकायको आर्थिक प्रशासनसँग सम्बन्धित आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को प्रकाशन र वितरण, सार्वजनिक निकायका जिन्सी शाखामा रहेर काम गर्ने कर्मचारीलाई लक्षित गरी जिन्सी प्रशासनसँग सम्बन्धित आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को निर्माण कार्य सम्पन्न भएको छ । यसलाई विद्यमान प्रशिक्षणको आयाममा परिवर्तन र क्षमता विकासमा नयाँ प्रयोगको रुपमा लिइएको छ ।

असार २०८२ मा प्रदेश लोक सेवा आयोगबाट २ जना निर्देशक, ३ जना अधिकृत र १ जना सूचना प्रविधि सहायक गरी ६ जना जनशक्ति उपलब्ध भई प्रतिष्ठानमा कार्यरत रहेका छन् । ISO resertification को कार्य पनि सम्पन्न भएको छ ।

जनशक्ति, पूर्वाधार र कार्यसञ्चालन पद्धति संस्थागत विकासका तीन महत्वपूर्ण आधारस्तम्भहरू हुन् । स्थापनाको छोटो अवधिमा नै उपरोक्त कार्यहरूको जग बसाल्ने कामसँगै प्रतिष्ठान संस्थागत विकासको बाटोमा अगाडि बढेको छ । प्रतिष्ठानको स्थापनादेखि हालसम्म सञ्चालित क्रियाकलापहरूले संस्थागत विकासको मजवुत आधार निर्माण गरेका छन् । हालसम्मका उपलब्धिले प्रतिष्ठानलाई मानव संसाधन विकासको क्षेत्रमा प्रदेश तहमा एउटा भरपर्दो संस्थाका रुपमा परिचित गराउने काम मात्र गरेका छैनन् आगामी दिनहरूमा प्रतिष्ठानलाई थप उचाईमा पुऱ्याउने आधार समेत खडा गरेका छन् ।

# विषयसूची


| शीर्षक | पेज नं. |
|---|---|
| परिच्छेद १ : परिचय | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ क्षमता विकासको सन्दर्भ र प्रतिष्ठानको औचित्य | २ |
| १.३ प्रतिवेदनको संरचना | ३ |
| परिच्छेद-२ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र कार्यक्रम | ५ |
| २.१ दीर्घकालीन सोच ९खष्कक्षयल० | ५ |
| २.२ ध्येय ९:ष्ककष्यल० | ५ |
| २.३ संस्थागत मान्यता ९ऋयचभ ख्बगिभक० | ५ |
| २.४ प्रशिक्षणका सिद्धान्त ९द्यभष्भिा० | ६ |
| २.५ प्रतिष्ठानका उद्देश्य ९इदवभअतषखभक० | ६ |
| २.६ प्रशिक्षण सम्बन्धी नीति | ६ |
| २.७ प्रतिष्ठानका प्रमुख कार्य | ६ |
| २.८ क्षमता विकास कार्यक्रम कार्यान्वयनको अवधारणा | ७ |
| २.९ रणनीतिक योजनाको सारसंक्षेप | ९ |
| २.१० संस्थागत संरचना | १४ |
| परिच्छेद-३ विगत आ.व.हरूको प्रगति समीक्षा | १७ |
| परिच्छेद-४ आ.व.२०८१/८२ को प्रगति | २९ |
| ४.१ आ.व. २०८१/८२ को योजना | २९ |
| ४.२ आ.व.२०८१/८२ को बजेट तथा कार्यक्रम | ३० |
| ४.३ आ.व. २०८१/८२ को प्रगति | ३३ |
| (क) प्रशिक्षण कार्यक्रम | ३५ |
| (ख) सवाल केन्द्रित संवाद | ६२ |

| | |
|---|---|
| (ग) अध्ययन तथा अनुसन्धान | ६३ |
| (घ) ज्ञान व्यवस्थापन | ६३ |
| (ङ) संस्थागत विकास र मानव संसाधन | ६५ |
| परिच्छेद - ५ आ.व. २०८१/८२ को आर्थिक प्रतिवेदन | ७८ |
| परिच्छेद - ६ आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम | ८५ |
| परिच्छेद - ७ समस्या, चुनौति र आगामी दिनको कार्यदिशा | ९० |
| ७.१ समस्या र चुनौति | ९० |
| ७.२ समस्या समाधानका लागि चालिएका कदम | ९१ |
| ७.३ निष्कर्ष | ९१ |
| ७.४ आगामी दिनको कार्यदिशा | ९३ |

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

सङ्घीयताको कार्यान्वयनपश्चात स्थापित प्रदेश र स्थानीय तह संस्थागत विकासको प्रारम्भिक चरणमा नै छन् । तहगत सरकारका एकल र साझा अधिकारका क्षेत्र अझै पूर्णरुपमा कार्यान्वयनमा आउन सकेका छैनन् । प्रदेश र स्थानीय तहको संस्थागत विकासका लागि भौतिक पूर्वाधार र आवश्यक कानूनको प्रवन्ध, जनशक्तिको व्यवस्था तथा सेवा प्रवाहका लागि आवश्यक आधारभूत मापदण्ड र कार्यप्रणालीको स्थापनाले अझै मुर्तरुप लिन सकेका छैनन् । बदलिएको शासकीय संरचना मुताविकका सेवा प्रवाहका लागि उपलब्ध जनशक्तिको कार्यक्षमताको विकास र निर्वाचित जनप्रतिनिधिहरूले निर्वाह गर्नुपर्ने भूमिकाका लागि कार्यदक्षताको अभिवृद्धि प्राथमिकताका विषय हुन् ।

तालिम तथा प्रशिक्षण क्षमता विकासको एउटा महत्वपूर्ण औजारको रुपमा संसारभरी नै प्रचलित छ । सङ्घीयताको कार्यान्वयनले सिर्जना गरेका तहगत सरकार र तिनका अधिकार क्षेत्रको संवैधानिक व्यवस्थाले निर्वाचित पदाधिकारी र कर्मचारीका लागि क्षमता विकासका कार्यक्रमहरूको आवश्यकतालाई झनै बढाईदिएका छन् । सङ्घीयताको लाभ जनताको घरदैलोसम्म पुऱ्याउन र सरकार प्रति जनताको विश्वासमा अभिवृद्धि गर्न कार्यसम्पादनमा आधारित प्रशिक्षण र नतिजा केन्द्रित क्षमता विकासका कार्यक्रम मार्फत निर्वाचित पदाधिकारी र कर्मचारीको कार्यदक्षतामा अभिवृद्धि जरुरी छ ।

यसै परिप्रेक्ष्यमा प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीको क्षमता विकास, प्रदेश सरकार र स्थानीय तहका विकास र सुशासन प्रवर्द्धनका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेश अन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने अभिप्रायले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत गण्डकी प्रदेश सरकारको एउटा स्वायत्त संस्थाका रुपमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो । प्रतिष्ठानको स्थापना प्रदेश र स्थानीय तहको मानव संसाधन विकासका निम्ति गण्डकी प्रदेश सरकारले लिएको दूरगामी महत्वको महत्वपूर्ण अग्रसरता हो ।

प्रतिष्ठानले कार्य प्रारम्भ गरेको छ वर्ष पुरा भएको छ । कार्यसम्पादनमा आधारित प्रशिक्षणमार्फत जनप्रतिनिधि र कर्मचारीको सेवा प्रवाहको गुणस्तरमा सुधार गर्ने तथा अध्ययन, अनुसन्धान, संवाद र ज्ञान व्यवस्थापनका माध्यमबाट प्रदेश सरकार तथा स्थानीय तहहरूलाई नीतिगत पृष्ठापोषण गर्ने

काममा प्रतिष्ठान निरन्तर क्रियाशिल छ। प्रदेश र स्थानीय तहमा निर्वाचित भई आउने पदाधिकारीहरू र कार्यरत कर्मचारीका लागि नियमित रुपमा सञ्चालन गर्नुपर्ने क्षमता विकासका कार्यक्रमको प्रदेशस्तरबाट नै व्यवस्था गरिनु सङ्घीयताका सन्दर्भमा महत्वपूर्ण उपलब्धि समेत हो ।

प्रतिष्ठानले सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तह निर्माणका लागि कार्यसम्पादनमा आधारित प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद, मागमा आधारित परामर्श सेवा र ज्ञान व्यवस्थापनका क्रियाकलापहरूको माध्यमद्वारा निरन्तर रुपमा योगदान गर्दै आइरहेको छ। प्रशिक्षणलाई प्रशिक्षार्थीको कार्यविवरणसँग आवद्ध गराई सम्बन्धित संस्थाको समग्र कार्यसम्पादनमा सुधार गरी क्षमता विकास कार्यक्रमको सही मूल्य (best value for money) सुनिश्चित गराउने कार्यलाई प्रतिष्ठानले मूल मान्यताका रुपमा अगाडि सारेको छ।

प्रशिक्षण त्यस्तो एउटा प्राविधिक र वैज्ञानिक विषय हो जसमा नवप्रवर्तन र निरन्तरको सिकाइले सर्वाधिक महत्व राख्दछ। त्यसैले, प्रशिक्षणलाई उपयोगी र प्रभावकारी बनाउनका लागि विद्यमान प्रशिक्षण प्रणालीमा सुधारको आवश्यकता छ । उक्त वास्तविकतालाई मध्यनजर गरी प्रतिष्ठानले प्रशिक्षार्थीको प्रशिक्षण आवश्यकताको पहिचान, प्रशिक्षण आवश्यकता विश्लेषणका आधारमा प्रशिक्षण कार्यक्रमको डिजाइन र प्रशिक्षण सामग्रीहरू निर्माण, प्रशिक्षणको सहजीकरणका लागि उपयुक्त प्रशिक्षकको व्यवस्था, सहभागीको स्तरका आधारमा प्रशिक्षणका विधिहरूको चयन, प्रशिक्षणको विभिन्न तहमा गरिनुपर्ने मूल्याङ्कनका लागि मूल्याङ्कनका औजारहरूको विकास र प्रयोग, प्रशिक्षणपश्चात् प्रशिक्षणको कार्यान्वयनको सुनिश्चितताका लागि फलोअप वा अनुगमन, प्रशिक्षणले व्यक्ति वा संस्थाको कार्यसम्पादनमा पारेको प्रभावको लेखाजोखाका लागि प्रभाव मूल्याङ्कन जस्ता कार्यहरूलाई वैज्ञानिक हिसाबले प्रशिक्षण प्रणालीमा अवलम्बन गर्दै आइरहेको छ। त्यसैगरी, क्षमता विकासको वर्तमान पद्धतिमा क्रमिक रुपमा परिवर्तन गर्दै जानु पर्ने आवश्यकतालाई आत्मसात गरी प्रतिष्ठानले क्षमता विकासका वैकल्पिक र प्रभावकारी माध्यमहरूको विकास र प्रयोगको सुरुवात गरेको छ।

## १.२ क्षमता विकासको सन्दर्भ र प्रतिष्ठानको औचित्य

राज्यद्वारा प्रदान गरिने सेवालाई गुणस्तरीय, पारदर्शी, प्रभावकारी र लागतप्रभावी बनाउनका लागि निर्वाचित पदाधिकारीहरू एवम् कार्यरत कर्मचारीको कार्यदक्षताले महत्वपूर्ण भूमिका खेल्दछ। राज्य वा सरकार सञ्चालन अविछिन्न रुपमा अगाडि बढ्ने प्रक्रिया हो। आवधिक निर्वाचनको माध्यमद्वारा छनौट भएका जनताका प्रतिनिधिहरूले नीति निर्माणमा योगदान गर्नु र जनप्रतिनिधिले गरेका निर्णयलाई कर्मचारी संयन्त्रले कार्यान्वयन गर्नु राज्य सञ्चालनको सामान्य अभ्यास हो। उक्त प्रक्रियामा क्षमता

विकासका क्रियाकलापले महत्व राख्दछन् । राज्यद्वारा प्रदान गरिने सेवालाई गुणस्तरीय, पारदर्शी, प्रभावकारी र लागतप्रभावी बनाउनका लागि निर्वाचित पदाधिकारीहरू एवम कार्यरत कर्मचारीको कार्यदक्षताले महत्वपूर्ण भूमिका खेल्दछ ।

देशको कुल क्षेत्रफलको २१,९७४ वर्ग कि.मि.(१४.६७ प्रतिशत) भूभागमा फैलिएको गण्डकी प्रदेश भित्र ११ जिल्ला, ८५ वटा स्थानीय तह (१ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका) र ११ वटा जिल्ला समन्वय समिति) रहेका छन् । ८५ वटा स्थानीय तहमा निर्वाचित र मनोनित जनप्रतिनिधिहरूको कुल संख्या ४ हजार ५ सय भन्दा बढी छ भने ६० जना प्रदेश सभा सदस्य रहेको यस प्रदेशमा ९९ जना जिल्ला समन्वय समितिका सदस्यहरू कार्यरत छन् । प्रदेश अन्तर्गतका मन्त्रालय र मातहतका कार्यालय, विभिन्न आयोग, प्रतिष्ठान लगायतका निकाय र स्थानीय तहमासमेत गरी ठुलो सङ्ख्याका कर्मचारीहरूले सेवा प्रवाह गरिरहेका छन् ।

प्रदेश र स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता विकास गर्ने, प्रदेश सरकार र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा योगदान गर्ने, प्रदेश सरकार र स्थानीय तहका योजना तथा प्राथमिकताहरूको कार्यान्वयनमा सहयोग गर्ने एवम् अध्ययन तथा अनुसन्धानका माध्यमबाट प्रदेश सरकार र स्थानीय तहलाई नीतिगत पृष्ठपोषण गर्ने कार्यका लागि प्रदेश सरकारको एउटा स्वायत्त संस्थाको आवश्यकतालाई प्रतिष्ठानले पुरा गरेको छ ।

प्रदेश र स्थानीय तहका लागि आवश्यक जनशक्ति प्रदेश लोक सेवा आयोगमार्फत छनौट गर्ने कार्य प्रारम्भ भइसकेको वर्तमान अवस्थामा सार्वजनिक सेवामा प्रवेश गरेका कर्मचारीको क्षमता विकास प्रतिष्ठानको महत्वपूर्ण जिम्मेवारीका रुपमा अगाडि आएको छ । प्रदेश र स्थानीय तहका विकास प्राथमिकतामा सहयोग पुग्ने गरी प्रशिक्षण र अनुसन्धानका क्रियाकलापलाई केन्द्रित गराई ती निकायको समग्र कार्यसम्पादन र सेवा प्रवाहमा सुधार ल्याउने काममा योगदान गर्ने कार्यमा प्रतिष्ठान क्रियाशील छ ।

प्रतिष्ठानले प्रशिक्षण, अध्ययन तथा अनुसन्धान, नीतिगत संवाद र मानव संसाधन तथा संस्थागत विकासका क्षेत्रमा आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका मुख्य मुख्य कार्यहरूलाई समावेश गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## १.३ प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदनलाई ७ वटा परिच्छेदमा वर्गिकरण गरिएको छ । पहिलो खण्डमा प्रतिष्ठानको पृष्ठभूमी र क्षमता विकासको सन्दर्भका बारेमा उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा प्रतिष्ठानको दीर्घकालीन

सोच, लक्ष्य, उद्देश्य, रणनीति र  कार्यक्रम उल्लेख गरिएको छ भने तेस्रो परिच्छेदमा विगत आ.व.हरूमा सम्पादन गरिएका कार्यक्रमहरूको समीक्षा गरिएको छ। चौथो परिच्छेदमा आ.व. २०८१/८२ को प्रगति विवरण समावेश गरिएको छ भने पाँचौं परिच्छेदमा चालु आ.व. को आर्थिक विवरण र भौतिक प्रगति उल्लेख गरिएको छ। छैटौं परिच्छेदमा आ.व. २०८२/८३ को योजना प्रस्तुत गरिएको छ भने सातौं परिच्छेदमा निष्कर्ष प्रस्तुत गरिएको छ।

# परिच्छेद-२ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र कार्यक्रम

प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आवद्ध गर्ने, प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको कार्यसम्पादनसँग आवद्ध गर्ने एवम् प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र स्थानीय तहको विकास कार्यक्रमसँग आवद्ध गर्ने उद्देश्यका साथ स्थापना भएको प्रतिष्ठानको मार्गचित्र तथा भावि कार्यदिशा तल उल्लेख गरिएको छ।

## २.१ दीर्घकालीन सोच (Vision)

"सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तहका लागि उत्कृष्ट प्रतिष्ठान (Center of Excellence)" संस्थाको दीर्घकालीन सोच रहेको छ। प्रतिष्ठान Quality Autria बाट ISO 9001:2015 Certified Academy का रुपमा स्थापित भएको छ भने International Quality Network को सदस्य बन्न सफल भएको छ।

## २.२ ध्येय (Mission)

"गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद र मागमा आधारित परामर्श सेवाको माध्यमद्वारा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारी एवम् जनप्रतिनिधिहरूको दक्षतामा अभिवृद्धि" संस्थाको ध्येय रहेको छ।

## २.३ संस्थागत मान्यता (Core Values)

"इमानदारिता, व्यावसायिकता र नवप्रवर्तन" (Integrity, Professionalism and Innovation) प्रतिष्ठानका संस्थागत मान्यता हुन्।

### Quality Policy

We commit to continuously provide excellent and innovative training solutions, anchored on the principles of changing behaviour and improving performance, to satisfy the current and emerging needs of our stakeholders and conform to global management system standards.

We adhere to our core values of integrity, professionalism and innovation, and are committed to continuously improve the effectiveness of Quality Management System.

### गुण नीति

सरोकारवालाहरूको वर्तमान र उदीयमान प्रशिक्षण आवश्यकताहरू पूरा गर्न एवम् विश्वव्यापी व्यवस्थापन प्रणालीका मापदण्डहरू अनुरूप व्यवहारमा परिवर्तन र कार्यसम्पादन सुधारको सिद्धान्तमा आधारित उत्कृष्ट र नवीन प्रशिक्षण समाधानहरू प्रदान गर्न हामी प्रतिबद्ध छौं।

हामी ईमानदारीता, व्यावसायिकता र नवप्रवर्तनको मूल मान्यताको पालना गर्छौं र गुणस्तर व्यवस्थापन प्रणालीको प्रभावकारितालाई निरन्तर सुधार गर्न प्रतिबद्ध छौं।

## २.४ प्रशिक्षणका सिद्धान्त (Belief)

“व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधार”को सिद्धान्तलाई अवलम्बन गरी प्रतिष्ठानले आफ्ना क्षमता विकासका कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ ।

## २.५ प्रतिष्ठानका उद्देश्य (Objectives)

(क) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको लागि आवश्यक पर्ने संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगाएतका विषयमा व्यावसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने ।

(ख) प्रदेशको विकास कार्यक्रममा सघाउ पुऱ्याउन प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी वनाउन आवश्यक कार्य गर्ने ।

(ग) प्रशिक्षणलाई वढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

(घ) संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने ।

## २.६ प्रशिक्षण सम्बन्धी नीति

ऐनले प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण सम्बन्धी नीति देहायवमोजिम हुने गरी व्यवस्था गरेको छ ।

(क) प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आवद्ध गर्ने ।

(ख) प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको व्यवसायिक ज्ञान, सीप र क्षमता वृद्धि गर्ने ।

(ग) प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र संस्थानको विकास कार्यक्रमसँग आवद्ध गर्ने ।

(घ) प्रशिक्षणलाई कर्मचारीको वृत्ति विकाससँग आबद्ध गर्ने ।

## २.७ प्रतिष्ठानका प्रमुख कार्य

प्रतिष्ठानले ऐनको परिधिभित्र रही देहाय बमोजिमका क्रियाकलापमा केन्द्रित हुनेगरी आफ्नो कार्यक्षेत्र निर्धारण गरेको छ ।

(क) कार्यसम्पादनमा आधारित प्रशिक्षण

(ख) समस्या केन्द्रित अध्ययन तथा अनुसन्धान

(ग) सवाल केन्द्रित संवाद


(घ) मागमा आधारित परामर्श सेवा

(ङ) ज्ञान व्यवस्थापन

## २.८ क्षमता विकास कार्यक्रम कार्यान्वयनको अवधारणा

प्रतिष्ठानले क्षमता विकासका क्रियाकलाप निश्चित सैद्धान्तिक धरातलमा आधारित रही सञ्चालन गर्नु पर्दछ भन्ने मान्यता राख्दछ । त्यसैले, शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि शैक्षिक योजना (Instructional Design) को मोडल अवलम्बन गर्दै आइरहेको छ ।

क्षमता विकास आवश्यकताको पहिचान र सोका आधारमा तालिमको योजना एवम् पाठ्यक्रम तयार गर्ने, तालिम पाठ्यक्रमको आधारमा तालिम सामग्रीको विकास गर्ने, निर्मित सामग्रीको प्रयोग गरी तालिम सञ्चालन गर्ने र तालिमका विषयवस्तुको प्रयोगको सुनिश्चितताका लागि फलोअप र अनुगमन गर्ने एवम् तालिम कार्यक्रमको प्रभावकारिताका लागि तालिमको मूल्याङ्कन गर्ने पद्धतिलाई प्रतिष्ठानले अङ्गिकार गरेको छ । प्रतिष्ठानले अवलम्बन गरेको प्रशिक्षण कार्यक्रमको मोडल तल उल्लेख गरिएको छ ।



Instructional Design Principle मा आधारित ADDIE (Analysis, Design, Development, Implementation and Evaluation) मोडल कार्यसम्पादनमा आधारित प्रशिक्षणको नविनतम अवधारणा हो । उक्त मोडलको अनुसरण गरी प्रतिष्ठानका प्रशिक्षण–सिकाइ गतिविधि कार्यान्वयन गरिन्छ । तालिम कार्यक्रमलाई व्यवहारिक, नतिजामूलक र प्रशिक्षार्थीको कार्यसम्पादनसँग आवद्ध गराउने उद्देश्य प्राप्तिका लागि प्रतिष्ठानले अवलम्बन गर्दै आइरहेको छ प्रक्रियालाई तलको चार्टमा उल्लेख गरिएको छ ।

कुनै पनि प्रशिक्षणको प्रभावकारिता त्यसको व्यवहारिक कार्यान्वयनले निर्धारण गर्दछ । परम्परागत प्रशिक्षण अन्तर्गत प्रशिक्षणपश्चात प्रशिक्षार्थीले प्रशिक्षणको सिकाइलाई कार्यान्वयनमा ल्याए-नल्याएको बारे फलोअप गर्ने प्रचलनको कमी छ। तर, जबसम्म प्रशिक्षणका सहभागीहरूले प्रशिक्षणको सिकाइलाई आफ्नो कार्यस्थलमा व्यवहारिक रुपमा प्रयोगमा ल्याउँदैनन् र सिकाइको व्यवहारिक प्रयोगको परिणामस्वरुप संस्थाको समग्र कार्यसम्पादनमा सुधार आउन सक्दैन, तबसम्म प्रशिक्षणमा खर्च भएको साधन र श्रोतको अर्थ रहँदैन । त्यसकारण, प्रशिक्षणलाई प्रभावकारी बनाउन प्रशिक्षण पश्चातको सहयोग, प्रशिक्षण कार्यान्वयनको अनुगमन र प्रशिक्षणले समग्र कार्यसम्पादनमा पारेको प्रभाव मूल्याङ्कनको पद्धतिलाई प्रतिष्ठानले अवलम्बन गरेको छ। यो नै परम्परागत प्रशिक्षण पद्धतिमा ल्याइएको महत्वपूर्ण परिवर्तन हो ।

प्रतिष्ठानले प्रशिक्षण पद्धतिमा परिवर्तन गर्दै जाने रणनीति अवलम्बन गरेको छ । तात्कालिन प्राथमिकताका रुपमा सुधारिएको प्रशिक्षणमार्फत क्षमता विकास र सुशासन प्रवर्द्धनका कार्यहरू गरिने भएता पनि प्रदेश र स्थानीय तहको शासकीय क्षमतामा अभिवृद्धि हुँदै जाँदा क्षमता विकासका परिस्कृत माध्यमहरूको अवलम्बन गर्नु पर्ने कुरामा प्रतिष्ठान विश्वास गर्दछ। यसका लागि प्रतिष्ठानले On- Site Coaching, आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को निर्माण, प्रशिक्षणको फलोअप, कार्य-सहयोगी सामग्री अर्थात् Job Aid को निर्माण जस्ता कार्यहरू प्रारम्भ गरिसकेको छ।

प्रशिक्षण नितान्त प्राविधिक विषय हो। यो आफैंमा मानव मनोविज्ञानसँग जोडिएको विषय पनि हो। त्यसकारण यसलाई निश्चित पद्धति अन्तर्गत सञ्चालन र व्यवस्थापन गरिनु पर्दछ । प्रशिक्षणलाई व्यवहारिक बनाउनु पर्ने चुनौति त छँदैछ त्यसका अलावा प्रशिक्षणका दौरान हस्तान्तरण गरिएका सीप र ज्ञानलाई दैनन्दिनको काममा प्रयोगमा आउने कुराको सुनिश्चितता पनि आवश्यक छ। त्यहि वास्तविकतालाई आत्मसात गरी प्रतिष्ठानले "व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधार" को सैद्धान्तिक मान्यतालाई पालना गरी क्षमता विकासका कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

## २.९ रणनीतिक योजनाको सारसंक्षेप

प्रतिष्ठानले आफ्नो प्रथम रणनीतिक योजनाका पाँच वर्षलाई कार्यक्रमीक हिसावले निम्न अनुसार प्राथमिकिकरण गरेको छ।

### प्रतिष्ठानका वर्ष कार्यक्रम (२०७७।७८-२०८१।८२)

| आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
|---|---|---|---|---|
| पूर्वाधार तयारी वर्ष | संस्थागत विकासको वर्ष | कार्यक्रम कार्यान्वयनको वर्ष | समन्वय साझेदारी निर्माणको वर्ष | दीगोपना र आत्मानिर्भरताको वर्ष |

नतिजा खाकामा आधारित रणनीतिक योजनाको सारसंक्षेप तल उल्लेख गरिएको छ।

## रणनीतिक योजनाको सारसंक्षेप

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| १. प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारी तथा कार्यरत कर्मचारीको क्षमता विकासका लागि व्यवहारिक प्रशिक्षण सञ्चालन गर्ने । | १.१ प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको कार्यसम्पादन स्तर बृद्धिको माध्यम बनाउने । | १.१.१ प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको क्षमता विकासका लागि तालिमका आवश्यकता पहिचान गर्ने ।<br>१.१.२ क्षमता विकास तालिमका लागि तालिम सामग्रीको निर्माण गर्ने ।<br>१.१.३ आवश्यकता पहिचानका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>१.१.४ तालिम कार्यक्रमको प्रभावकारी प्रयोगका लागि फलोअप, कार्यस्थलको सहयोग, अनुगमन गर्ने ।<br>१.१.५ तालिम कार्यक्रमको मूल्याङ्कन गर्ने । | १. प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको क्षमता विकासका लागि तालिमका आवश्यकता पहिचान सम्बन्धी अध्ययन ।<br>२. तालिम सामग्रीको निर्माण ।<br>३. स्थानीय तहका पदाधिकारीको क्षमता विकास तालिम ।<br>४. प्रदेश सभाका सदस्यको क्षमता विकास तालिम ।<br>५. प्रदेश सरकारका पदाधिकारीको क्षमता विकास तालिम<br>६. मनोनित र नियुक्त पदाधिकारीको क्षमता विकास तालिम<br>७. तालिमको फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन ।<br>८. तालिम कार्यक्रमको मूल्याङ्कन । | १. प्रदेश तथा स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको तालिम आवश्यकता पहिचान भएको हुने ।<br>२. तालिम सामग्री निर्माण भएको हुने ।<br>३. प्रदेश तथा स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारी हरूको क्षमता विकासका लागि तालिम सञ्चालन भएका हुने ।<br>४. तालिम कार्यक्रमको प्रभावकारी प्रयोगको सुनिश्चितताका लागि फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन भएको हुने ।<br>५. तालिम कार्यक्रमको प्रभाबकारिता मूल्याङ्कन भएको हुने । |


| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| | १.२ प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा बिकास गर्ने । | १.२.१ कर्मचारीको क्षमता विकासका लागि तालिम आवश्यकताको पहिचान गर्ने ।<br>१.२.२ क्षमता विकास तालिमका तालिम सामग्रीको निर्माण गर्ने ।<br>१.२.३ क्षमता विकास आवश्यकता पहिचानका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>१.२.४ तालिम कार्यक्रमको प्रभावकारी प्रयोगका लागि फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन गर्ने ।<br>१.२.५ तालिम कार्यक्रमको प्रभाबकारिता मूल्याङ्कन गर्ने । | १. कर्मचारीको क्षमता विकासका लागि तालिम आवश्यकताको पहिचान सम्बन्धी अध्ययन ।<br>२. तालिम सामग्रीको निर्माण ।<br>३. तालिम पाठ्यक्रम निर्माण ।<br>४. सहायकस्तरका कर्मचारीको सेवा प्रवेश तालिम ।<br>५. सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम ।<br>६. सहायकस्तरका कर्मचारीको क्षमता विकास तालिम ।<br>७. अधिकृतस्तरका कर्मचारीको सेवा प्रवेश तालिम ।<br>८. अधिकृतस्तरका कर्मचारीको सेवाकालीन तालिम ।<br>९.अधिकृतस्तरका कर्मचारीको क्षमता विकास तालिम ।<br>१०. तालिमको फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन ।<br>११. तालिम कार्यक्रमको मूल्याङ्कन । | १. प्रदेश तथा स्थानीय तहका सहायक तथा अधिकृत स्तरका कर्मचारीहरूका तालिम आवश्यकता पहिचान भएको हुने ।<br>२. तालिम सामग्री निर्माण भएका हुने ।<br>३. प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारी हरूको क्षमता विकासका लागि तालिम सञ्चालन भएका हुने ।<br>४. तालिम कार्यक्रमको प्रभावकारी प्रयोगको सुनिश्चितताका लागि  कार्यस्थलमा सहयोग र अनुगमन भएको हुने ।<br>५. तालिम कार्यक्रमको प्रभाबकारिता मूल्याङ्कन भएको हुने । |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| २. प्रदेश सरकार तथा स्थानीय तहका कार्य सम्पादन अभिवृद्धि गर्न क्षमता बिकास सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने । | २.१ अध्यन तथा अनुसन्धानलाई नयाँ ज्ञानको सिर्जना र भईरहेको ज्ञान परिस्कृतगर्नेपद्धतिको रुपमा विकास गर्ने । | २.१.१ समस्या केन्द्रित अध्ययन अनुसन्धान गर्ने ।<br>२.१.२ अध्ययन अनुसन्धान सम्बन्धी अनुभव आदान प्रदान गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठी आयोजना गर्ने ।<br>२.१.३ अनुसन्धानका प्रतिवेदन प्रकाशित गर्ने । | १. क्षमता बृद्धि सम्बन्धी समस्या केन्द्रित अध्ययन अनुसन्धान ।<br>२. राष्ट्रियस्तरका अनुभव आदान प्रदान गोष्ठी<br>३. अन्तर्राष्ट्रियस्तरका अनुभव आदान प्रदान गोष्ठी ।<br>४. अध्ययन अनुसन्धान र गोष्ठीका प्रतिवेदन प्रकाशन । | १. क्षमता बृद्धि सम्बन्धी समस्या केन्द्रित अनुसन्धान भएका हुने ।<br>२. राष्ट्रि तथा अन्तर्राष्ट्रियस्तरका अनुभव आदान प्रदान गोष्ठी आयोजना भएका हुने ।<br>३. अध्ययन अनुसन्धान र गोष्ठीका प्रतिवेदन प्रकाशन भएका हुने । |
| | २.२ अध्ययन तथा अनुसन्धान लाई प्रदेश सरकार र स्थानीय तहका नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउने माध्यमको रुपमा विकास गर्ने । | २.२.१ राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका गोष्ठी बाट आएका अनुभवले नीति तथा कार्यक्रममा पृष्ठपोषण गर्ने पद्धतिको बिकास गर्ने । | १. अध्ययन तथा अनुसन्धान बाट आएका नतिजा बारे छलफल ।<br>२ अध्ययन तथा अनुसन्धान बाट आएका नतिजा नीति तथा कार्यक्रम तर्जुमामा उपयोग । | १ अध्ययन तथा अनुसन्धानका नतिजा बारे छलफल भएका हुने ।<br>२ अध्ययन तथा अनुसन्धान बाट आएका नतिजा नीति तथा कार्यक्रम तर्जुमामा उपयोग भएका हुने । |
| ३. प्रतिष्ठानलाइ उत्कृष्ठ तालिम केन्द्रको रुपमा बिकास गर्ने । | ३.१ प्रतिष्ठानको सङ्गठन संरचना निर्माण गरी मानव संसाधनको विकास गर्ने । | ३.१.१ प्रतिष्ठानमा उत्कृष्ठ प्रशिक्षक द्वारा पठन पाठन र अध्ययन तथा अनुसन्धान गर्ने । | १. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण ।<br>२. उत्कृष्ठ प्रशिक्षक तथा कर्मचारीको पदपुर्ति ।<br>३. प्रशिक्षक तथा कर्मचारीको अभिमुखीकरण र क्षमता विकास । | १. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार भएको हुने ।<br>२. प्रतिष्ठानमा उत्कृष्ठ जनशक्तिको पदपुर्ति भएको हुने ।<br>३. प्रशिक्षक तथा कर्मचारीको क्षमता विकास भएको हुने । |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| | | ३.१.२ प्रतिष्ठानलाइ उत्कृष्ठ ज्ञान केन्द्रको रुपमा विकास गर्ने । | १.कार्यालय भवन निर्माण ।<br>२.संरचनाहरूको मर्मत संभार ।<br>३. ध्भदकष्तभ निर्माण ।<br>४. प्रतिष्ठानका लागि आवश्यक नीति, नियम, कानून, कार्यविधि निर्माण ।<br>५. क्ष्कइ प्रमाणपत्र प्राप्तिका लागि आवश्यक कार्य ।<br>६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संस्थासँग कार्यगत सम्बन्ध स्थापना ।<br>७. अध्ययन अनुसन्धान र मूल्याङ्कनका नतजिा अन्तर्राष्ट्रिय एभभच च्भखष्भध व्यगचलर्बा मा प्रकासन ।<br>८.ज्ञान केन्द्रको स्थापना । | १. कार्यालय भवन निर्माण सम्पन्न भएको हुने ।<br>२.संरचनाहरूको नियमित मरमत संभार भएका हुने ।<br>३. प्रतिष्ठानको ध्भदकष्तभ सञ्चालनमा आएको हुने ।<br>४. प्रतिष्ठानका नियमावली, कर्मचारी विनियम, आर्थिक विनियम, खर्चको मापदण्ड निर्माण भएका हुने ।<br>५. प्रतिष्ठानले क्ष्कइ प्रमाणपत्र प्राप्त गरेको हुने ।<br>६. अन्तर्राष्ट्रिय स्तरका संस्थासँग कार्यगत सम्बन्ध स्थापना भएको हुने ।<br>८. प्रतिष्ठानका अध्ययन तथा अनुसन्धानका नतिजा अन्तर्राष्ट्रिय एभभच च्भखष्भध व्यगचलर्बा मा प्रकासन भएका हुने ।<br>९.प्रतिष्ठान सिकाइ तथा ज्ञान केन्द्रको रुपमा विकास भएको हुने । |

## २.१० संस्थागत संरचना

प्रतिष्ठानलाई एउटा स्वायत्त संस्थाको रुपमा विकास गर्न ऐनले सङ्गठन संरचना निर्धारण गरेको छ। ऐन बमोजिम संस्थाको सर्वोच्च निकायको रुपमा प्रशिक्षण परिषद् रहेको छ। प्रतिष्ठानका उद्देश्य प्राप्तिमा योगदान गर्न कार्यकारी समिति, प्रतिष्ठानको दैनिक कार्यसञ्चालन गर्न कार्यकारी निर्देशक र प्रदेश सरकारले तोके बमोजिम प्रशासकीय तथा प्राविधिक र प्राध्यापन तथा अनुसन्धान सेवाका कर्मचारी रहने व्यवस्था छ। प्रदेश सरकारले स्वीकृत गरेको सङ्गठन संरचना देहाय बमोजिम रहेको छ :



## (अ) प्रशिक्षण परिषद्

प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा प्रशिक्षण परिषद् रहने व्यवस्था छ। प्रशिक्षण परिषद्को संरचना निम्नानुसार रहेको छ :

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री | – अध्यक्ष |
| (ख) | उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | – सदस्य |
| (ग) | अध्यक्ष, प्रदेश लोक सेवा आयोग | – सदस्य |
| (घ) | मुख्यमन्त्रीले तोकेको प्रदेश स्तरको विश्वविद्यालयको उपकुलपति | – सदस्य |
| (ङ) | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | – सदस्य |
| (च) | प्रदेश सरकारका सचिवहरू | – सदस्य |
| (छ) | प्रदेश सरकारले मनोनित गरेका दुई जना महिला सहित तीन जना | – सदस्य |
| (ज) | प्रतिष्ठानको कार्यकारी निर्देशक | – सचिव |

प्रशिक्षण परिषद्ले प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने, नियमावली बनाउने र विनियम स्वीकृत गर्ने, प्रतिष्ठानको दीर्घकालीन योजना स्वीकृत गर्ने, वार्षिक कार्यक्रमको प्रगति समीक्षा गर्ने, बजेट स्वीकृत गर्ने, समितिलाई आवश्यक निर्देशन दिने जस्ता कार्यहरू गर्दछ।

## (आ) कार्यकारी समिति

प्रतिष्ठानको उद्देश्य एवम् नीति अनुरुप प्रशिक्षण एवम् अनुसन्धान कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न गराउन देहाय बमोजिमको एक कार्यकारी समिति रहने व्यवस्था छ :

| | | |
|---|---|---|
| (क) | प्रमुख सचिव | – अध्यक्ष |
| (ख) | सचिव, प्रशासन तथा बैठक महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | – सदस्य |
| (ग) | सचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | – सदस्य |
| (घ) | सचिव, आर्थिक मामिला हेर्ने मन्त्रालय | – सदस्य |
| (ङ) | सचिव, प्रदेश लोक सेवा आयोग | – सदस्य |
| (च) | सचिव, प्रदेश नीति तथा योजना आयोग | – सदस्य |
| (घ) | कार्यकारी निर्देशक | – सदस्य सचिव |

समितिले आवश्यकता अनुसार प्रति बैठक एक जना महिला सहित तीन जना विशेषज्ञलाई बैठकमा पर्यवेक्षकका रुपमा आमन्त्रण गर्न सक्ने व्यवस्था रहेको छ।

कार्यकारी समितिले प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित

तथा नियुक्त पदाधिकारी तथा कर्मचारीका लागि आवश्यक प्रशिक्षणको व्यवस्था गर्ने, समय समयमा समसामयिक सवालमा सभा, सम्मेलन, गोष्ठी आयोजना गर्ने, अध्ययन अनुसन्धानका कार्यक्रमहरू सञ्चालन गर्ने, प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्ने, प्रतिष्ठानको दीर्घकालीन योजना तर्जुमा गर्ने, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने, कर्मचारीको दरवन्दी सिर्जना गर्ने, प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने, प्रदेश सरकारलाई प्रादेशिक स्तरमा प्रशिक्षण सम्बन्धी नीति तर्जुमा गर्न राय सल्लाह दिने जस्ता कार्य गर्दछ।

## (इ) कार्यकारी निर्देशक

प्रतिष्ठानमा प्रशासकीय प्रमुखको रुपमा एक जना कार्यकारी निर्देशक रहने व्यवस्था ऐनले गरेको छ। कार्यकारी निर्देशकले प्रशिक्षण परिषद् र कार्यकारी समितिले गरेका निर्णय कार्यान्वयन गर्ने गराउने, प्रशिक्षण परिषद्बाट स्वीकृत दीर्घकालीन योजना र वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने, प्रतिष्ठानका प्रशिक्षण कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने, प्रतिष्ठानका प्रगति विवरण समय समयमा समिति समक्ष पेश गर्ने लगायतका कार्य गर्दछ।

प्रदेश सरकारले सार्वजनिक प्रशासन तथा मानव संसाधन विकास महाशाखा, सार्वजनिक नीति तथा स्थानीय शासन महाशाखा र प्रशासन, बजारीकरण तथा परामर्श सेवा महाशाखा रहने गरी आवश्यक पद र दरवन्दी स्वीकृत गरेको छ। ऐन बमोजिम प्रदेश लोक सेवा आयोगमार्फत कर्मचारीको स्थायी पदपुर्ति गरिन्छ।

## (ई) कर्मचारी सम्बन्धी व्यवस्था

प्रदेश लोक सेवा आयोगबाट स्थायी पदपुर्ति नभएसम्मका लागि प्रतिष्ठानलाई आवश्यक जनशक्ति प्रदेश सरकारले कामकाजमा खटाउने व्यवस्था ऐनले गरेको छ। सोही व्यवस्था बमोजिम हालसम्म प्रतिष्ठानका गतिविधि सञ्चालन भइरहेका छन्। प्रतिष्ठानको केही स्थायी जनशक्तिको पदपुर्ति प्रदेश लोक सेवा आयोगबाट भएको छ।

# परिच्छेद-३ विगत आ.व.हरूको प्रगति समीक्षा

आ.व २०७६ को फागुन अन्तिममा कार्यकारी निर्देशकको नियुक्तिपश्चात औपचारिक रुपमा संस्थाको कार्य प्रारम्भ भएको हो । क्षमता विकासका कार्यक्रम भने आ.व.२०७७/७८ देखि मात्र कार्यान्वयनमा आएका थिए । यसरी हेर्दा आ.व. २०८१/८२ को समाप्तीसँगै पाँच आर्थिक वर्षका क्रियाकलाप सम्पन्न भएका छन् भने प्रतिष्ठान छैटौं वर्षमा प्रवेश गरेको छ । यस खण्डमा विगत आ.व.हरूमा प्रतिष्ठानद्वारा सम्पादन गरिएका मुख्य मुख्य कार्यहरू र प्राप्त उपलब्धिहरूको सारसङ्क्षेप प्रस्तुत गरिएको छ ।

कोरोना भाइरसको महामारीका कारण आ.व २०७६/७७ का चार महिनामा क्षमता विकासका काम हुन सकेनन् । तर संस्थागत विकासका केही महत्वपूर्ण कार्य भने प्रतिष्ठानले उक्त आ.व.को छोटो अवधिमा सम्पन्न गरेको थियो । कार्यालय स्थापना, प्रतिष्ठानको सर्वोच्च निकाय प्रशिक्षण परिषद् र कार्यकारी समितिको बैठक आयोजना, कर्मचारी व्यवस्थापन, कार्यालयको मर्मत संभार, रणनीतिक योजना निर्माण, वार्षिक योजना र कार्यक्रम तर्जुमा, प्रतिष्ठानका प्रचार प्रसार सामग्रीको उत्पादन र प्रकाशन, वेवसाइटको निर्माण, सवारी साधन तथा मेशिनरी तथा औजारको खरिद आदि बन्दाबन्दीको समयमा सम्पन्न भएका कार्यहरू थिए ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत प्रादेशिक सुशासन केन्द्र (PCGG) का लागि खटिई आएका कर्मचारीको व्यवस्थापन, PCGG मार्फत सञ्चालन गरिने कार्यक्रमको कार्यान्वयन कार्ययोजना निर्माण, तालिम पाठ्यक्रम निर्माण र अन्य नीतिगत तयारीसमेत उक्त अवधिमा सम्पन्न गरिएको थियो । तीनै कार्यहरूको जगमा प्रतिष्ठानका क्रियाकलाप कार्यान्वयन भइरहेका छन् ।

आर्थिक वर्ष २०७७/७८ देखि प्रतिष्ठानले क्षमता विकासका क्रियाकलाप कार्यान्वयन गरेको थियो । उक्त आ.व. का लागि प्रदेश सरकारबाट चालु तर्फ १ करोड ७० लाख १३ हजार र पूँजीगत तर्फ ५० लाख गरी कुल २ करोड २० लाख १३ हजार रुपियाँ विनियोजन भएको थियो । त्यसैगरी, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट प्रादेशिक सुशासन केन्द्रद्वारा खर्च गर्नेगरी कुल १८ करोड २ लाख ५० हजार रुपियाँ विनियोजन भएको थियो । सो रकम मध्ये प्रतिष्ठानको भवन निर्माणका लागि विनियोजित ५ करोड रुपियाँ भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत खर्च गर्ने गरी अख्तियारी प्रदान गरिएको थियो ।

आ.व. २०७७/७८ रणनीतिक योजनाको पहिलो वर्ष थियो। उक्त वर्षलाई पूर्वाधार तयारीको वर्षका रुपमा घोषणा गरी कार्यालय व्यवस्थापन, कर्मचारी व्यवस्थापन, प्रशिक्षण र अनुसन्धान सम्बन्धी नीति तर्जुमा, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, क्षमता विकास आवश्यकताको पहिचान, प्रशिक्षण सामग्री निर्माण, क्षमता विकास कार्यक्रमको कार्यान्वयन, अध्ययन, अनुसन्धान, बहस र संवाद, ISO प्रक्रियाको पूर्वाधार निर्माण, प्रतिष्ठानको भवन निर्माण (भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत), पुराना संरचनाको मर्मत संभार र कार्यालय परिषरको सौन्दर्यकरण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण, प्रतिष्ठानको मानव संसाधन विकास जस्ता क्रियाकलाप निर्धारण गरिएको थियो। रणनीतिक योजनामा उल्लेखित सम्पूर्ण क्रियाकलापहरू उक्त आ.व.मा कार्यान्वयनमा अएका थिए।

प्रदेश सरकारबाट विनियोजन भएको रकम कर्मचारीको सेवाकालीन र सेवा प्रवेश तालिम एवम् स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि आवश्यकतामा आधारित प्रशिक्षण सञ्चालन गर्ने, प्रशिक्षण सामग्री निर्माण र प्रकाशन गर्ने तथा अध्ययन अनुसन्धानका कार्य गर्ने गरी विनियोजन गरिएको थियो। त्यसैगरी, संघ सशर्त अनुदान अन्तर्गत प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फको बजेट प्रदेश समन्वय समितिद्वारा निर्णय भएका क्रियाकलापमा तोकिएका नतिजाका लागि बाँडफाँट गरिएको थियो। स्थानीय तहको आवधिक योजना र राजस्व सुधार कार्ययोजना तर्जुमा, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अभिमुखीकरण, प्रदेश र स्थानीय तहका पदाधिकारी र कर्मचारीको क्षमता विकास आदि क्रियाकलापका लागि उक्त बजेट बाँडफाँट गरि वार्षिक रणनीतिक योजना बमोजिम खर्च गरिएको थियो।

कोरोनाको महामारीका बावजुद प्रतिष्ठानले आ.व. २०७७/७८ मा महत्वपूर्ण उपलब्धि हाँसिल गर्न सफल भएको थियो। उक्त आ.व. देखि नै प्रतिष्ठानले सहायकस्तरका कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम र ५ कार्यदिने सेवा प्रवेश तालिम पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको थियो। सहायकस्तरका कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम सङ्घीय मामिल तथा सामान्य प्रशासन मन्त्रालयले सहमति प्रदान गरी सबै प्रदेशका तालिम केन्द्रमा समेत प्रयोगमा ल्याउन परिपत्र गरेको थियो। सोही पाठ्यक्रमका आधारमा उक्त आ.व. मा ११६ जना सहायकस्तरका कर्मचारीले सेवाकालीन तालिम प्राप्त गरेका थिए भने ११ जिल्लाका ६१ स्थानीय तहमा कार्यरत २६३ जना कर्मचारीले सेवा प्रवेश तालिमको अवसर प्राप्त गरेका थिए।

स्थानीय तहको शासकीय क्षमता अभिवृद्धि, संस्थागत विकास र सुशासन प्रवर्द्धनका क्षेत्रमा उक्त आ.व. देखि नै प्रतिष्ठानका क्रियाकलाप केन्द्रित भएका थिए। प्रदेश तथा स्थानीय शासन सहयोग

कार्यक्रम मार्फत २५ वटा स्थानीय तहको आवधिक योजना तर्जुमा र ४ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माणमा प्रतिष्ठानले आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराएको थियो भने १०५ वटा तालिम मार्फत ४३१८ जना जनप्रतिनिधि र कर्मचारीले क्षमता विकासको अवसर प्राप्त गरेका थिए। यसैगरी उक्त आ.व.मा ५९ वटा स्थानीय तहमा संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धी अभिमुखीकरण र १४ स्थानीय तहमा लैससास मूलप्रवाहिकरण सम्बन्धी तालिम सम्पन्न भएका थिए। प्रदेश सरकारबाट प्राप्त अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमतर्फको ससर्त अनुदान रकमबाट उक्त आ.व.मा कुल १२१ वटा क्षमता विकासका तालिम तथा अभिमुखीकरण कार्यक्रमबाट ४९२७ जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भएका थिए।

सङ्घीय मुलकका विभिन्न तहका सरकारहरू बीचको अन्तरसम्बन्ध र सङ्घीयता कार्यान्वयनको विषयमा अन्तर्राष्ट्रिय अनुभव र सिकाइ आदान प्रदान गर्ने उद्देश्यले प्रतिष्ठानद्वारा फोरम अफ फेडेरेशनसँगको सहकार्यमा प्रदेश र स्थानीय तहका लागि भर्चुअल माध्यमबाट सवाल केन्द्रित संवाद कार्यक्रम सम्पन्न भएको थियो। तीन तहका सरकार बीचको अन्तरसम्बन्ध सम्बन्धी कानूनी व्यवस्था, अन्तरसरकार सम्बन्धका सम्बन्धमा देखिएका समस्या र भावी संभावनाका बारेमा अध्ययन गरी त्यसबाट प्राप्त निश्कर्षलाई प्रशिक्षणमा समावेश गराउने अभिप्रायले अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययन सम्पन्न भएको थियो। सङ्घीयताको कार्यान्वयनपश्चात तहगत सरकारहरू बीचको अन्तरसम्बन्धको अवस्थाको विश्लेषण र आगामी दिनका लागि तहगत सरकारहरूले निर्वाह गर्नुपर्ने भूमिकाका लागि उक्त अध्ययन कोसेढुङ्गा सावित भएको छ।

रणनीतिक योजना बमोजिम आ.व. २०७७/७८ लाई पूर्वाधार विकासको वर्षका रुपमा घोषणा गरिएको थियो। प्रतिष्ठानका संस्थागत संरचनाहरूलाई क्रियाशिल गराउने, भौतिक पूर्वाधार निर्माण गर्ने, कार्यप्रणाली र कार्यसंस्कृतिको विकास गर्ने जस्ता कार्यहरूलाई रणनीतिक योजनामार्फत प्राथमिकतामा राखिएको थियो। सोही मुताविक प्रशिक्षण परिषद् र कार्यकारी समितिको बैठक आयोजना गर्ने, प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति, रणनीतिक योजना र सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रम परिषद्को बैठकबाट स्वीकृत गर्ने, कार्यालयमा कार्यरत कर्मचारीको क्षमता विकासको लागि विज्ञद्वारा प्रशिक्षक प्रशिक्षण सञ्चालन गरी पेशागत दक्षता विकास गर्ने, कार्यालयको मर्मत संभार र कार्यालय परिषरमा बगैंचा निर्माण गर्ने, तालिम कक्षको मरमत संभार गर्ने जस्ता कार्य उक्त आ.व. मा सम्पन्न भएका थप क्रियाकलापहरू हुन्। प्रतिष्ठानका लागि आवश्यक कर्मचारीका लागि सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी स्थायी दरवन्दी सिर्जना र ISO प्रक्रियाको थालनी उक्त आ.व मै सम्पन्न भएका थिए भने तालिमपश्चातको फलोअप सुरु गरिएको थियो।

संस्थागत पूर्वाधार निर्माणका लागि प्रतिष्ठानको भवन निर्माणको कार्य सोही आ.व. देखि प्रारम्भ भएको थियो। वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ फागुन १७ गते प्रतिष्ठानको भवनको शिलान्यास गर्नुभएको थियो। भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत उक्त भवनको निर्माण कार्य अगाडि बढिरहेको छ। चौमासिक बुलेटिन र वार्षिक क्यालेण्डर प्रकाशन, संस्थागत परिचयका लागि ब्रोसर तयारी, वेवसाइट सञ्चालन जस्ता कार्यमार्फत ज्ञान व्यवस्थापनका कार्यको थालनी भएको थियो। यसरी कार्यक्रम कार्यान्वयनको पहिलो वर्षमा नै प्रतिष्ठानले संस्थागत पूर्वाधार निर्माण, संस्थागत विकास र क्षमता विकासका महत्वपूर्ण कार्य सुरुवात गरेको थियो।

रणनीतिक योजना बमोजिम आ.व. २०७८/७९ संस्थागत विकासको वर्षका रुपमा रहेको थियो। उक्त आ.व. का लागि प्रदेश सरकारबाट रु.१ करोड ९२ लाख ११ हजार र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका लागि १८ करोड २३ लाख ५० हजार विनियोजन भएको थियो। प्रदेश सरकारबाट प्राप्त अनुदान रकमबाट सहायकस्तरका कर्मचारीको सेवाकालीन र नवनियुक्त कर्मचारीलाई सेवा प्रवेश तालिम, प्रशिक्षण सामग्रीको प्रकाशन, निर्मित संरचनाको मरमत संभार जस्ता कार्यक्रम सम्पन्न भएका थिए भने प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत तोकिएका प्रतिफल बमोजिम विभिन्न कार्यक्रम कार्यान्वयन भएका थिए। प्रदेश सरकारबाट प्राप्त अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको संघ सशर्त रकमबाट लामो तथा छोटो अवधिका कुल १६३ वटा तालिम उक्त आ.व.मा सम्पन्न भएका थिए। उल्लिखित तालिमहरूबाट कुल ६८८७ जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भएका थिए।

स्थानीय तहको शासकीय क्षमता अभिवृद्धि र सुशासन प्रवर्द्धनका लागि उक्त आ.व.मा प्रतिष्ठानले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनलाई संस्थागन गर्ने काममा प्रतिष्ठानले प्राविधिक सहयोग प्रदान गरेको थियो भने जिल्ला समन्वय समितिसँगको समन्वयमा स्वमूल्याङ्कन नतिजाको गुणस्तर जाँच गर्ने काम भएको थियो। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा तयार गरिएको स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कन कार्यविधिको आधारमा स्थानीय तहको वित्तीय जोखिम मूल्याङ्कनका लागि सबै स्थानीय तहमा अभिमुखीकरणको कार्य उक्त आ.व. मा सम्पन्न भएको थियो। सो कार्यविधिको अवलम्बन गरी स्थानीय तहहरूले आ-आफ्नो कार्यालयको वित्तीय जोखिको मूल्याङ्कन गर्ने कार्य प्रारम्भ गरेका थिए। लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण र लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण जस्ता कार्यबाट स्थानीय शासनमा लैससास मूलप्रवाहिकरण गर्ने कार्यमा योगदान पुगेको थियो। उक्त आर्थिक वर्षमा नै स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण सामग्री प्रकाशन र स्थानीय तहहरूलाई

वितरण गर्ने कार्य सम्पन्न भएको थियो ।

प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका अधिकृत कर्मचारीको वृत्ति विकासमा सहायक ३० कार्यदिने सेवाकालीन तालिम सञ्चालन गर्ने अभिप्रायले आफ्नै पहलमा सेवाकालीन तालिम पाठ्यक्रम निर्माणको काम उक्त आ.व.मा सम्पन्न भएको थियो । उक्त पाठ्यक्रमका आधारमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गर्ने एवम् उक्त पाठ्यक्रमलाई प्रशिक्षण परिषद्बाट स्वीकृत गर्ने काम समेत उक्त आ.व.मा नै सम्पन्न भएका थिए । प्रतिष्ठानद्वारा तयार गरिएको अधिकृतस्तरको सेवाकालीन तालिम पाठ्यक्रम अन्य प्रदेशमा समेत कार्यान्वयनमा आएको छ ।

प्रदेश र स्थानीय तहका लागि प्रदेश लोक सेवा आयोगबाट छनौट भइ सीफारिस भएका नवप्रवेशी कर्मचारीलाई सेवा प्रवेश तालिम उपलब्ध गराउने उद्देश्यले सबै सेवा समूहका लागि लक्षित गरी पाँच दिने सेवा प्रवेश तालिम पाठ्यक्रम निर्माणको काम उक्त आ.व. मा सम्पन्न भएको थियो । उक्त तालिम पाठ्यक्रम प्रतिष्ठानको कार्यक्षेत्र विस्तारका लागि अर्को महत्वपूर्ण कार्य थियो ।

सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम आ.व.२०७८/७९ मा समेत सञ्चालन भएको थियो । उक्त तालिमबाट संघ, प्रदेश र स्थानीय तहमा कार्यरत ११२ जना कर्मचारी लाभान्वित भएका थिए । त्यसैगरी, गण्डकी प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश अन्तर्गतका कार्यालय र स्थानीय तहका लागि सीफारिस भएका स्वास्थ्य, कृषि र इन्जिनियरिङ सेवाका ८५८ जना कर्मचारीका लागि एक दिने सेवा प्रवेश अभिमुखीकरण प्रदेश लोक सेवा आयोगसँगको समन्वयमा सोही आ.व.मा सम्पन्न भएको थियो ।

स्थानीय तहको अगुवाइमा सङ्घीय सरकारको पन्ध्रौं योजना तथा प्रदेश सरकारको पहिलो आवधिक योजनासँग तादत्म्य कायम गरी राष्ट्रिय योजना आयोगले तयार गरेको आवधिक योजना तर्जुमाको ढाँचा एवम् प्रदेश नीति तथा योजना आयोगको मार्गदर्शनको अनुसरण गरी उक्त आ.व. मा ८ वटा स्थानीय तहले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममार्फत आवधिक योजना तर्जुमाको कार्य सम्पन्न गरेका थिए । त्यसैगरी, २९ वटा स्थानीय तहमा राजस्व सुधार कार्ययोजना निर्माण, ४४ स्थानीय तहमा लैससास मुलप्रवाहीकरण रणनीति तर्जुमा र २० स्थानीय तहमा क्षमता विकास योजना तर्जुमा गर्ने कार्यमा प्रतिष्ठानमार्फत आर्थिक एवम् प्राविधिक सहयोग पुगेको थियो । त्यसैगरी, उक्त आ.व.मा प्रतिष्ठानको आर्थिक एवम् प्राविधिक सहयोगमा ४९ स्थानीय तहको लैससास परीक्षण सम्पन्न भएको थियो ।

स्थानीय तहमा नवनिर्वाचित प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षका लागि स्थानीय तह सञ्चालन र व्यवस्थापन सम्बन्धी २ दिने अभिमुखीकरणगत उक्त आ.व.को जेठ २७ र २८ गते पोखरामा सम्पन्न भएको थियो । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वय र प्रतिष्ठानको आयोजनामा सञ्चालित उक्त अभिमुखीकरणमा गण्डकी प्रदेशका सबै स्थानीय तहका ५७ महिला र १०२ जना पुरुष गरी १५९ जनाको उपस्थिति रहेको थियो ।

मुख्यन्यायाधिवक्ताको कार्यालयसँगको समन्वयमा सोही आ.व. मा "सङ्घीयता कार्यान्वयनमा प्रदेश सरकारको भूमिका" विषयक संवाद कार्यक्रम सम्पन्न भएको थियो । तीन तहका सरकार बीचको अन्तरसम्बन्ध सम्बन्धी कानूनी व्यवस्था, अन्तरसरकार सम्बन्धका सम्बन्धमा देखिएका समस्या र भावि संभावनाका बारेमा अध्ययन गरी त्यसबाट प्राप्त निश्कर्षलाई आवश्यकता अनुसार प्रशिक्षणमा समावेश गराउने एवम् सरोकारवाला समक्ष अध्ययनका निश्कर्ष प्रस्तुत गर्ने अभिप्रायले गरिएको अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययनको प्रतिवेदन प्रकाशन गर्ने काम सोही आ.व.मा सम्पन्न भएको थियो । आ.व. २०७९/८० सम्ममा क्ष्क्इ ढण्ण्ज्ञस्द्दण्ज्ञछ प्रमाण पत्र प्राप्त गर्ने लक्ष्य रहेकोमा आ.व २०७८/७९ मा नै सो कार्य पूरा भएको थियो ।

आ.व २०७९/८० रणनीतिक योजना बमोजिम कार्यक्रम कार्यान्वयनको वर्षका रुपमा रहेको थियो । उक्त वर्ष स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको क्षमता विकासलाई केन्द्रित गरी वर्ष कार्यक्रम तय गरिएको थियो । योजना बमोजिम उक्त आ.व. का लागि क्षमता विकास कार्यक्रमको व्यापक कार्यान्वयन गर्ने, अध्ययन, अनुसन्धानका कार्यलाई निरन्तरता दिने, बहस र संवादको आयोजना गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण गर्ने, ISO प्रक्रियाको फलोअप गर्ने, प्रतिष्ठानको मानव संसाधन विकास गर्ने जस्ता क्रियाकलाप योजना गरिएको थियो । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गतका क्रियाकलापलाई रणनीतिक योजनासँग तादात्म्य कायम गर्नेगरी योजना गरिएको थिया । उक्त आ.व. का लागि देहायबमोजिमको रकम विनियोजन भएको थियो :

| कार्यक्रम | पूँजीगत | साधारण | जम्मा |
|---|---|---|---|
| गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (प्रदेश सरकार अनुदान) | ३५०००००० | ३३९९९००० | ३७४९९००० |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ सशर्त अनुदान) | ५२४०००००० | ८४०००००० | १३६४००००० |

| | | | |
|---|---|---|---|
| स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (कर्मचारी तलब) | | ३०००००० | ३०००००० |
| कूल | ५५९००००० | १२०९९९००० | १७६८९९००० |

बजेट र कार्यक्रमको परिधिभित्र रहेर जनप्रतिनिधि र कर्मचारीका लागि क्षमता विकासका कार्यक्रम वर्षै भरी कार्यान्वय भएका थिए। प्रदेश तथा स्थानीय तहका लागि तालिम आवश्यकताको पहिचान गरी वार्षिक कार्यक्रम र बजेट निर्माण गरिएको थियो। उक्त आ.व.मा प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि लामो र छोटो अवधिका ११६ वटा तालिम सञ्चालन भएका थिए। यसबाट कुल ४२०७ जनाले क्षमता विकासको अवसर प्राप्त गरेका थिए।

स्थानीय तहका नवनिर्वाचित पदाधिकारीहरूको अभिमुखीकरण गत आर्थिक वर्षको महत्वपूर्ण कार्यक्रम थियो। स्थानीय तहको निर्वाचन लगतै अघिल्लो आ.व को जेठ २७ र २८ गते प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षहरूका लागि पोखरामा आधारभूत तहको अभिमुखीकरण सम्पन्न भएकोमा गत आ.व मा जिल्ला समन्वय समितिसँगको समन्वयमा प्रदेशका सबै स्थानीय तहका वडा अध्यक्षहरूका लागि स्थानीय तह सञ्चालन र व्यवस्थापन लगाएतका विषयवस्तुमा अभिमुखीकरण सम्पन्न भएको थियो। यसबाट ६७९ जना वडा अध्यक्षहरू लाभान्वित भएका थिाए। त्यसैगरी, अघिल्लो आ.व. मा स्याङ्जा र गोरखा जिल्लाका उप-प्रमुख/उपाध्यक्ष र कार्यपालिका सदस्यका लागि दुई दिने लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण सञ्चालन गरिएकोमा बाँकी स्थानीय तहहरूका लागि गत आ.व. मा उक्त कार्यक्रम सम्पन्न भएको थियो। यसबाट १०६ जना जनप्रतिनिधि लाभान्वित भएका थिए।

गण्डकी प्रदेश लोक सेवा आयोगद्वारा छनौट भई स्थानीय तहका लागि सीफारिस भएका नवप्रवेशी कर्मचारीहरूलाई अघिल्लो वर्ष प्रदेश लोक सेवा आयोगको समन्वयमा १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएकोमा गत आ.व.मा त्यस्ता ३१५ जना कर्मचारीले ५ दिने सेवा प्रवेश तालिम प्राप्त गरेका थिए।

विगत वर्षहरूमा सहायकस्तरका कर्मचारीका लागि ३० कार्यदिने सेवाकालीन तालिम सञ्चालन गरिँदै आएकोमा गत आ.व. देखि प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका अधिकृतस्तरका कर्मचारीका लागि समेत सेवाकालीन तालिम प्रारम्भ भएको थियो। प्रतिष्ठानले तयार गरेको अधिकृतस्तरका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रम बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गरी प्रशिक्षण परिषद्को स्वीकृतिमा

उक्त तालिम सञ्चालन गरिएको थियो । यसबाट ५८ जना अधिकृतस्तरका कर्मचारी लाभान्वित भएका थिए । प्रदेश तहमानै अधिकृतस्तरको सेवाकालीन तालिम सञ्चालन हुनु प्रदेश सरकार र प्रतिष्ठानका लागि अर्को महत्वपूर्ण सफलता थियो । यसैगरी, सहायकस्तरका ५६ कर्मचारीले गत आ.व.मा सेवाकालीन तालिमको अवसर प्राप्त गरेका थिए ।

गत आ.व.मा प्रदेश र स्थानीय तहका कर्मचारीका लागि सार्वजनिक खरिद, मध्यमकालीन खर्च संरचना, वातावरणीय प्रभाव मूल्याङ्कन, सामाजिक सुरक्षा तथा पञ्जीकरण, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिका लागि कार्यविवरण, कार्यस्थलमा हुने लैङ्गिक हिंसा, लैससास परीक्षण जस्ता तालिम सञ्चालन भएका थिए । त्यसैगरी, स्थानीय तहका विषयगत समितिका पदाधिकारीको काम कर्तव्य र अधिकार, वडा समितिका सदस्यहरूका लागि रुपान्तरणकारी नेतृत्व जस्ता तालिम आयोजना भएका थिए । कार्यालय सहयोगी, हलुका सवारी चालक र सुरक्षा गार्डका लागि उनिहरूको कार्यविवरणसँग सम्बन्धित तालिम सञ्चालन गरिएको थियो । यस्ता तालिमहरूबाट कुल ३१३९ जना कर्मचारी तथा जनप्रतिनिधि लाभान्वित भएका थिए ।

स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम गत आ.व. मा कार्यान्वयन भएका थिए । सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिसँगको समन्वय र सहजीकरणमा स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन, स्वमूल्याङ्कन नतिजाको गुणस्तर परीक्षण, स्थानीय तहको वित्तीय जोखिम मूल्याङ्कन जस्ता कार्यक्रम कार्यान्वयन भएका थिए । प्रतिष्ठानको सहजीकरणको परिणामस्वरुप गण्डकी प्रदेशका सबै स्थानीय तहले संस्थागत क्षमता स्वमूल्याङ्कन र वित्तीय जोखिम मूल्याङ्कन सम्पन्न गरी आ-आफ्नो वेवसाइटमा नतिजा सार्वजनिक गरेका थिए ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत गत आ.व. मा ५ स्थानीय तहको आवधिक योजना तर्जुमा, १५ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना, १५ वटा स्थानीय तहको क्षमता विकास योजना र २० वटा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण गर्न प्रतिष्ठानले आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराउने गरी सम्बन्धित स्थानीय तहसँग समझदारी भएकोमा ४ स्थानीय तहको आवधिक योजना तर्जुमा, १४ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना, १४ वटा स्थानीय तहको क्षमता विकास योजना र १९ वटा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण भएका थिए । यसै गरी २० स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको काम सम्पन्न भएको थियो । यसबाट नव निर्वाचित जनप्रतिनिधिहरूलाई विकास र सुशासनका कार्यक्रम कार्यान्वयन गर्न महत्वपूर्ण

टेवा पुगेको थियो ।

अघिल्ला वर्षहरूमा आन्तरिक रुपमा प्रशिक्षण कार्यक्रमको प्रभावकारिताको फलोअप तथा अनुगमन गरिँदै आएकोमा गत आ.व.मा विज्ञ परामर्शदाता परिचालन गरि प्रतिष्ठानद्वारा प्रदान गरिएका क्षमता विकास कार्यक्रमको प्रभावकारिता मूल्याङकनको कार्य सम्पन्न भएको थियो । क्षमता विकासको क्षेत्रमा प्रतिष्ठानले सुरु गरेको यो महत्वपूर्ण कार्य थियो ।

प्रतिष्ठानका प्रशिक्षण, अनुसन्धान र अन्य कार्यलाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम बनाउने उद्देश्यका साथ प्रारम्भ गरिएको गुण व्यवस्थापन प्रणाली संस्थागत भएको छ । गत आ.व. सम्ममा ISO 9001:2015 प्रमाण पत्र प्राप्त गर्ने लक्ष्य रहेकोमा आ.व २०७८/७९ मा नै सो कार्य पूरा भएको थियो । गत आ.व.मा त्यसको Internal Audit र पहिलो Surveillance Audit सम्पन्न भएको थियो । उपरोक्त परीक्षणहरूबाट गुण व्यवस्थापन प्रणाली संस्थागत हुँदै गएको प्रतिवेदन प्राप्त भएको थियो । यसलाई नेपालको प्रशिक्षणको इतिहासमा एउटा महत्वपूर्ण उपलब्धिका रुपमा लिइएको छ । यसले प्रतिष्ठानको छविलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने काम समेत गरेको छ । गुण व्यवस्थापन प्रणालीलाई अन्य तालिम प्रदायक संस्थाहरूमा समेत कार्यान्वयन गर्नका लागि प्रतिष्ठानले सहजीकरण गरेको थियो ।

सवाल केन्द्रित संवाद कार्यक्रमले गत वर्ष पनि निरन्तरता पाएको थियो । गत आ.व.मा तीन वटा सवाल केन्द्रित संवाद कार्यक्रम आयोजना भएका थिए । स्थानीय तहका प्रमुख एवम् प्रमुख प्रशासकीय अधिकृतहरूसँग स्थानीय तहमा निर्माण गरिएका आवधिक योजना, राजस्व सुधार कार्ययोजना, क्षमता विकास योजना, लैससास रणनीति, लैससास परीक्षण र लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयनको अवस्थाका बारेमा छलफल भएको थियो । यसले नवनिर्वाचित पदाधिकारीका लागि आफ्नो स्थानीय तहमा तयार भएका योजनाहरूको अवस्था र सोको प्रभावकारी कार्यान्वयनका लागि महत्वपूर्ण पृष्ठपोषण प्रदान गरेको थियो ।

गण्डकी प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाहरू, शैक्षिक संस्था र अनुसन्धान केन्द्रहरूसँग क्षमता विकासको सन्दर्भमा गुण व्यवस्थापन प्रणालीको सान्दर्भिकता सम्बन्धमा संवाद कार्यक्रमको आयोजना भएको थियो । यसले क्षमता विकासमा कामगर्ने संस्थाहरू र शैक्षिक संस्थाहरूलाई गुण व्यवस्थापन प्रणालीको अवलम्बन गर्न प्रेरणा प्राप्त भएको थियो ।

गत आर्थिक वर्षमा प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश सभाका सदस्यहरू, प्रदेश सरकारका सचिव एवम अन्य पदाधिकारीहरू बीच वित्तीय सङ्घीयता, अन्तर सरकार सम्बन्ध र प्रदेशमा कानून निर्माण प्रक्रिया जस्ता विषयमा संवाद कार्यक्रमको आयोजना भएको थियो । उक्त संवाद कार्यक्रममा दक्षिण

अफ्रिकाको अन्तर सरकारी सम्बन्धका बारेमा समेत विज्ञद्वारा कार्यपत्र प्रस्तुत भएको थियो । यस्ता संवाद कार्यक्रमले नीति निर्मातालाई महत्वपूर्ण पृष्ठपोषण भएको छ ।

गत आ.व.मा प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाहरूमा प्रशिक्षणका आधारभूत विधि र प्रक्रिया सम्बन्धी ज्ञान र सीप प्रदान गरी प्रदेशमा सञ्चालन गरिने सबै किसिमका तालिमको न्यूनतम मापदण्ड र गुणस्तर कायम गर्न सहयोग गर्ने अभिप्रायले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा प्रशिक्षकहरूको पेशागत दक्षता विकास कार्यक्रम सम्पन्न भएको थियो । यसले तालिम प्रदायक संस्थाहरूलाई Instructional Design पद्धतिका आधारमा तालिम कार्यक्रमको तयारी र कार्यान्वयन गर्न ठूलो टेवा पुगेको पृष्ठापोषण प्राप्त भएको छ ।

प्रतिष्ठानले आ.व. २०७७/७८ देखि २०८०/८१ सम्म कार्यान्वयन गरेका क्षमता विकास कार्यक्रमको सारसंक्षेप निम्नअनुसार रहेको छ :

| Details of Training by Fiscal Year | | |
|---|---|---|
| **Fiscal Year** | **No. of Events** | **Toal Beneficiaries** |
| 2077/78 | 121 | 4927 |
| 2078/79 | 163 | 6887 |
| 2079/80 | 116 | 4207 |
| 2080/81 | 71 | 2325 |
| Total | 471 | 18346 |

गत आ.व. मा पनि भवन निर्माणको कार्य निरन्तर रुपमा अगाडि बढ्यो । बहुवर्षीय योजनाका रुपमा निर्माण प्रारम्भ भएको भवन आ.व. २०८०/८१ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको थियो । पुराना संरचनाको मरमर संभार र कार्यालय परिषरको सौन्दर्यकरणको कार्य निरन्तर रुपमा अगाडि बढेका थिए । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण र प्रतिष्ठानको मानव संसाधन विकास जस्ता कार्यक्रमहरू योजना अनुसार नै कार्यान्वयनमा आएका थिए । University of British Columbia, Canada का विद्यार्थीहरूलाई स्थानीय आर्थिक विकासका क्षेत्रमा प्रतिष्ठानले खेलेको भूमिकाका बारेमा प्रस्तुतीकरण भएको थियो । त्यसैगरी, सिंगापुरमा कार्यालय रहेको Chandler Academy of governance ले आयोजना गरेको Global Survey on Public Sector Training मा प्रतिष्ठान पनि सहभागि हुने अवसर प्राप्त भएको थियो । प्रतिष्ठानले अगाडि सारेको Competency Based Training को अवधारणा उक्त सर्वेक्षण प्रतिवेदनमा समावेश भएको थियो । गत आ.व.मा The World Bank,

The European Union, Norwegian Embassy, Swiss Embassy, Australian Embassy, British Embassy लगायतका दातृ निकाय र विकास साझेदारहरूले प्रतिष्ठानको अवलोकन र प्रतिष्ठानद्वारा सम्पादित कार्यक्रमको बारेमा जानकारी लिएका थिए। अन्य प्रदेशका तालिम केन्द्रका कर्मचारीहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका थिए।

प्रतिष्ठानका कर्मचारीको मानव संसाधन विकास र क्षमता विकास कार्यक्रम अन्तर्गत सिकाइ आदान प्रदान कार्यक्रम आयोजना गरी अन्य प्रदेशका असल अभ्यासबाट सिक्ने अवसर प्राप्त भएको थियो। त्यसका लागि कर्णाली र सुदुरपश्चिम प्रदेशका तालिम केन्द्रहरूको भ्रमण गरिएको थियो। त्यसैगरी, विभिन्न विषयगत तालिमहरूमा प्रतिष्ठानका कर्मचारीहरूले सहभागिता जनाएका थिए। ज्ञान केन्द्रको स्थापना, डाटा बैंक र सर्भर प्रणालीको कार्यान्वयन, प्रशिक्षणका लागि आवश्यक उपकरण खरिद र तालिम कक्षको मर्मत संभार, अवलोकन भ्रमणमा आउने आगन्तुकहरूसँगको अन्तरक्रिया आदि गत आर्थिक वर्षमा सम्पादन गरिएका थप कार्यहरू थिए।

प्रशिक्षण पद्धतिमा परिवर्तन गर्दैजाने प्रतिष्ठानको नीति बमोजिम Beyond Training को रणनीतिलाई कार्यान्वयन गर्न सार्वजनिक निकायमा कार्यरत कार्यालय सहयोगी, सुरक्षा गार्ड र हलुका सवारी चालकका लागि आ.व. २०७८/७९ मा तयार पारिएको आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को प्रकाशन र सोको अभिमुखीकरण गत आ.व. मा सम्पन्न भएको थियो। त्यसैगरी, गत आ.व.मा सार्वजनिक निकायको आर्थिक प्रशासनसँग सम्बन्धित आधार भूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) निर्माणको कार्य सम्पन्न भएको थियो। यसलाई विद्यमान प्रशिक्षणको आयाममा परिवर्तन र क्षमता विकासमा नयाँ प्रयोगको रुपमा लिइएको छ।

ज्ञान व्यवस्थापनका क्षेत्रमा प्रतिष्ठानले सुरुदेखि नै कार्य गर्दै आइरहेको छ। तालिम सामग्रीको प्रवन्ध गर्ने, ज्ञान केन्द्रको स्थापना गर्ने, वार्षिक क्यालेण्डर र चौमासिक बुलेटिन प्रकाशन गर्ने, अध्ययन तथा अनुसन्धान प्रतिवेदन, प्रशिक्षण सामग्री आदि प्रकाशन गर्ने जस्ता कार्यहरू निरन्तर रुपमा कार्यान्वयन भएका थिए।

प्रतिष्ठानमा कार्यरत कर्मचारीको पेशागत दक्षता विकास गर्ने अभिप्रायले वार्षिक रुपमा कार्यक्षमताको मूल्याङ्कन गर्ने र सोका आधारमा कार्यक्षमता सुधार योजना निर्माण गर्ने, मासिक र साप्ताहिक योजना र प्रतिवेदन प्रणालीको कार्यान्वयन गरी नतिजामूलका कार्यसंस्कृतिको विकास र कर्मचारीको काममा समन्वय कायम गर्ने जस्ता कार्य निरन्तर रुपमा कार्यान्वयन भएका थिए। यस्ता कार्यहरूले संस्थाको कार्यप्रणाली र कार्यसंस्कृति विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

उल्लिखित उपलब्धिहरूको जगमा उभिएर यस आर्थिक वर्ष २०८०।८१ का कार्यक्रमहरू कार्यान्वयन भए । आर्थिक वर्ष २०८०/८१ लाई प्रतिष्ठानले "समन्वय साझेदारी निर्माणको वर्ष"का रुपमा घोषणा गरेको थियो । प्रतिष्ठानको संस्थागत स्थायित्व र आत्मनिर्भरताका लागि राष्ट्रिय तथा अन्तर ाष्ट्रिय सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग समन्वय र साझेदारी बढाउनु पर्ने आवश्यकतालाई आत्मसात गरी यस आ.व.लाई समन्वय साझेदारी निर्माणको वर्षका रुपमा योजना गरिएको थियो । रणनीतिक योजनामा उल्लिखित क्रियाकलापलाई आधार मानी तयार गरिएको वार्षिक योजना अनुसार प्रतिष्ठानले यस आ.व.का कार्यक्रम कार्यान्वयन गरेको थियो । यस आ.व. का लागि रणनीतिक योजनमा समावेश भएका क्रियाकलापको विवरण निम्नानुसार छ ः

| आ.व. २०८०/८१ का लागि रणनीतिक योजनामा प्राथमिकता प्राप्त कार्यक्रमहरू | | | |
|---|---|---|---|
| वर्ष | प्राथमिकता | क्रियाकलाप | कैफियत |
| चौथो आ.व. २०८०/८१ | समन्वय साझेदारी निर्माणको वर्ष | • राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण<br>• क्षमता विकास कार्यक्रमको कार्यान्वयन<br>• अध्ययन, अनुसन्धान, बहस र संवाद<br>• वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा<br>• दोस्रो आवधिक योजना तर्जुमाको सुरुवात<br>• ISO को प्राप्ति<br>• प्रतिष्ठानको मानव संसाधन विकास | |

उल्लिखित रणनीतिक योजनाको परिधिभित्र रही यस आ.व. का लागि वार्षिक बजेट प्रदेश सरकार तर्फ ८०२५००००, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तरगत ९४२०००००० र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तरगत ३००००००० बजेट प्राप्त भएको थियो । संस्थाको भवन निर्माणका लागि रु ७ करोड प्राप्त भएको थियो । यस बजेटमा अनिवार्य दायित्वका विषयहरुमा छुट्याइएको बजेट समावेश गरिएको छैन ।

# परिच्छेद-४ आ.व.२०८१/८२ को प्रगति

## ४.१ आ.व. २०८१/८२ को योजना

आ.व. २०८१/८२ प्रतिष्ठानले "**दीगोपना र आत्मनिर्भरताको वर्ष**" का रुपमा घोषणा गरेको थियो। प्रतिष्ठानको दिगोपना र आत्मनिर्भरताका लागि प्रतिष्ठानको आफ्नै जनशक्ति तयार गर्ने कार्य अन्तरगत कर्मचारी विनियमावली पारित भई प्रदेश लोक सेवा आयोगबाट केही स्थायी जनशक्तिको पदपूर्ति भएको अवस्था छ। दिगोपनाका लागि प्रतिष्ठानले आफ्नै पहलमा स्रोत खोजी गर्न र कमाउन आवश्यक भएकाले प्रतिष्ठानको छुट्टै कोष बनाउनका लागि आर्थिक विनियमावलीको आवश्यकता महसुस भई आर्थिक विनियमावली स्वीकृतिको चरणमा रहेको छ। अन्य संस्थाहरुसँग समन्वय र सहकार्यका लागि प्रक्रिया अगाडि बढाउने कार्य भैरहेको छ। प्रतिष्ठानको निर्माणाधीन भवन सम्पन्न भए पश्चात पनि दिगोपनाका लागि थप सहयोग हुने अपेक्षा गरिएको छ। प्रतिष्ठानद्वारा चालु आ. व. लाई दिगोपना र आत्मनिर्भरताको वर्षका रुपमा योजना गरिएको थियो। यही रणनीतिक योजनालाई आधार मानी यस आ.व. का कार्यक्रमहरु कार्यान्वयन गरिएको छ। चालु आ.व. का लागि रणनीतिक योजनामा समावेश भएका क्रियाकलापहरुको विवरण निम्नानुसार छः

### आ.व. २०८१।०८२ का लागि रणनीतिक योजनामा प्राथमिकता प्राप्त कार्यक्रमहरू

| वर्ष | प्राथमिकता | क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| पाँचौं आ.व. २०८१।०८२ | **दीगोपना र आत्मनिर्भरताको वर्ष** | • राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण<br>• क्षमता विकास कार्यक्रमको कार्यान्वयन<br>• अध्ययन, अनुसन्धान, बहस र संवाद<br>• वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा<br>• दाम्रो आवधिक योजना तर्जुमा<br>• प्रतिष्ठानको मानव संशाधन विकास | |

माथि उल्लेख गरिएका रणनीतिक योजनाका आधारमा यस आ. व. का कार्यक्रमहरु कार्यान्वयन गरिएका छन्। यस आ. व. को वार्षिक कार्यक्रम तथा बजेट निम्नानुसार रहेको छ-

## ४.२ आ.व.२०८१/८२ को बजेट तथा कार्यक्रम

### (क) प्रदेश सरकार तर्फको बजेट तथा कार्यक्रम

| क्र.सं. | क्रियाकलाप | संख्या | इकाइ | इकाइ बजेट | कुल बजेट |
|---|---|---|---|---|---|
| १ | प्रतिष्ठानका कर्मचारीको क्षमता विकास कार्यक्रम | १ | पटक | २०००० | २०००० |
| २ | कर्मचारीको सेवाकालीन तालिम | २ | पटक | ७५०००० | १५००००० |
| ३ | कर्मचारीको सेवाप्रवेश तालिम | ३ | पटक | ५००००० | १५००००० |
| ४ | गुण व्यवस्थापन प्रणाली सम्बन्धी कार्यशाला | १ | पटक | २००००० | २००००० |
| ५ | अनुभव आदानप्रदान सम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय कार्यशाला | १ | पटक | २००००० | २००००० |
| ६ | प्रशिक्षार्थी (Internship) कार्यक्रम | १ | वटा | ३००००० | ३००००० |
| ७ | ज्ञान केन्द्र (Knowledge Center) को स्तर उन्नति | १ | पटक | १०००००० | १०००००० |
| ८ | तालिम सञ्चालनका लागि आधारभूत कार्यसञ्चालन कार्यविधि निर्माण | १ | वटा | ३००००० | ३००००० |
| ९ | तालिम व्यवस्थापन सूचना प्रणाली विकास | १ | पटक | ७००००० | ७००००० |
| १० | प्रतिष्ठानका उपलब्धिहरूको भिडियो डकुमेन्ट्री तयारी | १ | पटक | ५००००० | ५००००० |
| ११ | स्थानीय आर्थिक विकाससम्बन्धी तालिम | ५ | पालिका | २००००० | १०००००० |
| १२ | स्थलगत अनुगमन अनुशिक्षण कार्यक्रम | | | | ५००००० |
| १३ | प्रशिक्षण सामग्री प्रकाशन | २ | वटा | ४००००० | ८००००० |
| १४ | येवा नेतृत्व क्षमता विकास तालिम कार्यक्रम | १ | पटक | ५००००० | ५००००० |
| १५ | कार्यमूलक अनुन्धान लेख तथा प्रकाशन | १ | पटक | १०००००० | १०००००० |
| १६ | पेशागत क्षमता विकास सम्बन्धी तालिम | १ | पटक | ५००००० | ५००००० |
| १७ | प्रतिष्ठान परिसरमा पार्क तथा विश्रामस्थल निर्माण | १ | पटक | ५००००० | ५००००० |
| १८ | निर्मित भवनको सम्भार सुधार | | | | १०००००० |
| | जम्मा | | | | १२५००००० |

## (ख) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ ससर्त अनुदान)

| क्र.सं. | क्रियाकलाप | संख्या | इकाइ | इकाइ बजेट | कुल बजेट |
|---|---|---|---|---|---|
| १ | नवनियुक्त कर्मचारीहरुका लागि सेवा प्रवेश तालिम | ६ | पटक | ४००००० | २४००००० |
| २ | सेवाकालीन तालिम | ४ | पटक | १२००००० | ४८००००० |
| ३ | प्रदेश तहका कर्मचारीहरुलाई कार्यशर्त लेखन सम्बन्धी तालिम | १ | पटक | ५००००० | ५००००० |
| ४ | प्रदेश सरकारका मन्त्री, प्रदेश सभाका समिति सभापति र प्रदेश सचिवहरुका लागि कुटनीतिक आतिथ्यता तथा व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम | १ | पटक | ७००००० | ७००००० |
| ५ | प्रदेश अन्तरगतका कर्मचारीहरुलाई वातवरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम (EIA& IEE) | १ | पटक | ५००००० | ५००००० |
| ६ | प्रदेश अन्तरगतका कर्मचारीहरुलाई सार्वजनिक खरिद सम्बन्धी तालिम | ४ | पटक | ५००००० | २०००००० |
| ७ | कार्यालय प्रशासनका कर्मचारीहरुका लागि आधारभूत कार्य सञ्चालन कार्यविधि (SOP for office Administration) निर्माण | १ | वटा | ५००००० | ५००००० |
| ८ | प्रतिष्ठानमा कार्यरत कर्मचारीहरुका लागि क्षमता विकास तालिम | १ | पटक | ५००००० | ५००००० |
| ९ | अन्तर प्रदेश सिकाइ आदान प्रदान भ्रमण | १ | पटक | ५००००० | ५००००० |
| १० | प्रशिक्षण सामग्री र आधारभूत कार्यसञ्चालन कार्यविधि प्रकाशन खर्च | २ | वटा | ५००००० | १०००००० |
| ११ | तालिम हलहरुका लागि Equipment खरिद | १ | पटक | १५००००० | १५००००० |
| १२ | Develop Training Information Management System of GPT | १ | वटा | ५००००० | ५००००० |
| १३ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको लैससास अडिट | १ | पटक | ५००००० | ५००००० |
| १४ | स्थानीय तहले बनाएका विभिन्न योजनाहरु (आवधिक विकास योजना, क्षमता विकास योजना, लैससास रणनीति, राजस्व सुधार योजना) को कार्यान्वयनको अवस्थाको अध्ययन | १ | पटक | १०००००० | १०००००० |
| १५ | स्थानीय तहमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन र स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यान्वयनको फलोअप तालिम /अन्तरक्रिया/गुणस्तर परीक्षण | ३ | पटक | ६००००० | १८००००० |

| क्र.सं. | क्रियाकलाप | संख्या | इकाइ | इकाइ बजेट | कुल बजेट |
|---|---|---|---|---|---|
| १६ | स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी अन्तरक्रिया (जनप्रतिनिधि र कर्मचारीहरु) | २ | पटक | ६००००० | १२००००० |
| १७ | न्याय निरुपण प्रकृयामा देखिएका सवालहरुको बारेमा न्यायीक समितिका सदस्यहरुसँग संवाद कार्यक्रम | २ | पटक | ६००००० | १२००००० |
| १८ | अपाङ्गमैत्री स्थानीय शासन प्रवर्द्धन अभिमुखिकरण | ३ | पटक | ४००००० | १२००००० |
| १९ | न्यायीक समितिका सदस्यहरुलाई लैङ्गिकमैत्री न्याय प्रणाली र मनोसामाजिक सहयोग सम्बन्धी तालिम | ३ | पटक | ६००००० | १८००००० |
| २० | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुसँग लैङ्गिक हिंसा विरुद्धको आचारसहिंता, लैससास रणनीति र लैससास परीक्षणको कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | ३ | पटक | ४स००००० | १२००००० |
| २१ | स्थानीय तहका बालकल्याण अधिकारीहरुलाई बालसंरक्षण सम्बन्धी तालिम | ३ | पटक | ४००००० | १२००००० |
| २२ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई वित्तीय उत्तरदायित्व र बेरुजु व्यवस्थापन सम्बन्धी तालिम | ३ | पटक | ५००००० | १५००००० |
| २३ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम | ६ | पटक | ४००००० | २४००००० |
| २४ | जिल्ला समन्वय समितिका पदाधिकारीहरुलाई क्षमता विकास सम्बन्धी तालिम | १ | पटक | ५००००० | ५००००० |
| २५ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुलाई सार्वजनिक खरिद सम्बन्धी तालिम | ३ | पटक | ५००००० | १५००००० |
| २६ | स्थानीय तहका प्रवक्ताको भूमिका सम्बन्धी तालिम (स्थानीय तहका प्रवक्ताहरुका लागि) | ३ | पटक | ४००००० | १२००००० |
| २७ | स्थानीय तहका राजस्व परामर्श समितिका पदाधिकारी र कर्मचारीहरुलाई राजश्व व्यवस्थापन सम्बन्धी तालिम | ३ | पटक | ६००००० | १८००००० |
| २८ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुलाई मध्यमकालीन खर्च संरचना विषयमा फलोअप तालिम तथा अन्तरक्रिया | ३ | पटक | ५००००० | १५००००० |
| २९ | स्थानीय तहका वडा समितिलाई सहभागितामुलक योजना तर्जुमा र अनुगमन सम्बन्धी तालिम | ८ | पटक | १५०००० | १२००००० |
| ३० | स्थानीय तहका वडाका महिला सदस्यहरुलाई लैससास सम्बन्धी तालिम | ६ | पटक | ३००००० | १८००००० |
| ३१ | स्थानीय तहका जनप्रतिनिधीहरुका लागि स्थानीय आर्थिक विकास सम्बन्धी तालिम | ४ | पटक | २००००० | ८००००० |

| क्र.सं. | क्रियाकलाप | संख्या | इकाइ | इकाइ बजेट | कुल बजेट |
|---|---|---|---|---|---|
| ३२ | समुदायमा आधारित संघसस्थाहरुलाई विकास सुशासन, सेवा प्रवाह र नागरिक निगरानी सम्बन्धी तालिम | ४ | पटक | २००००० | ८००००० |
| जम्मा | | ८९ | | | ४१५००००० |
| कुल बजेट (क+ख) | | | | | ५४०००००० |

चालु आ.व. का लागि प्रदेश सरकारबाट चालु तर्फ ३ करोड १४ लाख ३३ हजार र पूँजीगत तर्फ १५ लाख गरी कुल ३ करोड २९ लाख ३३ हजार रुपियाँ तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानद्वारा खर्च गर्नेगरी पूँजीगत तर्फ १५ लाख र चालु तर्फ ४ करोड २१ लाख गरी कुल ७ करोड ६५ लाख  ३३ हजार रुपियाँ प्रतिष्ठानद्वारा खर्च गर्ने गरी विनियोजन भएको थियो।

## ४.३ आ.व. २०८१/८२ को प्रगति

प्रतिष्ठानले चालु आ.व.मा केही महत्वपूर्ण र दुरगामी महत्वका कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गरेको छ। अधिकृतस्त छैटौं, सातौं र आठौं तहका कर्मचारीको सेवाकालीन तालिम संस्थागत भएको छ। गण्डकी प्रदेशमा कार्यरत सबै तालिम प्रदायक संस्थाहरूले सञ्चालन गर्ने तालिम कार्यक्रममा एकरुपता आउन सकोस भन्ने अभिप्रायले आयोजित प्रशिक्षकहरूको पेशागत दक्षता विकास सम्बन्धी तालिम कार्यक्रमले तालिमका आधारभूत न्यूनतम मापदण्ड कायम गरी तालिम कार्यक्रम आयोजना गर्न योगदान पुगेको छ।

त्यसैगरी, प्रतिष्ठानका क्षमता विकासका कार्यक्रमको व्यवस्थापनका लागि Training Management Information System (TMIS) को विकास गरिएको छ र यसमा समयानुकुल परिमार्जन गरिएको छ। यसले प्रशिक्षणका कार्यक्रमको व्यवस्थापनलाई प्रभावकारी र दक्ष बनाउनुका साथै क्षमता विकास कार्यक्रमको अभिलेखलाई व्यवस्थित बनाउन महत्वपूर्ण सहयोग गर्ने अपेक्षा गरिएको छ।

चालु आ.व. मा प्रदेश सरकारबाट प्राप्त अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको संघ सशर्त रकमबाट लामो तथा छोटो अवधिका कुल ३७ वटा तालिम सम्पन्न भएका छन्। सहायकस्तर कर्मचारीका लागि २ वटा र अधिकृतस्त छैटौं तहका कर्मचारीका लागि २ वटा गरी ४ वटा ३० कार्यदिने सेवाकालीन तालिम चालु आ.व. मा सम्पन्न भएका लामो अवधिका तालिमहरू हुन। अधिकृत सातौं तहमा प्रवेश गरेका कर्मचारीहरुका लागि यसै वर्षबाट १५ दिने सेवाप्रवेश तालिम सञ्चालन गरिएको छ।  बाँकी तालिमहरू १ देखि ५ दिन अवधिका विषयवस्तु र पाठ्यक्रममा

आधारित भएर सञ्चालन भए।

प्रदेश सरकारबाट प्राप्त अनुदान रकममार्फत कर्मचारीको सेवाकालीन तालिम र पेशागत दक्षता विकास सम्बन्धी तालिम, गुण व्यवस्थापन सम्बन्धी कार्यशाला, कार्यक्रम कार्यान्वयन भए। त्यसैगरी, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममार्फत प्राप्त संघ सशर्त अनुदान रकमबाट प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीका लागि क्षमता विकासका कार्यक्रम एवम् प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका विभिन्न नतिजामा तोकिएका कार्यक्रम कार्यान्वयन भए।

प्रतिष्ठानको रणनीतिक योजनामा उल्लेख भए बमोजिम यस आ.व. मा एकवटा सवाल केन्द्रित संवाद कार्यक्रमको आयोजना भयो। स्थानीय तहको  आर्थिक विकासका लागि ९ वटा स्थानीय तहमा स्थानीय  आर्थिक विकास तालिम सम्पन्न गरियो। नागरिक सुशासन र सेवाप्रवाहसँग सम्बन्धित तालिम प्रदेशका ४ स्थानमा सञ्चालन गरियो।  यसै  वर्ष स्थानीय तहका महिला जनप्रतिनधिहिरुका लागि समवकिास तालिम सञ्चालन गरियो। अपाङ्गमैत्री स्थानीय शासन प्रवर्द्धन अभिमुखीकरण कार्यक्रम पनि सञ्चालन भयो। जिल्ला समन्वय समितिका पदाधिकारीहरुका लागि क्षमता विकास तालिमलाई यस वर्ष पनि निरन्तरता दिइयो।

चालु आ.व.मा सञ्चालित क्षमता विकास कार्यक्रमका कुल १५०८ सहभागी मध्ये ४४ प्रतिशत महिला रहेका छन् भने बाँकी ६६ प्रतिशत पुरुषको सहभागिता रहेको छ। प्रतिष्ठानद्वारा यस आ.व. मा सञ्चालित क्षमता विकास कार्यक्रमको विस्तृत विवरण आगामी खण्डहरूमा उल्लेख गरिएको छ।

# (क) प्रशिक्षण कार्यक्रम

चालु आर्थिक वर्षमा प्रतिष्ठानले प्रदेश सरकारबाट प्राप्त अनुदान रकम र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमतर्फको बजेटमार्फत लामो तथा छोटो अवधिका विभिन्न किसिमका तालिम तथा प्रशिक्षण सञ्चालन गरेको छ । प्रदेश सरकारद्वारा प्राप्त अनुदान रकमबाट कर्मचारीको सेवाकालीन तालिम, तालिम प्रदायक संस्थाहरूको पेशागत दक्षता अभिवृद्धि तालिम, गुण व्यवस्थापन प्रणाली सम्बन्धी तालिम आदि सञ्चालन भएका छन् । त्यसैगरी, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममार्फत जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तालिम, कर्मचारीको सेवाकालीन र सेवा प्रवेश तालिमहरू सञ्चालन भएका छन् । यस आ.व. मा प्रतिष्ठानद्वारा सञ्चालित तालिम तथा प्रशिक्षण कार्यहरूलाई विस्तृत रुपमा तल उल्लेख गरिएको छ।

## (१) तालिम आवश्यकताको पहिचान

प्रतिष्ठानले आगामी आ.व. का लागि क्षमता विकासका कार्यक्रम तय गर्नु भन्दा अगावै प्रदेशतहका कार्यालय, जिल्ला समन्वय समिति र स्थानीय तहहरूमा पत्राचार गरी जनप्रतिनिधि र कर्मचारीका लागि अलग अलग क्षमता विकास आवश्यकताको पहिचान गरेको थियो । त्यसैगरी, जनप्रतिनिध तथा कर्मचारीसँग गरिएका औपचारिक तथा अनौपचारीक छलफल, अन्तरवार्ता तथा संघ, प्रदेश र स्थानीय तहका कार्यक्षेत्रलाई समेत विचार गरी तालिम आवश्यकताको पहिचान गरिएको थियो । यसरी गरिएको आवश्यकता पहिचानका आधारमा प्रतिष्ठानतर्फका नियमित कार्यक्रम र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमतर्फका क्रियाकालपको वार्षिक योजना तयार गरिएको थियो। तालिम आवश्यकता पहिचानको क्रममा आ.व. २०८२/८३ का लागि माग गरिएका तालिमको विवरण तलका तालिकामा उल्लेख गरिएको छ।

## (१.१) स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिबाट माग भएका तालिमको विवरण

| क्र.स. | तालिमको नाम | माग गर्ने स्थानीय तहको सङ्ख्या |
|---|---|---|
| १ | सार्वजनिक खरिद सम्बन्धी तालिम | १३ |
| २ | कानून निर्माण सम्बन्धी तालिम | २ |
| ३ | स्थानीय सरकार सञ्चालन तथा सेवा प्रवाह सम्बन्धी तालिम | ६ |
| ४ | नेतृत्व विकास सम्बन्धी तालिम | ८ |
| ५ | सकारात्मक सोच सम्बन्धी तालिम | ६ |
| ६ | न्यायिक निरुपण तथा मेलमिलाप सम्बन्धी तालिम | ६ |
| ७ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम | ५ |
| ८ | विषयगत समितिलाई तालिम | ५ |
| ९ | स्थानीय आर्थिक विकास सम्बन्धी तालिम | ५ |
| १० | PAMS V2 | १६ |
| ११ | SUTRA सम्बन्धी तालिम | ८ |
| १२ | ARC GIS | ७ |
| १३ | बालमैत्री स्थानीय तह | ५ |
| १४ | जिन्सी व्यवस्थापन सम्बन्धी तालिम | ४ |
| १५ | E-BID | ९ |
| १६ | प्रस्ताव लेखन सम्बन्धी तालिम | ५ |
| १७ | मध्ययमकालीन खर्च संरचना निर्माण सम्बन्धी तालिम | ४ |
| १८ | LISA/FRA | ५ |

Source: Training Need Survey, 2082, GPTA

## (१.२) प्रदेश लोक सेवा आयोगबाट माग भएका तालिम

| क्र.स. | तालिमको नाम | प्रस्ताव गरिएका सहभागीहरु |
|---|---|---|
| १ | प्रस्ताव लेखन तालिम | कर्मचारीहरु |
| २ | प्रशासन तथा व्यवस्थापन तालिम | कर्मचारीहरु |
| ३ | कम्प्युटर तालिम | कर्मचारीहरु |
| ४ | Network and Windows, LinuxServer Setup/ Management | कर्मचारीहरु |
| ५ | फायल व्यवस्थापन | कर्मचारीहरु |
| ६ | अतिथि स्वागत तथा व्यवस्थापन | कर्मचारीहरु |

Source: Training Need Survey, 2082, GPTA

## (१.३) प्रतिष्ठानद्वारा विभिन्न मन्त्रालय तथा सरोकारवालाहरूसँग छलफल गरी पहिचान भएका तालिम

| क्र.स. | तालिम / कार्यक्रमको नाम |
|---|---|
| १ | नवनियुक्त कर्मचारीहरुका लागि सेवा प्रवेश तालिम |
| २ | प्रदेश सरकारका मन्त्री, प्रदेश सभाका समिति सभापति र प्रदेश सचिवहरुका लागि कुटनीतिक आतिथ्य व्यवस्थापन सम्बन्धी अभिमुखीकरण |
| ३ | स्थानीय तहमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन र स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यान्वयनको फलोअप तालिम/अन्तरक्रिया/गुणस्तर परीक्षण |
| ४ | अपाङ्गमैत्री स्थानीय शासन प्रवर्द्धन अभिमूखीकरण |
| ५ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुसँग लैङ्गिक हिंसा विरुद्धको आचारसहिंता, लैससास रणनीति र लैससास परीक्षणको कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया |
| ६ | स्थानीय तहका बालकल्याण अधिकारीहरुलाई बालसंरक्षण सम्बन्धी तालिम |
| ७ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई वित्तीय उत्तरदायित्व र बेरुजु व्यवस्थापन सम्बन्धी तालिम |
| ८ | जिल्ला समन्वय समितिका पदाधिकारीहरुलाई क्षमता विकास सम्बन्धी तालिम |
| ९ | स्थानीय तहका प्रवक्ताको भूमिका सम्बन्धी तालिम (स्थानीय तहका प्रवक्ताहरुका लागि) |
| १० | समूदायमा आधारित संघसस्थाहरुलाई विकास सुशासन, सेवा प्रवाह र नागरिक निगरानी सम्बन्धी तालिम |

Source: Training Need Survey, 2082, GPTA

प्रतिष्ठानले विभिन्न श्रोत र विधिबाट पहिचान गरेका क्षमता विकास तालिमहरूलाई प्राथमिकताका आधारमा वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै आइरहेको छ । तालिम आवश्यकता पहिचानको क्रममा प्राप्त माग र सुझावलाई मध्यनजर गरी आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम तय गरिएको छ। तालिम आवश्यकता पहिचानका लागि प्रदेश सरकारका निकाय तथा ८५ वटै स्थानीय तहहरुलाई पत्राचार गरिएकोमा थोरै मात्र स्थानीय तह र प्रदेश लोक सेवा आयोगबाट मात्र आवश्यकता फाराम प्राप्त भएको अवस्था रहेको थियो । धेरै स्थानीय तह र प्रदेश लोक सेवा आयोग बाहेक अन्य प्रादेशिक मन्त्रालय तथा निकायहरुबाट माग प्राप्त हुन सकेन । प्रतिष्ठानले विभिन्न समयमा सञ्चालन गरेका तालिमका सहभागीहरुबाट प्राप्त सुझावका आधारमा र आवश्यक ठानेका आधारमा आगामी वर्षका लागि कार्यक्रम प्रस्ताव गरिएको अवस्था छ।

## (२) पाठ्यक्रम निर्माण

प्रतिष्ठानले क्षमता विकासका लामो तथा छोटो अवधिका तालिम, अनुशिक्षण तथा अभिमुखीकरणका लागि निश्चित ढाँचाको अवलम्बन गरी पाठ्यक्रम निर्माण गर्ने पद्धति स्थापित गरेको छ। पाठ्यक्रम

निर्माण गर्दा तालिम तथा अभिमुखीकरणका साधारण तथा विशिष्ट उद्देश्यका साथ साथै कार्यान्वयन र नतिजा तहका उद्देश्य समेत किटान गरी सोही मुताविक प्रशिक्षणका विषयवस्तु र प्रशिक्षणका विधि निक्यौंल गरिन्छ। यसका अलावा, तालिम पश्चातको फलोअप र अनुगमन तथा मूल्याङ्कनका विधि समेत पाठ्यक्रमका विषयवस्तु बन्दछन्। डोनाल्ड कर्कप्याट्रिकको चार तहको सिकाइ मूल्याङ्कनको सिद्धान्तलाई आधार मानी पाठ्यक्रम तयार गरिन्छ।

प्रतिष्ठानले आ.व. २०७७/७८ मा सहायकस्तर चौथो/पाँचौं तथा २०७८/७९ मा अधिकृतस्तर छैटौं, सातौं र आठौं तहका कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम तयार गरि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गरेको थियो। उल्लिखित पाठ्यक्रमहरूलाई क्रमशः २०७७ चैत्र १९ र २०७९ जेठ १७ गतेको प्रशिक्षण परिषद्का बैठकले स्वीकृत गरेका थिए। त्यसैगरी, प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश र स्थानीय तहका लागि छनौट भएका कर्मचारीको सेवा प्रवेश तालिम पाठ्यक्रम समेत गत आ.व.मा निर्माण भएको थियो।

चालु आ.व. का लागि वार्षिक योजनामा समावेश भएका क्षमता विकास कार्यक्रमहरू जस्तै, प्रतिष्ठानका कर्मचारीको क्षमता विकास तालिम, युवा नेतृत्व विकास तालिम, प्रशिक्षकहरूको पेशागत क्षमता विकास तालिम, सवाल केन्द्रित संवाद आदिका पाठ्यक्रम निर्माण भए। त्यसैगरी, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फका विभिन्न नतिजाका लागि पाठ्यक्रम निर्माण भए। आ.व. २०८१/८२ मा क्षमता विकास कार्यक्रमका लागि तयार भएका अवधारणा पत्र र पाठ्यक्रमका विवरण निम्नानुसार रहेको छ :

| क्र.सं. | प्रदेश तहका कार्यक्रम | अवधि |
|---|---|---|
| १ | अधिकृतस्तर सातौं तहका कर्मचारीका लागि सेवा प्रवेश तालिम | १५ दिन |
| २ | नवप्रवेशी इन्जिनियर/अधिकृतस्तर (सातौं तह) कर्मचारीका लागि सेवाप्रवेश तालिम | ५ दिन |
| ३ | वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी तालिम | ३ दिन |
| ४ | युवा नेतृत्व क्षमता विकास तालिम | ३ दिन |
| ५ | कार्यशर्त लेखन तालिम | २ दिन |
| ६ | गुणस्तर व्यवस्थापन प्रणाली ९त्तगबष्तिथ :बलबनझभलत क्थकतझ० सम्बन्धी तालिम | १ दिन |
| ७ | न्वप्रवेशी अधिकृत सातौं तहका कर्मचारीहरुका लागि अभिमुखीकरण कार्यक्रम | ३ दिन |
| ८ | सार्वजनिक खरिद सम्बन्धी तालिम | ३ दिन |

| | | |
|---|---|---|
| ९ | पेशागत क्षमता विकास तालिम (तालिम केन्द्रहरूका लागि ) | ३ दिन |

| क्र.सं. | स्थानीय तहका कार्यक्रम | अवधि |
|---|---|---|
| १ | जिल्ला समन्वय समितिका पदाधिकारीहरूका लागि क्षमता विकास सम्बन्धी तालिम | २ दिन |
| २ | न्याय निरुपण प्रक्रियामा देखिएका सवाल विषयक संवाद कार्यक्रम | १ दिन |
| ३ | सार्वजनिक खरिद सम्बन्धी तालिम | ३ दिन |
| ४ | न्यायिक समितिका सदस्यहरुका लागि लैङ्गिकमैत्री न्यायप्रणाली र मनोसामाजिक सहयोगसम्बन्धी तालिम | २ दिन |
| ५ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम | २ दिन |
| ६ | स्थानीय आर्थिक विकाससम्बन्धी तालिम | ३ दिन |

## (३) प्रतिष्ठान तर्फका नियमित कार्यक्रम (प्रदेश सरकार अनुदान)

प्रतिष्ठानले रणनीतिक योजनामा उल्लिखित कार्यक्रमलाई मध्येनजर गरी तयार पारेको वार्षिक योजना अनुसार प्रदेश सरकारबाट प्राप्त अनुदानमार्फत सम्पादित क्रियाकलापहरूको विवरण तल उल्लेख गरिएको छ।

### प्रशिक्षण परिषद्को सातौं बैठक सम्पन्न







२०८१।०४।१० गते यस प्रतिष्ठानको प्रशिक्षण परिषद्को सातौं बैठक माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको अध्यक्षतामा सम्पन्न भयो। उक्त बैठकमा आ व २०८०।०८१ को प्रगति समिक्षा गरिएको थियो। उक्त बैठकबाट प्रदेश र स्थानीय तहमा कार्यरत अधिकृतस्तर दशौं तहका कर्मचारीको उच्चस्तरीय व्यवस्थापन

तालिम पाठ्यक्रम स्वीकृत, प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश र स्थानीय तहमा सिफारिस भएका अधिकृतस्तरका कर्मचारीको सेव प्रवेश तालिम पाठ्यक्रम स्वीकृत एवम् प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत भएको थियो ।उक्त बैठकबाट आ. व. २०८१।०८२ को बजेट तथा कार्यक्रम अनुमोदन भयो भने बैठकमा अन्य समसामयिक विषयहरुमा छलफल समेत भएको थियो ।

## ३.१ अधिकृतस्तर छैटौं तहका कर्मचारीको सेवाकालीन तालिम








अधिकृतस्तरका कर्मचारीको वृत्ति विकासमा सहायक मानिने सेवाकालीन तालिम प्रदेशस्तरमा नै सञ्चालन गर्ने उद्देश्यले प्रतिष्ठानले आ.व. २०७८/७९ मा ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम तयार गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गरेको थियो भने २०७९/२/१७ को प्रशिक्षण परिषद्को बैठकबाट उक्त पाठ्यक्रम स्वीकृत भएको थियो । गत आ.व.मा सोही पाठ्यक्रमका आधारमा छैटौं तहका ४० जना पुरुष र २० जना महिला गरी ६० जना कर्मचारीलाई सेवाकालीन तालिम प्रदान गरिएको थियो ।

२०८१ कार्तिक ५ गतेदेखि मंसिर १४ गतेसम्म संचालित तालिमको उद्घाटन प्रतिष्ठानका तत्कालीन कार्यकारी निर्देशक ऋषिराम पाण्डेले गर्नुभएको थियो ।

पाठ्यक्रममा व्यवस्था गरिएका ७ वटा मोड्यूलमा आधारित भई हरेक दिन ९० मिनेटका ४ वटा सत्रका दरले विहान १०:०० वजे देखि अपरान्ह ५:०० वजेसम्मको अवधिमा कक्षा कोठाको सिक्षण–सिकाइ क्रियाकलाप सञ्चालन गरिएको थियो । सहभागीको सिकाइको नियमित मूल्याङ्कन, व्यक्तिगत र समूह कार्य, कार्यमूलक अनुसन्धान, सङ्गठन विकास योजना, सिकाइ परीक्षा आदिका आधारमा सहभागीको सिकाइको स्तर मापन गरिएको थियो ।

उक्त तालिम मिति २०८१।०८।१४ गतेका दिन एक समारोहका साथ सम्पन्न भयो । प्रतिष्ठानका तत्कालीन कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षतामा भएको समापन समारोहमा गण्डकी

प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यता र प्रतिष्ठानका शाखा अधिकृत जित बहादुर रानाले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा सहभागीका तर्फबाट दुईजना महिला र दुईजना पुरुष सहभागीले मन्तव्य व्यक्त गरेका थिए । समापन मन्तव्य राख्तै माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कर्मचारीको सेवा प्रवाहमा प्रदेश सरकारको उपस्थिति रहने हुनाले इमान्दारितापूर्वक कार्यसम्पादन गर्न निर्देशन दिनुभएको थियो । कानूनको परिधिमा रही सकारात्मक सोचका साथ कार्यसम्पादन गर्नुपर्ने र तालिमबाट सिकेका कुरालाई व्यवहारमा उतार्नुपर्ने कुरा समेत व्यक्त गर्नुभएको थियो । उक्त अवसरमा मुख्यमन्त्री पाण्डेले तालिमका सहभागी सबैलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

## ३.२ पेशागत क्षमता अभिवृद्धि तालिम

प्रतिष्ठानले प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाहरूद्वारा कार्यान्वयन गरिने क्षमता विकासका कार्यक्रमको न्यूनतम आधारभूत गुणस्तर कायम गर्ने उद्देश्यले गत आ.व. देखि नै कार्य गर्दै आइरहेको छ । सोको निरन्तरतास्वरुप चालु आ.व.मा समेत गण्डकी प्रदेशमा रहेका विभिन्न १४ वटा तालिम प्रदायक संस्थामा कार्यरत प्रशिक्षकहरूका लागि पेशागत क्षमता विकास सम्बन्धी ३ दिने तालिम मिति २०८१ असोज २० गतेदेखि २२ गतेसम्म सञ्चालन गरिएको थियो । तालिममा गण्डकी प्रदेशस्थित पर्वत, तनहुँ र कास्कीका सरकारी तालिम केन्द्रमा कार्यरत १२ जना कर्मचारीको सहभागिता रहेको थियो जसमध्ये महिला सहभागी ५ र पुरुष सहभागी ७ जना रहेका थिए । कार्यक्रम बहिान १० बजेदेखि बेलुका ५ बजेसम्म सञ्चालन गरीएको थियो । कार्यक्रमको सहजीकरण प्रशिक्षक कपिल न्यौपाने र वेद प्रसाद सापकोटाले गरेका थिए। उक्त कार्यक्रमको शुभारम्भ अनौपचारकि रुपमा भएको थियो ।

तालिमको समापन कार्यक्रम प्रतिष्ठानका तत्कालीन कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षतामा सम्पन्न भएको थियो। सम्पूर्ण सहभागीहरुलाई प्रमाण पत्र वितरण गरी कार्यक्रम समापन गरिएको थियो। गण्डकी प्रदेशमा कार्यरत विभिन्न तालिम प्रदायक संस्थाहरूद्वारा सञ्चालन गरिने तालिमको गुणस्तर वृद्धि गर्ने, तालिमको डिजाइनमा एकरुपता कायम गर्ने तथा प्रशिक्षकहरूमा सहजीकरण सीपको विकास गर्ने उद्देश्यले उक्त तालिम आयोजना गरिएको थियो । पेशागत क्षमता अभिवृद्धि तालिम प्रतिष्ठानको नयाँ अग्रसरता हो । प्रदेश अन्तर्गत रहेका विभिन्न तालिम प्रदायक संस्थाहरूलाई Instructional Design and Performance Based Training System मा आधारित प्रशिक्षण पद्धति अवलम्बन गर्न उक्त तालिमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ । प्रयोगात्मक पक्षलाई ध्यान दिई सञ्चालन गरिएको उक्त तालिम कार्यक्रममा तालिम आवश्यकता पहिचान, तालिम कार्यक्रमको

डिजाइन, तालिम सामग्री निर्माण, तालिम सहजीकरण र तालिमको मूल्याङ्कन जस्ता विषयवस्तुमा सहभागिहरूलाई अभ्यस्त गराइएको थियो । यस तालिम पश्चात तालिम प्रदायक संस्थाद्वारा आयोजना गरिने तालिमको गुणस्तरमा सुधार हुने अपेक्षा गरिएको छ ।

### ३.३ प्रदेश तथा स्थानीय तहमा नव नियुक्त अधिकृतस्तरका कर्मचारीहरूका लागि सेवा प्रवेश तालिम

प्रदेश लोक सेवा आयोग , गण्डकी प्रदेश , पोखराबाट स्थायी नियुक्तीका लागि सिफारिस भएका प्रशासन, लेखा, राजस्व, तथ्याङ्क र विविध सेवाका अधिकृतस्तर सातौं तहका कर्मचारीहरुको १५ दिने सेवा प्रवेश तालिम २०८१।०४।१४ देखि ०४। ३० सम्म सञ्चालन गरियो । प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न सेवा समूहमा सिफारिस भएका सातौं तहका अधिकृतहरुका लागि आयोजित सेवा प्रवेश तालमिले उल्लेखित पदमा रही निर्वाह गर्नुपर्ने कार्य जिम्मेवारीलाई प्रभावकारी बनाउन, कर्मचारीहरुलाई काम गर्ने संगठनसँग परिचित गराउन, सार्वजनिक सेवाको परिवेशको जानकारी गराउन, कार्य जिम्मेवारी अनुसारको सेवाप्रवाह प्रभावकारी बनाउन, राष्ट्रसेवकको आचरणमा सुधार गर्न, स्वच्छ र भ्रष्टाचार विहीन तथा प्रभावकारी कर्मचारीतन्त्रको विकास गर्न, कर्मचारी प्रशासन तथा विकास कार्यको सञ्चालन तथा यसको प्रतिफल जनतामा वितरण गर्ने कार्यमा आधारभूत सीप तथा तौर तरिकाहरुबारे जानकारी दिन यो सेवा प्रवेश तालिम सञ्चालन गरिएको हो ।

उक्त कार्यक्रमको शुभारम्भ कार्यक्रम प्रतिष्ठानका तत्कालीन कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षता तथा गण्डकी प्रदेश सरकारका प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेतको प्रमुख आतिथ्यतामा सञ्चालन भएको थियो । शुभारम्भ सत्रमा मन्तव्य राख्दै प्रमुख सचिवले विगतमा अधिकृतस्तरको सेवा प्रवेश तालिम ५ दिनको भएकोमा तालिम अवधि बढाउन आवश्यक देखेर यसै वर्षदेखि १५ दिनको पाठ्यक्रम निर्माण र स्वीकृत गरी यो तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो । उक्त तालिममा १२ जना महिला र ४२ जना पुरुष गरी जम्मा ५४ जनाको सहभागिता रहेको थियो । उक्त तालिम दुई समूहमा सञ्चालन गरिएको थियो ।

### ३.४ प्रतिष्ठानका उपलब्धीहरूको भिडियो डकुमेन्ट्री तयारी

प्रतिष्ठानको स्थापना कालदेखि गत आ व सम्म सञ्चालन गरिएका गतिविधिहरु समेटिएको भिडियो डकुमेन्ट्री निर्माण गरी प्रतिष्ठानका उपलब्धीहरुलाई सबै सामु पुऱ्याउने उद्देश्यका साथ करिब ३५ मिनेटको भिडिया डकुमेन्ट्री निर्माण गरिएको छ । गोल्डेन आइ टेलिभिजनसँगको सहकार्यमा यो कार्यक्रम सम्पन्न गरिएको हो । यो डकुमेन्ट्रीमा गण्डकी प्रदेशका विभन्नि स्थानीय तहका प्रमुख

/अध्यक्ष, उप प्रमुख /उपाध्यक्ष, कर्मचरी अन्य जनप्रतिनिधिहरुको भनाइ समेटिएको छ। विभिन्न तालिमहरुमा सहभागी भएका कर्मचारीहरुमा तालिमले पारेको सकारात्मक प्रभाव र सेवा प्रवाहमा आएको सुधारात्मक पक्षहरुलाई डकुमेन्ट्रीले उजागर गरेको छ । प्रतिष्ठानका उपलब्धीहरुलाई अभिलेखीकरण गर्ने उद्देश्यका साथ यो डकुमेन्ट्री निर्माण गरिएको हो।

### ३.५ स्थानीय आर्थिक विकाससम्बन्धी तालिम

नेपालमा संघीयतापश्चात तीन तहका सरकारहरु क्रियाशील छन् । संघ, प्रदेश र स्थानीय तहमा विभाजित संघीय गणतन्त्र नेपालमा प्रदेश तथा स्थानीय तहलाई संघ सरकारले विभिन्न नममा अनुदान उपलब्ध गराउने गर्दछ। संघ सरकारबाट प्राप्त अनुदानका भरमा मात्र स्थानीय सरकार चल्न नसक्ने हुनाले हरेक स्थानीय तहले आफ्नो आय स्रोत बढाउनुपर्ने आवश्यकता छ। आफ्नो स्थानीय तहमा सम्भाव्य स्रोतको पहिचान, प्राथमिकीकरण र कार्यान्वयन गर्न स्थानीय तहलाई सक्षम बनाउने उद्देश्यका साथ स्थानीय आर्थिक विकास तालिम आयोजना गरिएको हो। प्रदेश सरकारबाट विनियोजन गरिएको बजेट मार्फत ५ वटा स्थानीय तहमा स्थानीय आर्थिक विकास तालिम सञ्चालन गरिएको हो। यो तालिमले स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुमा स्थानीयस्तरमा स्रोत पहिचान, प्राथमिकीकरण र कार्यान्वयन गर्न सक्ने क्षमता विकास हुने अपेक्षा गरिएको छ। प्रदेश सरकारबाट विनियोजन गरिएको बजेट मार्फत निम्न स्थानीय तहमा स्थानीय आर्थिक विकास तालिम सञ्चालन गरियो।

| क सं | कार्यक्रम गरिएको स्थानीय तह | सञ्चालन मिति | सहभागी संख्या |
|---|---|---|---|
| १ | लोमान्थाङ्ग गापा, मुस्ताङ्ग | २०८१।०९।२५-२७ | महिला ६ पुरुष २२ जम्मा २८ |
| २ | मालिका गापा, म्याग्दी | २०८२।०२।१८-२० | महिला १५ पुरुष २५ जम्मा ४० |
| ३ | गलकोट नपा, बागलुङ्ग | २०८२।०२।२२-२४ | महिला २२ पुरुष ४८ जम्मा ७० |
| ४ | विहादी गापा, पर्वत | २०८२।०२।२२-२४ | महिला ११ पुरुष ३४ जम्मा ४५ |
| ५ | हुप्सेकोट गापा, नवलपुर | २०८२।०२।२९-३१ | महिला २० पुरुष ३१ जम्मा ५१ |

### ३.६ युवा नेतृत्व क्षमता विकास तालिम

गण्डकी प्रदेशस्थित स्याङ्जा, गोरखा, लमजुङ, बागलुङ, म्याग्दी, नवलपुर, पर्वत, तनहुँ र कास्की गरी ९ वटा जिल्लाका विभिन्न संघ संस्थामा आवद्ध २० देखि ४० वर्षसम्मका महिला १३ र पुरुष १४ गरी जम्मा २७ जना युवाको सहभागितामा मिति२०८१ पौष १६ देखि १८ सम्म युवा नेतृत्व क्षमता विकास तालिम सम्पन्न भयो । यस युवा नेतृत्व क्षमता विकास तालिममा विद्यमान युवासम्बन्धी कानूनका बारेमा जानकारी गराउने, असल निर्णय निर्माण,नेपालको शासन प्रणाली,विकासको अवधारणा,

सकारात्मक सोचको विकास, जीवनोपयोगी सीपको विकास गर्न सहयोग गर्ने जस्ता विषयवस्तुहरु समावेश गरिएको थियो ।




यो तालिम सञ्चालन पश्चात युवा सहभागीहरुमा युवा नीति, नेतृत्व क्षमता, वक्तृत्व शैली, सञ्चार सीप, बैठक व्यवस्थापन जस्ता विषयमा क्षमता विकास भएको देखिन्छ ।

## ३.७ गुण व्यवस्थापन प्रणाली सम्बन्धी कार्यशाला

तालिम, प्रशिक्षण तथा लशिक्षण सिकाइ क्रियाकलापमा संलग्न सरकारी निकायहरुका साथै शै क्षिक संस्था, निजी तथा सार्वजनिक प्रशिक्षण तथा तालिम प्रदायक संस्थाहरुलाई पनि गुण प्रणालीमा समावेश गर्ने र गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहयोग गर्ने अभिप्रायले मिति २०८१ असोज १ गते गुण व्यवस्थापन प्रणालीसम्बन्धी कार्यशाला सम्पन्न भयो । कार्यशालालाई National Certification & Management Nepal Pvt.Ltd. का गुण व्यवस्थापन प्रणाली तथा क्ष्ब्इ ऋभचतषछ्अबतष्यल विज्ञ डा. जनार्दन घिमिरेले सहजकर्ताका रुपमा सहजीकरण गर्नुभएको थियो । विभिन्न निकायबाट उपस्थित १७ जना सहभागीमध्ये १ जना महिला र १६ जना पुरुष रहेका थिए । उक्त कार्यशालामा सबै तालिम प्रदायक निकाय तथा शैक्षिक संस्थाहरुबाट गुणस्तर नियन्त्रणमा आफूले गरिआएका अभ्यासहरुका बारेमा अनुभव आदान प्रदान तथा छलफल गरिएको थियो । समूह कार्यमा सहभागी सबै समूहले गुण व्यवस्थापनका उपाय पहिचान गर्नुका साथै आ-आफ्ना निकायहरुलाई गुण व्यवस्थापन प्रणालीमा आवद्ध गराउन प्रयास गर्ने कुरा समेत राखेका थिए ।

## ३.८ प्रतिष्ठानका कर्मचारीको क्षमता विकास कार्यक्रम

यस प्रतिष्ठानमा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न क्रियाकलाप सञ्चालन गर्ने गरिएको छ । यस अन्तरगत अन्तर प्रदेश सिकाइ आदान प्रदान कार्यक्रम सम्पन्न गरियो । यस सिकाइ आदान प्रदान कार्यक्रम अन्तरगत सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका प्रशिषण प्रतिष्ठान र केही स्थानीय तहको अवलोकन भ्रमण कार्य सम्पन्न भयो । यो कार्यक्रम मिति २०८१ मंसिर २४ देखि ३० सम्म



सञ्चालन भएको थियो । यस कार्यक्रममा प्रतिष्ठानका ९ जना कर्मचारीहरुको सहभागिता रहेको थियो। सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, डोटीले धनगढीमा आयोजना गरेको सेवाकालीन तालिमका सहभागीहरुसँग धनगढीमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । धनगढीको अन्तरक्रिया कार्यक्रम पश्चात डोटीको जोरायल गाउपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुसँग जोरायलको बुडरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, पुन्ना, डोटीमा चलिरहेको सेवाकालीन तालिमका सहभागी तथा प्रतिष्ठानका कर्मचारीहरुसँग अन्तरक्रिया गरियो।



कर्णाली प्रदेश अन्तरगत जुम्ला जिल्लाको तिला गाउपालिकामा जनप्रतिनिधि तथा कर्मचारीहरुसँग अन्तरक्रिया कार्यक्रम गरियो। पालिकाले सञ्चालन गर्न लागेको एकीकृत सेवा प्रवाहका सम्बन्धमा छलफल गरियो। कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, सुर्खेतमा त्यहाँका कर्मचारीहरुसँग प्रतिष्ठानले सञ्चालन गरेका विभिन्न गतिविधिहरुका बारेमा अन्तरक्रिया गरयिो । तत्पश्चात यो भ्रमण कार्यक्रम सम्पन्न भयो।

भ्रमण कार्यक्रमले अन्य प्रतिष्ठानहरुले सञ्चालन गरेका गतिविधि र सञ्चालन प्रक्रियाका बारेमा जानकारी लिने र नयाँ अभ्यासहरु सिक्ने अवसर प्रदान गर्‍यो। त्यस्तै गरी स्थानीय तहले सञ्चालन गरेका नयाँ कार्यक्रम र सञ्चालन प्रक्रियाका बारेमा जानकारी लिने अवसर मिल्यो । प्रतिष्ठानले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरुमा नयाँपन दिनका लागि भ्रमण मार्फत सिकिएका सिकाइहरु महत्वपूर्ण हुने देखियो।

# (४) प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP)

## ४.१ परिचय

प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) प्रदेश र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा सञ्चालित राष्ट्रिय कार्यक्रम हो । यो कार्यक्रम सबै प्रदेश र स्थानीय तहमा सम्बन्धित प्रदेश सरकार मार्फत कार्यान्वयन भइरहेको छ। प्रदेश सरकार तथा स्थानीय तहको शासन व्यवस्थालाई क्रियाशिल, दीगो, समावेशी र उत्तरदायी बनाउने यस कार्यक्रमको लक्ष्य रहेको छ। प्रदेश तथा स्थानीय तहबाट प्रदान गरिने सेवालाई गुणस्तरीय बनाउने तथा स्थानीय विकास र आर्थिक समृद्धिका लागि योगदान गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ। कार्यक्रमको लक्ष्य र उद्देश्य हासिल गर्न प्रदेश तथा स्थानीय तहको संस्थागत विकास, जनप्रतिनिधिहरूको नेतृत्व विकास तथा कर्मचारीहरूको क्षमता विकासका लागि विभिन्न क्रियाकलापहरू कार्यान्वयन भइरहेका छन् । हाल यो कार्यक्रम प्रदेश तथा स्थानीय शासन सबलीकरणको नामबाट दोस्रो चरणका रुपमा सञ्चालन भैरहेको छ।

कार्यक्रमको समग्र समन्वयका लागि संघ स्तरमा कार्यक्रम समन्वय इकाई (Program Coordination Unit-PCU) को व्यवस्था गरिएको छ भने कार्यक्रम कार्यान्वयनका लागि प्रदेश स्तरमा प्रदेश कार्यक्रम कार्यान्वयन इकाई (Provincial Program Coordination Unit – PPCU) तथा प्रदेश सुशासन केन्द्र (Provincial Center for Good Governance – PCGG) प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान (PRTA) को व्यवस्था गरिएको छ । गण्डकी प्रदेशमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले PRTA का कार्यक्रम कार्यान्वयन गर्दछ । सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको अध्यक्षतामा हुने प्रदेश समन्वय समितिले वार्षिक कार्यक्रम तय गर्ने तथा कार्यक्रमको प्रगति समीक्षा गर्ने काम गर्दछ। नेपाल सरकार र विकास साझेदारहरूको संयुक्त आर्थिक योगदान तथा युएनडिपिको प्राविधिक सहयोगमा आ.व. २०७६/७७ मा शुरु भएको पहिलो चरणको कार्यक्रम आ.व. २०८०/८१ सम्म सम्पन्न भएको छ। हाल यो कार्यक्रम दास्रो चरणमा कार्यान्वयन भैरहेको छ। कार्यक्रमका निम्नअनुसार ३ वटा .लक्ष्य र ९ वटा उद्देश्य रहेका छन् :

| Outcome | Output |
|---|---|
| 1. Federal level: Federal level Government institutions and intergovernmental mechanisms are fully functioning in support of federal governance as per the Constitution. | 1. Federal-level institutions develop GESI-sensitive legislation, policies and strategies in support to devolved Good Governance of provinces and local governments.<br>2. Federal horizontal and vertical intergovernmental mechanisms and relations functional and strengthened "Leave No One Behind"<br>3. Inclusive service delivery by provinces and local governments strengthened through Tools and Systems for capacity development (LDTA/PRTAs), GESI, PFM/Fiscal federalism, ICT and others. |
| 2. Provincial Level: Provincial Governments have efficient, effective, inclusive, and accountable institutions and organisations | 4. Provincial institutions, organisations and capacity of elected representatives and staff, are strengthened for Provincial Good Governance, inclusive service delivery and GESI responsiveness.<br>5. Horizontal collaboration among Local Governments and vertical collaboration across Local Governments, Provinces and Federal Government is institutionalized and strengthened through intergovernmental mechanisms, Civic Engagement, Local Government Associations and Innovative Partnership Fund.<br>6. Provincial Research and Training Academies have capacities to sustainably deliver demand-driven capacity development services for PLG institutions, organizations, their elected representatives to perform the institutional functions and to deliver inclusive services. |
| 3. Local Level: Local governments have capacity for Good Governance and for delivering inclusive basic services to all people. | 7. Capacity of Local Government organization elected representatives and staff strengthened, and system in place for continuous monitoring and adaption of CD demand, strategy and plans as a long-term transformative support.<br>8. Local government basic service delivery systems deliver effective, sustainable and inclusive services to all people, especially the most marginalized and remote.<br>9. Civic engagement, social inclusion and external accountability mechanisms are internalized by local government to ensure meaningful inclusive service benefits and performance accountability to people. |

## ४.२ प्रगति विवरण

### ४.२.१ जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास

प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमका विभिन्न प्रतिफल अन्तर्गत प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धिका लागि चालु आ.व.मा विभिन्न किसिमका तालिम तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएका छन् । समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता, स्थानीय तहको न्यायिक समितिका सदस्याहरुलाई लैङ्गिकमैत्री न्याय प्रणाली र मनोसामाजिक सहयोग सम्बन्धी तालिम, सार्वजनिक खरिद, जिल्ला समन्वय समितिका पदाधिकारीको क्षमता विकास, स्थानीय अनर्थिक विकास, स्थानीय तहका वडा महिला सदस्यहरुलाई लैससास सम्बन्धी तालिा, अपाङ्गमैत्री स्थानीय शासन प्रवर्द्धन अभिमुखीकरण, संघ संस्थाहरुलाई विकास, सुशासन, सेवा प्रवाह र नागकि निगरानी सम्बन्धी तालिम, प्रदेश अन्तरगतका कर्मचारीहरुलाई वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम, कर्मचारीहरुको सेवाकालीन तालिम, स्थानीय तहका बालकल्याण अधिकारीहरुलाई बालसंरक्षण सम्बन्धी तालिम, प्रदेश तहका कर्मचारीहरुलाई कार्यशर्त लेखन सम्बन्धी तालिम, नव नियुक्त कर्मचारीहरुलाई सेवा प्रवेश तालिम, न्याय निरुपण प्रक्रियिमा देखिएका सवालहरुका बारेमा न्यायिक समितिका सदस्यहरुसँग संवाद कार्यक्रम आदि गरी चालु आर्थिक वर्षमा जम्मा १५ किसिमका ३० वटा तालिम सञ्चालन भएका छन् । तालिमको विस्तृत विवरण पछिल्ला खण्डहरूमा उल्लेख गरिएको छ । प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि सञ्चालन भएका क्षमता विकास तालिमको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| क्र सं | कार्यक्रमको विवरण | जिल्ला | लक्षित सहभागी | सञ्चालन भएको मिति | सहभागी विवरण | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | जम्मा |
| १ | स्थानीय तहका जनप्रतिनिधिहरुका लागि स्थानीय आर्थिक विकास तालिम | ल्मजुङ, तनहुँ र गोरखाका ४ स्थानीय तह | स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी | २०८२/०२/१८ देखि ३१ गतेसम्म | ९१ | ५४ | १४५ |
| २ | स्थानीय तहका वडा महिला सदस्यहरुलाई लैससास सम्बन्धी तालिम | सबै | स्थानीय तहका वडा महिला सदस्य | २०८२।०२।११ र १२ | ० | ६१ | ६१ |
| ३ | अपाङ्गमैत्री स्थानीय शासन प्रवर्द्धन अभिमुखीकरण | १८ स्थानीय तह | स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी | २०८२।०३।०७ | ८ | १८ | २६ |
| ४ | समुदायमा आधारित संघ संस्थाहरुलाई विकास, सुशासन, सेवा प्रवाह र नागरिक निगरानी सम्बन्धी तालिम | लमजुङ, तनहुँ, कास्की र म्याग्दी | नागरिक संस्था | २०८२।०२।०७ देखि २०८२।०३।०७ सम्म | ७८ | ९५ | १७३ |

| क्र सं | कार्यक्रमको विवरण | जिल्ला | लक्षित सहभागी | सञ्चालन भएको मिति | सहभागी विवरण | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | जम्मा |
| ५ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम | मनाङ,गोरखा, | स्थानीय तहका पञ्जिकाधिकारी | २०८२।०१।१६ देखि २१ सम्म | ९८ | ५८ | १५६ |
| ६ | प्रदेश अन्तरगतका कर्मचारीहरुलाई वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम | सबै | प्रदेशका कर्मचारी | २०८२।०१। २३ देखि २५ सम्म | १७ | २ | १९ |
| ७ | सेवाकालीन तालिम | | स्थायी कर्मचारी | २०८१।०९।२२ देखि २०८१।११।०१ सम्म | ३६ | २४ | ६० |
| ८ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुलाई सार्वजनिक खरिद सम्बन्धी तालिम | | स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी | २०८२।०२।२८ देखि ३० सम्म | १६ | ५ | २१ |
| ९ | जिल्ला समन्वय समितिका पदाधिकारीहरुलाई क्षमता विकास सम्बन्धी तालिम | | जिल्ला समन्वय समितिका पदाधिकारी | २०८१।०५।०८ र ९ | २९ | १० | ३९ |
| १० | न्यायिक समितिका सदस्यहरुलाई लैङ्गिकमैत्री न्यायप्रणाली र मनोसामाजिक सहयोग सम्बन्धी तालिम | | न्यायिक समितिका सदस्यहरु | २०८२।०३।१५ र १६ | २५ | ३३ | ५८ |
| ११ | प्रदेश अन्तरगतका कर्मचारीहरुलाई सार्वजनिक खरिद सम्बन्धी तालिम | | प्रदेश तहका कर्मचारी | २०८२।०२।२० देखि २५ सम्म | ४८ | १३ | ६१ |
| १२ | स्थानीय तहका बालकल्याण अधिकारीहरुलाई बालसंरक्षण सम्बन्धी तालिम | | स्थानीय तहका बालकल्याण अधिकारी तथा महिला तथा बालबालिका शाखाका कर्मचारी | २०८२।०३।०३ । ०४ | ११ | ५१ | ६२ |
| १३ | प्रदेश तहका कर्मचारीहरुलाई कार्यशर्त लेखन सम्बन्धी तालिम | | प्रदेश तहका कर्मचारी | २०८२।०१।३० र ३१ | १९ | २ | २१ |
| १४ | नव नियुक्त कर्मचारीहरुलाई सेवा प्रवेश तालमि | | नवप्रवेशी कर्मचारी | २०८२।०२।७ देखि ९ सम्म | ८ | २ | १० |
| १५ | न्याय निरुपण प्रक्रियामा देखिएका सवालहरुका बारेमा न्यायिक समितिका सदस्यहरुसँग संवाद कार्यक्रम | | न्यायिक समितिका सदस्य तथा न्यायिक सहजकर्ता | २०८१।१०।२७ र २९ | ५८ | ८४ | १४२ |
| | जम्मा | | | | ५४२ | ५१२ | १०५४ |

उल्लिखित तालिमबाट ५४२ जना पुरुष र ५१२ जना महिला गरी जम्मा १०५४ जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भएका छन् । कुल १०५४ जना सहभागि मध्ये ४८।५८ प्रतिशत महिला र बाँकी

५१।४२ प्रतिशत पुरुष रहेका छन् । उल्लिखित तालिमहरूको विस्तृत विवरण पछाडिका खण्डहरूमा उल्लेख गरिएको छ ।

### (क) स्थानीय तहका जनप्रतिनिधिहरुका लागि स्थानीय आर्थिक विकास सम्बन्धी तालिम

नेपालमा संघीयतापश्चात तीन तहका सरकारहरु क्रियाशील छन् । संघ, प्रदेश र स्थानीय तहमा विभाजित संघीय गणतन्त्र नेपालमा प्रदेश तथा स्थानीय तहलाई संघ सरकारले विभिन्न नममा अनुदान उपलब्ध गराउने गर्दछ । संघ सरकारबाट प्राप्त अनुदानका भरमा मात्र स्थानीय सरकार चल्न नसक्ने हुनाले हरेक स्थानीय तहले आफ्नो आय स्रोत बढाउनुपर्ने आवश्यकता छ । आफ्नो स्थानीय तहमा सम्भाव्य स्रोतको पहिचान, प्राथमिकीकरण र कार्यान्वयन गर्न स्थानीय तहलाई सक्षम बनाउने उद्देश्यका साथ स्थानीय आर्थिक विकास तालिम आयोजना गरिएको हो । संघ सरकारबाट सशर्त विनियोजन गरिएको बजेट मार्फत ४ वटा स्थानीय तहमा स्थानीय आर्थिक विकास तालिम सञ्चालन गरिएको हो । यो तालिमले स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुमा स्थानीयस्तरमा स्रोत पहिचान, प्राथमकिीकरण र कार्यान्वयन गर्न सक्ने क्षमता विकास हुने अपेक्षा गरिएको छ । संघ सरकारबाट सशर्त विनियोजन गरिएको बजेट मार्फत निम्न स्थानीय तहमा स्थानीय आर्थिक विकास तालिम सञ्चालन गरियो ।

| क सं | कार्यक्रम गरिएको स्थानीय तह | सञ्चालन मिति | सहभागी संख्या |
|---|---|---|---|
| १ | राइनास नपा, लमजुङ्ग | २०८२।०२।२५-२७ | महिला १६ पुरुष २२ जम्मा ३८ |
| २ | शुक्लागण्डकी नपा, तनहुँ | २०८२।०२।२१-२३ | महिला १३ पुरुष २२ जम्मा ३५ |
| ३ | घिरिङ गापा, तनहुँ | २०८२।०२।३१-३।०१ | महिला ११ पुरुष २४ जम्मा ३५ |
| ४ | अजिरकोट गापा, गोरखा | २०८२।०२।१८-२० | महिला १४ पुरुष २३ जम्मा ३७ |

### (ख) स्थानीय तहका वडा महिला सदस्यहरूलाई लैससास (समविकास)सम्बन्धी तालिम

स्थानीय तहमा निर्वाचित तथा मनोनित महिला सदस्यहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र अपाङ्गताका सन्दर्भमा जानकारी गराउन आवश्यक छ । प्रतिनिधित्वका साथै जेड्सी का लागि वकालत गर्ने र बजेट विनियोजनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने क्षमता अभिवृद्धि गराउने उद्देश्यले यो कार्यक्रम राखिएको हो ।  नेपाल सरकार र विकास साझेदारहरूको संयुक्त लगानीमा सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम  (PLGSP) मुलुकको सातै प्रदेश र ७ सय ५३ वटै स्थानीय तहमा कार्यान्वयनमा आइसकेको छ | सोही अनुरुप गण्डकी प्रदेश अन्तर्गत चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक रणनैतिक कार्ययोजना अनुसार स्थानीय तहका महिला  जनप्रतिनिधि  खास गरी महिला वडा सदस्य वा कार्यपालिका सदस्यहरूका लागि यो तालिम आयोजना गरिएको हो । नेपालको संविधानले सबै नागरिकलाई समानता, समान अवसर र भेदभाव विरुद्धको अधिकार सुनिश्चित गरेको छ। संविधानको धारा

१८ (समानताको हक) र धारा ३८ (महिलाको हक) ले नेपाल सरकारको GESI सम्वन्धी प्रतिवद्धताको शुनिश्चितता गरेको छ । साथै लैङ्गिक समानता तथा महिला सशक्तिकरण सम्बन्धी नीतिले (Gender Equality and Women's Empowerment Policy) महिला, दलित, जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्ति लगायत अन्य पछाडि पारिएका समुदायहरूको सशक्तीकरण तथा सहभागिता सुनिश्चित गर्न कार्ययोजना तयार गरेको छ।



राष्ट्रिय तथा अन्तर्राष्टिय प्रतिवद्धता, योजना, कार्यक्रम र नितिगत ब्यवस्थाका वावजुद वडास्तरका महिला सदस्यहरू स्थानीय तहको विकास, योजना र निर्णय प्रक्रियामा अपेक्षाकृत सहभागी हुन सकेका छैनन जसले संस्थागत तथा व्यवहारिक कमजोरीको संकेत गर्दछ। लैङ्गिक समानता तथा समावेशिकरण प्रवर्द्धन र मूलप्रवाहिकरण गर्न समविकास तथा लैङ्गिक समानता तथा समावेशिकरण सम्वधी तालिम आयोजना गर्दा स्थानीय तहका महिला सदस्यहरूलाई जागरुक, सक्षम र उत्तरदायी बनाउने कार्यमा थप टेवा दिनेछ। फलतः उनीहरू संविधानको मर्म अनुरुप निति निर्माण र बजेटिङ प्रक्रियामा प्रभावकारी भूमिका खेल्न सक्षम हुनेछन्। संविधानले सुनिश्चित गरेको समान अधिकार, सहभागिता र समावेशी शासन प्रणाली कार्यान्वयन गर्नको लागि स्थानीय तहका निर्वाचित महिला प्रतिनिधिहरूको भूमिका महत्वपूर्ण रहन्छ। यद्यपि व्यवहारिक रुपमा उनीहरू निर्णय प्रक्रियामा प्रभावकारी ढँगले सहभागी हुन अझै थुप्रै चुनौतीहरू रहेकाछन्। यो सन्दर्भमा GESI (Gender Equality and Social Inclusion) तालिमले उनीहरूलाई स्थानीय तहको योजना निर्माणमा उनिहरुको भूमिका थप प्रभावकारी गराउन थप सहयोग पुर्‍याउने विश्वास गरिएको छ।विशेषतः तालिमले निम्नानुसार पक्षहरुमा योगदान गरि महिलाहरुको सकृय र शसक्त भूमिका प्रवर्द्धन गर्ने भएकाले यो तालिम सञ्चालन गरिएको हो।

यो तालिम गण्डकी प्रदेशका स्थानीय तहका महिला वडा सदस्य तथा कार्यपालिका सदस्यहरूलाई १ समूहमा सञ्चालन गरिएको थियो। २०८२।०२।११ देखि १२ सम्म सञ्चालन भएको तालिममा ६१ जना महिलाको सहभागिता रहेको थियो। तालिम टीका रिसोर्ट लेकसाइड पोखरामा सञ्चालन भएको थियो ।

## (ग) अपाङ्गमैत्री स्थानीय शासन प्रवर्द्धन अभिमुखीकरण

अपाङ्गता भएका व्यक्तिहरुका लागि राज्यका सबै निकायमा सहज पहुँच पुऱ्याउन भौतिक संरचनादेखि लिएर शासन व्यवस्थामा सोही बमोजिमको व्यवस्था गर्न आवश्यक छ । प्रत्येक स्थानीय सरकारले सञ्चालन गर्ने कार्यक्रमहरु अपाङ्गमैत्री हुन आवश्यक छ । यसका लागि अपाङ्गमैत्री स्थानीय शासन प्रवर्द्धन कसरी गर्ने भन्ने सन्दर्भमा छलफल तथा सोही बमोजिमका व्यवस्थाका लागि स्थानीय तहसँग पहलकदमीका लागि अपाङ्गमैत्री स्थानीय शासन प्रवर्द्धन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको हो । गण्डकी प्रदेशका १८ वटा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुको सहभागितामा २०८२।०३।०७ गते अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो । राष्ट्रिय अपाङ्ग महासंघ, गण्डकी प्रदेश कार्यालयको समन्वयमा सञ्चालन गरिएको उक्त कार्यक्रममा १८ महिला र ८ पुरुष गरी जम्मा २६ जनाको सहभागिता रहेको थियो । यस कार्यक्रमले स्थानीय तहलाई अपाङ्गमैत्री बनाउनका लागि महत्वपूर्ण भूमिका खेलेको पाइएको छ ।

## (घ) समुदायमा आधारित संघ संस्थाहरूलाई विकास, सुशासन, सेवा प्रवाह र नागरिक निगरानी सम्बन्धी तालिम

वर्तमान लोकतान्त्रिक शासन प्रणालीमा सुशासन, जवाफदेहिता र पारदर्शिता जस्ता अवधारणाहरु राज्य सत्ता सञ्चालनका लागि अपरिहार्य अवयवहरु मानिन्छन् । नागरिकहरूको जीवनस्तर सुधार गर्न र उनीहरूलाई राज्यबाट प्रदान गरिने सेवाहरू सहज र प्रभावकारी र पारदर्शी रूपमा उपलब्ध गराउनु सरकारको प्रमुख दायित्व हो । यसका लागि सरकारी निकायहरूका साथै नागरिक समाजहरु, विभिन्न गैर-सरकारी संघ/संस्थाहरू र निगरानी समुहहरुको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । यी कार्यहरूमा सहजीकरण गर्न संस्थाहरूले विकास निर्माणका कामहरुमा नागरिकहरूको हकहितका लागि आवाज उठाउने र सेवा प्रवाहको गुणस्तर सुधार गर्न निगरानी गर्ने कार्यमा सक्रिय भूमिका खेल्छन् तथापि, धेरैजसो संघ/संस्थाहरूमा विकास सुशासनका आधारभूत सिद्धान्तहरू, नागरिक निगरानीका प्रभावकारी संयन्त्रहरू र सेवा प्रवाहलाई थप चुस्त बनाउने उपायहरूका बारेमा पर्याप्त ज्ञान, सीप र व्यवहारिक अभ्यासको कमी भएको पाईन्छ । यसले गर्दा सुशासन र सेवा प्रवाहमा भएको प्रयास अपेक्षित रूपमा प्रभावकारी हुन नसकिरहेको देखिन्छ । यसै सन्दर्भमा, नागरिक संघ संस्थाका प्रतिनिधिहरूको क्षमता अभिवृद्धि गरी उनीहरूलाई विकास सुशासन,नागरिक निगरानी र सेवा प्रवाहका क्षेत्रमा सशक्त बनाउनु आवश्यक देखिएकाले नागरिक संस्थाहरूसँगको सहकार्यमा यो तालिम कार्यक्रम सञ्चालन गरिएको हो ।

गण्डकी प्रदेशका सबै जिल्लाहरूलाई समेट्ने गरी प्रदेशका ४ स्थानमा यो तालिम सञ्चालन गिरएको हो । लमजुङ जिल्लाको बेशीशहर कास्की जिल्लाको पोखरा तनहुँ जिल्लाको दमौली र म्याग्दी जिल्लाको

बेनीमा २०८२।०२।२२ देखि २०८२।०३।०६ गतेसम्म सञ्चालन गरिएको यो तालिममा महिला ९५ र पुरुष ७८ गरी जम्मा १७३ जनाको सहभागिता रहेको थियो ।

### (ङ) स्थानीय तहका पञ्जिकाधिकारी (वडा सचिव)हरूका लागि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम



स्थानीय तहको कार्यविवरण भित्र सामाजिक सुरक्षा तथा पञ्जीकरणको कार्य पनि पर्दछ । व्यक्तिगत घटना दर्ता सम्बन्धमा विभिन्न समस्याहरू रहेका छन् । व्यक्तिगत घटना दर्ता सम्बन्धमा रहेका समस्या समाधान गरी स्थानीय तहका सेवाग्राहीहरूलाई सरल रुपमा सेवा प्रवाह गर्ने तथा स्थानीय तहको शासन प्रणाली सुदृढ बनाउने उद्देश्यले नेपाल सरकार र विकास साझेदारहरूको संयुक्त लगानीमा सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) मुलुकको सातै प्रदेश र ७ सय ५३ वटै स्थानीय तहमा कार्यान्वयनमा आइसकेको छ | सोही अनुरुप गण्डकी प्रदेश अन्तर्गत चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक रणनैतिक कार्ययोजना अनुसार स्थानीय तहमा व्यक्तिगत घटना दर्तासम्बन्धी तालिम आयोजना गर्नुपर्ने कार्यक्रम अनुसार यो तालिम कार्यक्रम सञ्चालन गरिएको हो।

यस तालिम कार्यक्रमले गण्डकी प्रदेशका ३ वटा जिल्लाका स्थानीय तहमा कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षा तथा पञ्जीकरण तालिम सकारात्मक रुपमा कार्यसम्पादनमा सहयोग गर्न कोशेढुङ्गा सावित हुने विश्वास गरिएको छ । यो कार्यक्रम मनाङ, स्याङ्जा र तनहुँ जिल्लाका गाउँपालिका तथा नगरपालिकाका वडा सचिवहरुका लागि आयोजना गरिएको थियो । सहभागीहरुलाई ६ समूहमा विभाजन गरी २ दिने तालिम दिइएको थियो । मिति २०८२।०१।१६ देखि २१ सम्म सञ्चालन गरिएको तालिम अन्तरगत ५८ महिला ९८ पुरुष गरी जम्मा १५६ जनाको सहभागिता रहेको थियो ।

### (च) प्रदेश अन्तरगतका कर्मचारीहरूलाई वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम

निर्माण कार्यले वातावरणमा पार्ने असरको मूल्याङ्कन गरी त्यसलाई वातावरण अनुकुल बनाउनु पर्छ र भविष्यका सन्ततिलाई दिगो र उपयुक्त वातावरण हस्तान्तरण गर्न वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक छ भन्ने अवधारणालाई आत्मसात गर्दै वातावरणीय प्रभाव मूल्याङ्कनका निश्चित विधि

र प्रक्रियाका आधारमा प्रतिवेदन तयार गरी वातावरणमैत्री निर्माण कार्य सञ्चालनमा सहयोग पुऱ्याउन वातावणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम आयोजना गरिएको हो ।



यस तालिम कार्यक्रममा प्रदेशस्तरका मन्त्रालय, आयोग, सचिवालय, प्रतिष्ठान तथा निर्देशनालयहरुमा कार्यरत वातावरण सम्बन्धी काम वा शाखा हेर्ने विकास तथा भू-उपयोग कार्यमा संलग्न प्राविधिक कर्मचारीहरु १७ पुरुष र २ महिला गरी १९ जना कर्मचारीको सहभागिता रहेको थियो । २०८२ बैशाख २३ देखि २५ गतेसम्म यस कार्यक्रमको सहजीकरण पोखरा विश्वविद्यालयका वातावरणका क्षेत्रमा प्राध्यापन गर्ने प्राध्यापकहरुबाट भएको थियो ।

## (छ) सेवाकालीन तालिम

सहायकस्तरका कर्मचारीको वृत्ति विकास एवम् क्षमता अभिवृद्धि गर्ने उद्देश्यले संघ, प्रदेश र स्थानीय तहमा कार्यरत राजपत्र अनङ्कित प्रथम तथा द्वितीय श्रेणी एवम् सहायकस्तर चौथो/पाँचौं तहका कर्मचारीका लागि कार्यालय सञ्चालन तथा व्यवस्थापन विषयक ३० कार्यदिने सेवाकालीन तालिम मिति २०८१।०९।२२ देखि २०८१।११।०१ सम्म दुई समूहमा सम्पन्न भयो ।

पाठ्यक्रममा व्यवस्था गरिएका १० वटा मोड्यूलमा आधारित भई हरेक दिन विहान १०:०० वजे देखि अपरान्ह ५:०० वजेसम्मको अवधिमा कक्षा कोठाको शिक्षण–सिकाइ क्रियाकलाप सञ्चालन गरिएको थियो ।

दैनिक पृष्ठपोषण, दैनिक पुनरावलोकन, मोड्यूल पुनरावलोकन, तालिम अन्तिम मूल्याङ्कन, पूर्व र पश्चात परीक्षण आदि जस्ता औजारको प्रयोग गरी सहभागीको तालिम प्रतिको प्रतिक्रिया एवम् सिकाइको मापन गरिएको थियो । त्यसैगरी, सहभागीको सिकाइको नियमित मूल्याङ्कन, व्यक्तिगत र समूह कार्य, कार्यमूलक अनुसन्धान, सङ्गठन विकास योजना निर्माण, सिकाइ परीक्षा आदिको आधारमा सहभागीको सिकाइको स्तर मापन गरिएको थियो ।

३० कार्य दिने सेवाकालीन तालिमको यो समूहमा गण्डकी प्रदेश अन्तर्गत संघ, प्रदेश तथा स्थानीय तहमा कार्यरत चौथो तथा पाँचौं तहका ३६ जना पुरूष र २४ जना महिला गरी जम्मा ६० जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

यो तालिम कार्यक्रमको उद्घाटन सत्र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक श्री ऋषिराम पाण्डेको अध्यक्षता तथा गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रघुराम बिष्टको प्रमुख आतिथ्यतामा सञ्चालन भएको थियो ।प्रतिष्ठानका उपसचिव प्रभाकर घिमिरेले उद्घाटन सत्रमा सम्पूर्ण सहभागीहरूलाई स्वागत तथा तालिमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रमको सञ्चालन प्रतिष्ठानका प्रशासकीय अधिकृत प्रज्वल आचार्यले गर्नुभएको थियो | प्रमुख सचिव तथा कार्यक्रमका प्रमुख अतिथि रघुराम बिष्टले पानसमा दिप प्रज्वलन गरी तालिम कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।उद्घाटन सत्रमा मन्तव्य राख्दै प्रमुख सचिवले कर्मचारीप्रति लागेको आरोप चिर्न पहल गर्नुपर्ने, सेवा प्रवाहमा इमान्दारिता आवश्यक छ, सेवा प्रवाहमा चुस्त दुरुस्तता ल्याउन आवश्यक छ भन्दै जिम्मेवारी बहन गर्न र इमान्दारिता पूर्वक कार्य गर्न निर्देशन दिदै तालिम कार्यक्रमको सफलताको कामना गर्नुभयो ।संयुक्त रुपमा सञ्चालन गरिएको उद्घाटन सत्रमा प्रतिष्ठानका सम्पूर्ण कर्मचारीहरूको उपस्थिति रहेको थियो।आफ्नो मन्तव्यका साथ तत्कालीन कार्यकारी निर्देशकले उद्घाटन सत्र समापन गर्नुभएको थियो।सहभागीहरूको मनोनयन प्रक्रिया प्रतिष्ठानले हाले तयार र कार्यान्वयन गरेको तालिम व्यवस्थापन सूचना प्रणाली मार्फत गरिएको थियो ।

उक्त तालिम कार्यक्रम मिति २०८१।११।०१ गतेका दिन एक समारोहका साथ सम्पन्न भयो । प्रतिष्ठानका तत्कालीन कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षतामा भएको समापन समारोहमा गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्र राज पाण्डेको प्रमुख आतिथ्यता तथा गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रघुराम बिष्टको विशिष्ट आतिथ्यता रहेको थियो ।प्रतिष्ठानका प्रशासकीय अधिकृत प्रज्वल आचार्यले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा चौथो तहका सहभागीका तर्फबाट सन्तोष थापा र सरस्वती आचार्यले मन्तव्य राखेका थिए भने पाँचौं तहका सहभागी लक्ष्मीदेवी शर्मा र लेख बहादुर क्षेत्रीले मन्तव्य राखेका थिए । मन्तव्यका क्रममा सहभागीहरूले प्रतिष्ठानलाई धन्यबाद तथा कृतज्ञता व्यक्त गर्दै तालिमले वृत्तिविकासमा सहयोग गर्नुका साथै कार्यसम्पादनमा सहजता ल्याई सेवाग्राही मैत्री कार्यसम्पदन गर्न मद्दत गर्ने कुरा उल्लेख गरेका थिए। तालिममा धेरै कुराहरू सिकेको र मनोरञ्जनात्मक तरिकाले सहजीकरण कार्य भएको कुरा राखेका थिए । सहजीकरणमा अभ्यास र समस्या समाधानलाई बढी जोड दिनुपर्ने र तालिमका लागि आवासको व्यवस्था भएमा राम्रो हुने उल्लेख गर्दै प्राविधिक तर्फका प्रशिक्षक छनौटमा सुधार गर्न आवश्यक रहेको कुरा औंल्याएका थिए। परीक्षा प्रणालीलाई साप्ताहिक रुपमा गर्न र कार्यमूलक अनुसन्धान तथा संगठन सुधार योजना निर्माणका लागि स्रोतव्यक्ति समेत सँगै खटाउन आवश्यक रहेको कुरा व्यक्त गरेका थिए ।

समापन सत्रमा आफ्नो मन्तव्य राख्दै प्रमुख सचिव रघुराम बिष्टले निम्न कुरा व्यक्त गर्नुभएको थियो:

- तालिम सहजीकरण तथा अन्य समयमा साक्षात्कारको अवसर प्राप्त भएको ।

- तीनै तहका सरकारलाई लाभ हुने गरी पाठ्यक्रम निर्माण गरिएको ।
- प्राप्त सुझावहरूलाई तत्काल तथा दीर्घकालमा सुधार गर्न सकिने ।
- कार्य शैलीमा सुधार गर्न आवश्यक छ ।
- तालिमबाट प्राप्त ज्ञान, सीप व्यवहारमा उतार्न सकेमा तालिम फलदायी हुने ।
- सकारात्मक सोच बनाई व्यवहार तथा कार्य सम्पादनमा सुधार आवश्यक छ ।

सो अवसरमा तालिममा दिक्षित भएका सहभागीहरूलाई माननीय मुख्यमन्त्री सुरेन्द्र राज पाण्डेले प्रमाणपत्र वितरण गर्नुभएको थियो भने प्रमुख सचिवले अबिर लगाइदिनुभएको थियो ।

समापन मन्तव्य राख्दै माननीय मुख्यमन्त्री सुरेन्द्र राज पाण्डेले सबै सहभागीहरूलाई बधाइ दिदै कर्मचारीको सेवा प्रवाहमा प्रदेश सरकारको उपस्थिति रहने हुनाले इमान्दारिता पूर्वक कार्यसम्पादन गर्न निर्देशन दिनुभएको थियो । कानूनको परिधिमा रही सकारात्मक सोचका साथ कार्यसम्पादन गर्नुपर्ने र यो तालिमबाट सिकेका कुराहरूलाई व्यवहारमा उतार्नुपर्ने कुरा समेत व्यक्त गर्नुभएको थियो । तालिममा सिकेका कुरालाई व्यवहारमा उतार्न र सेवाग्राहीले सकारात्मक परिवर्तनको महसुश गर्ने गरी कार्य सम्पादन गर्न निर्देशन दिनु भयो ।

समापन मन्तव्य राख्दै प्रतिष्ठानका तत्कालीन कार्यकारी निर्देशक ऋषिराम पाण्डेले सबै दिक्षित हुनुभएकोमा बधाइ दिनुभएको थियो । तालिमले वृत्ति विकासमा सघाउ पुर्‍याउने भएकाले परिणामलाई सहर्ष स्वीकार गर्न अनुरोध गर्दै गुणस्तरका लागि कुनै पनि सम्झौता नगरिने कुरा उल्लेख गर्नुभयो । तालिमलाई व्यवहारमा परिणत गर्न अनुरोध गर्दै सक्रीय सहभागिताका लागि सबैलाई धन्यबाद दिनुभयो । सहभागीहरूबाट प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो । कार्यक्रममा उपस्थित भई अभिभावकत्व ग्रहण गरिदिनुभएकोमा माननीय मुख्यमन्त्री तथा प्रमुख सचिवप्रति हार्दिक आभार व्यक्त गर्दै समापन समारोह अन्त्य गर्नुभएको थियो ।

यस प्रतिष्ठानबाट सञ्चालन गरिने तालिम तथा प्रशिक्षण कार्यक्रमहरूका सहभागीहरूमा सम्बन्धित विषयवस्तुमा रहेको पूर्व ज्ञान परीक्षण गर्नका लागि सम्बन्धित विषयका प्रश्नहरू तयार गरी पूर्व परीक्षण गर्ने गरिन्छ । पूर्व परीक्षणले सम्बन्धित विषयमा सहभागीहरूको पूर्व ज्ञानका बारेमा जानकारी हासिल गरी सोही बमोजिमका विषयवस्तु तथा सहजीकरण प्रक्रिया अवलम्बन गर्न मद्दत गर्दछ । सहभागीको पूर्व ज्ञानका आधारमा विषयवस्तुमा परिमार्जन तथा सोही बमोजिमको सहजीकरणबाट कार्यक्रम समापन पश्चात सहभागीहरूमा के कस्तो परिवर्तन देखियो भन्ने जानकारीका लागि पश्चात परीक्षण गर्ने गरिन्छ । पश्चात परीक्षणमा सहभागीहरूको ज्ञानमा आएको परिवर्तनको विश्लेषण गरिन्छ । यस्ता पूर्व तथा पश्चात परीक्षणले सहभागीमा आएको परिवर्तन र कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्न सहयोग पुग्दछ ।यस तालिम

कार्यक्रममा सहभागीहरूको पूर्व ज्ञान परीक्षणका लागि पूर्व परीक्षण गरिएको थियो। पूर्व परीक्षणमा सहभागी भएका जम्मा ५९ जनामध्ये अधिकतम अङ्क २५ थियो भने न्यूनतम अङ्क ९ रहेको थियो।

तालिम कार्यक्रमको अन्त्यमा गरिएको पश्चात परीक्षणमा अधिकतम अङ्क २८ रहेको थियो भने न्यूनतम अङ्क १४ रहेको थियो। पूर्व परीक्षणमा औसत अङ्क २०.२ रहेको थियो भने पश्चात परीक्षणको औसत अङ्क २२.७३ रहेको थियो। पश्चात परीक्षणमा उल्लेख्य सुधार भएको पाइयो।पूर्व तथा पश्चात परीक्षणको विवरण तालिकामा प्रस्तुत गरिएको छ।पश्चात परीक्षणमा २ जना सहभागी अनुपस्थित रहेकाले ५७ जना मात्र परीक्षणमा सहभागी रहेका थिए।पूर्व तथा पश्चात परीक्षणको विवरण अनुसूचि ४ मा दिइएको छ।

कार्यक्रमको प्रभावकारिता र प्रशिक्षार्थीहरुको सन्तुष्टी अध्ययनका लागि साप्ताहिक रुपमा तालिम कार्यक्रमको पृष्ठपोषण लिइएको, पाक्षिक प्रशिक्षक मूल्याङ्कन तथा प्रशिक्षणको अन्तमा समग्र सन्तुष्टि सर्वेक्षण गरिएको थियो। प्रशिक्षार्थीहरुबाट प्रशिक्षक मूल्याङ्कनको लागि प्रशिक्षणको विषयवस्तु र प्रशिक्षण विधिमा आधारित रहेर अनलाइन माध्यमबाट मूल्याङ्कन गराई आवश्यक पृष्ठपोषण लिने तथा दिने समेत गरिएको थियो। तालिम कार्यक्रमको समग्र मूल्याङ्कनका लागि अनुसूची ५ अनुसारका प्रश्नावलीहरु प्रयोग गरिएको थियो। उक्त प्रश्नावलीबाट प्राप्त प्रतिक्रिया तलको तालिकामा प्रस्तुत गरिएको छ। जस अनुसार यस प्रशिक्षणको अधिकतम सन्तुष्टी ८४.४८ थियो भने न्यूनतम सन्तुष्टि ५९.६५ प्रतिशत रहेको थियो।औसत सन्तुष्टी ७३.९९ रहेको छ।

### तालिका १ सहभागीहरूबाट लिइएको सन्तुष्टि सर्वेक्षणको नतिजा

| मूल्यांकनको विषयहरु | उत्कृष्ठ | धेरै राम्रो | राम्रो | ठिकै | नराम्रो | जम्मा सहभागी | जम्मा अंक | औषत अंक |
|---|---|---|---|---|---|---|---|---|
| | १०० | ८० | ६० | ४० | २० | | | |
| यस सेवाकालीन तालिमलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ | २४ | २३ | ११ | | | ५८ | ४९०० | ८४.४८ |
| विषयवस्तुहरूलाई कसरी मापन गर्नुहुन्छ | १५ | २९ | १४ | | | ५८ | ४६८० | ८०।३४ |
| सहजकर्तालाई समग्रमा कसरी मापन गर्नुहुन्छ | | १२ | ३३ | १३ | | ५८ | ३४६० | ५९।६५ |
| विषयवस्तुहरू बुझ्नका लागि तालिममा प्रयोग गरिएका प्रशिक्षण विधिहरू कस्तो लाग्यो | ६ | २५ | २७ | | | ५८ | ४२२० | ७२।७५ |
| तालिममा प्रयोग भएका सन्दर्भ सामग्रीहरू विषयवस्तु बुझ्नका लागि कतिको सहयोगी लाग्यो | ६ | २५ | २७ | | | ५८ | ४२२० | ७२।७५ |
| | | | | | | | २१४८० | ७३।९९ |

तालिम मूल्याङ्कनका लागि दिइएका ५ वटा प्रश्न बाहेक तालिम कार्यक्रममा थप सुधारका लागि सहभागीहरूबाट केही सुझावहरू समेत प्राप्त भएका थिए।

## (ज) स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूलाई सार्वजनिक खरिद सम्बन्धी तालिम

प्रतिष्ठानले प्रदेश र स्थानीय तहमा सार्वजनिक खरिद कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले निरन्तर रुपमा तालिम र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। यसै सन्दर्भमा गण्डकी प्रदेशका स्थानीय तहमा  कार्यरत कर्मचारी तथा जनप्रतिनिधिहरुका लागि सार्वजनिक खरिद सम्बन्धी तीन दिने तालिम २०८२ जेठ २८ देखि ३० सम्म सम्पन्न भएको थियो।

तालिमको उद्देश्य प्रदेश कार्यालयहरूको खरिद सम्बन्धी क्षमता अभिवृद्धि गरी सुशासन कायम गर्नु रहेको थियो। तालिममा सार्वजनिक खरिद विधि र प्रक्रियाका कानूनी प्रावधान र व्यवहारिक पक्षहरूमा सहभागितामूलक छलफल गरिएको थियो। यस कार्यक्रममा ५ जना महिला र १६ जना पुरुष गरी २१ ज्ना जनप्रतिनिधि तथा  कर्मचारीहरूको सहभागिता रहेको थियो।

## (झ) जिल्ला समन्वय समितिका पदाधिकारीहरुलाई क्षमता विकास सम्बन्धी तालिम

प्रतिष्ठानले जिल्ला समन्वय समितिका सदस्यहरूको क्षमता विकासमा निरन्तर योगदान गर्दै आइरहेको छ। चालु आ.व. मा समेत प्रतिष्ठानले क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिएको छ। यसै सन्दर्भमा  २०८१ फागुन १९ र २० गते पोखरामा जिल्ला समन्वय समितिका सदस्यहरूको क्षमता विकाससम्बन्धी तालिम सम्पन्न भएको थियो।







गण्डकी प्रदेशका ११ वटै जिल्लाका जिसस सदस्यहरूलाई लक्षित गरी आयोजना गरिएको उक्त तालिममा जिल्ला समन्वय समितिको कानूनी अधिकार र भूमिका, विकासको अवधारणा, योजना तर्जुमा प्रक्रिया, योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका विषयमा प्रशिक्षण गरिएको थियो। तालिममा २९ जना पुरुष र १० जना महिला गरी ३९ जना जिसस सदस्यहरूको सहभागिता

रहेको थियो । यो तालिम कार्यक्रम सञ्चालन गर्नुको प्रमुख उद्देश्य जिल्ला समन्वय समितिका पदाधिकारीहरुको क्षमता विकास गर्ने रहेको थियो ।

## (ञ) न्यायिक समितिका सदस्यहरूलाई लैङ्गिकमैत्री न्यायप्रयाली र मनोसामाजिक सहयोग सम्बन्धी तालिम




गण्डकी प्रदेशका सबै स्थानीय तहका न्यायिक समितिका संयोजक उपप्रमुख/उपाध्यक्ष तथा सदस्य र न्यायिक सहजकर्ताहरूका लागि लैङ्गिकमैत्री न्यायप्रयाली र मनोसामाजिक सहयोग सम्बन्धी तालिम

२०८२ असार १५ र १६ गते पोखरामा सम्पन्न भयो। स्थानीय तहमा न्याय सम्पादनमा सहजताका साथै लैङ्गिकमैत्री न्याय र मनोसामाजिक सहयोगका विषयमा यो तालिम सञ्चालन गरिएको हो ।गण्डकी प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा पौडेल, मनोसामाजकि क्षेत्रमा काम गर्ने निर्जला भट्टराई, कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीले उक्त कार्यक्रममा सहजीकरण गर्नुभएको थियो ।

न्याय सम्पादनका शिलशिलामा लैङ्गिकमैत्री न्याय सम्पादन तथा अन्यायमा परेका र सोका कारण पीडित रहेका व्यक्तिहरुलाई अनावश्यक दवाब र तनाव मुक्त भई जीवन सहजतापूर्वक यापन गर्न सक्ने वातावरण सिर्जनामा मनोसामाजिक सहयोग महत्वपूर्ण हुने भएकाले न्यायिक समितिका सदस्यहरुलाई साधारण तरिकाले मनोसामाजकि सहयोग गर्न सक्ने बनाउनका लागि यो तालिम सञ्चालन गरिएको हो। यो तालिममा २५ पुरुष र ३३ महिला गरी ५८ जनाको सहभागिता रहेको थियो।

## (ट) प्रदेश अन्तरगतका कर्मचारीहरूलाई सार्वजनिक खरिद सम्बन्धी तालिम




प्रतिष्ठानले प्रदेश तहमा सार्वजनिक खरिद कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले निरन्तर रुपमा तालिम र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। यसै सन्दर्भमा गण्डकी प्रदेशमा कार्यरत

कर्मचारीहरूका लागि सार्वजनिक खरिद सम्बन्धी तीन दिने तालिम २०८२ जेठ १८ देखि २३ सम्म सम्पन्न भएको थियो । तालिमको उद्देश्य प्रदेश कार्यालयहरूको खरिद सम्बन्धी क्षमता अभिवृद्धि गरी सुशासन कायम गर्नु रहेको थियो । तालिममा सार्वजनिक खरिद विधि र प्रक्रियाका कानूनी प्रावधान र व्यवहारिक पक्षहरूमा सहभागितामूलक छलफल गरिएको थियो । यस कार्यक्रममा १३ जना महिला र ४८ जना पुरुष गरी ६१ जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।

## (ठ) स्थानीय तहका बाकल्याण अधिकारीहरुलाई बाल संरक्षण सम्बन्धी तालिम




स्थानीय तहमा महिला तथा बालबालिका शाखामा काम गर्ने कर्मचारी तथा बाकल्याण अधिकारीका रुपमा तोकिएका कर्मचारीहरुका लागि मिति २०८२।०३।०३ र ४ गते बालसंरक्षणसम्बन्धी दुई दिने तालिम सम्पन्न भयो । गण्डकी प्रदेहका ८५ वटै पालिकाका कर्मचारीहरुलाई आमन्त्रण गरिएको उक्त तालिममा ११ पुरुष र ५१ महिला गरी ६२ जनाको सहभगिता रहेको थियो । दुई समूहमा सञ्चालन गरिएको उक्त तालिमले बालसंरक्षणका क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

## (ड) प्रदेश तहका कर्मचारीहरूलाई कार्यशर्त लेखन सम्बन्धी तालिम

गण्डकी प्रदेशका मन्त्रालय तथा मन्त्रालय मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई कार्यशर्त लेखनमा दक्ष बनाउने उद्देश्यका साथ दुई दिने कार्यशर्त लेखन तालिम सञ्चालन गरियो । परामर्श सेवा खरिद कार्यलाई प्रभावकारी बनाउनका लगि कार्यशर्त महत्वपूर्ण हुन्छ । कार्यशर्त लेखन एउटा महत्वपूर्ण पक्ष हो । कार्यशर्त लेखनमा दक्षता अभिवृद्धि गर्ने उद्देश्यका साथ सञ्चालन गरिएको यो तलिम २०८१ बैशाख ३० र ३१ गते सञ्चालन गरिएको थियो । उक्त तालिम कार्यक्रममा २ जना महिला र १९ जना पुरुष गरी जम्मा २१ जनाको सहभागिता रहेको थियो ।

## (ढ) नव नियुक्त कर्मचारीहरूका लागि सेवा प्रवेश तालिम तालिम

प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेशबाट सीफारिस भएका नवप्रवेशी कर्मचारीहरूका लागि तीन दिने सेवा प्रवेश अभिमुखीकरण २०८२ जेठ ७ गतेदेखि ९ गतेसम्म सञ्चालन गरिएको थियो । तालिममा

कार्यालय सञ्चालन तथा व्यवस्थापन, सार्वजनिक सेवाका आधारभूत कुराहरू, कार्यजिम्मेवारी र सेवा प्रवाह, कर्मचारी आचरण, वित्तीय अनुशासन, सार्वजनिक प्रशासन, विकास व्यवस्थापन लगाएतका विषयवस्तुमा व्यवहारिक छलफल तथा प्रशिक्षण गरिएको थियो । नव प्रवेशी अधिकृतस्तर सातौं तहका लागि तयार भएको १५ दिने सेवा प्रवेश तालिमको पाठ्यक्रममा समावेश भएका मुख्य मुख्य विषयवस्तुलाई समावेश गरी ३ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको हो । सहभागिता न्यून हुने भएकाले पनि यो अभिमुखीकरण कार्यलाई छोट्याइएको हो । यस अभिमुखीकरण कार्यक्रममा २ महिला र ८ पुरुष गरी जम्मा १० जनाको सहभागिता रहेको थियो ।

उल्लिखित तालिमले नवप्रवेशी कर्मचारीहरूलाई सार्वजनिक निकायमा रहेर काम गर्न आवश्यक सीप, ज्ञान र दक्षता प्रदान गरेको छ ।

### (ढ) न्याय निरूपण प्रक्रियामा देखिएका सवालहरूका बारेमा न्यायिक समितिका सदस्यहरूसँग संवाद कार्यक्रम





न्याय निरुपण प्रक्रियामा देखिएका सवालहरुका बारेमा न्यायिक समितिका सदस्यहरुसँगको संवाद कार्यक्रम मिति २०८१।१०।२७ र २९ गते गरी दुई चरणमा सञ्चालन गरिएको थियो । पहिलो चरणमा मनाङ, लमजुङ,नवलपासी, म्याग्दी, बाग्लुङ र पर्वत जल्लिाका स्थानीय तहका न्यायिक समितिका संयोजक/सदस्य तथा न्यायिक सहजकर्ताको सहभागिता रहेको थियो भने दोस्रो चरणमा बाँकी रहेका जिल्लाका स्थानीय तहका न्यायिक समितिका संयोजक/सदस्य तथा न्यायिक सहजकर्ताको सहभागिता रहेको थियो । कार्यक्रम बिहान ९ बजेदेखि बेलुका ६ बजेसम्म टीका रिसोर्ट पोखरामा सञ्चालन गरिएको थियो । आवासीय रुपमा सञ्चालन गरिएको दुवै संवाद कार्यक्रमको प्रारम्भ प्रतिष्ठानका तत्कालीन कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षता र गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यता तथा गण्डकी प्रदेश सरकारका प्रमुख सचवि रघुराम विष्टको विशिष्ट आतिथ्यतामा भएको थियो ।

संवाद कार्यक्रममा कार्यपत्र प्रस्तुति,प्रश्नोत्तर, छलफल,कार्ययोजना निर्माण लगायतका विधिहरु अपनाइएको थियो । कार्यक्रममा स्थानीय तहको कानून निर्माणमा प्रत्यक्ष संलग्न रहनुभएका स्थानीय तहका विज्ञ पूर्व सचिव रेश्मीराज पाण्डे र संविधान विद्, कानून विद् र पूर्व सचिव काशीराज दाहाल सहजकर्ता रहनुभएको थियो । सहभागीहरुको अपेक्षा बमोजिम कार्यक्रम सञ्चालन गरिएकाले न्याय निरुपण गर्दा देखिएका विभिन्न सवाल वा समस्या समाधानमा यो संवाद कार्यक्रमले महत्वपूर्ण प्रभाव छाडेको पाइयो । दुबै चरणको संवाद कार्यक्रममा महिला ८४ र पुरुष ५८गरी जम्म १४२ जनाको सहभागिता रहेको थियो ।

## (ख) सवाल केन्द्रित संवाद

सवला केन्द्रित संवाद प्रतिष्ठानको एउटा महत्वपूर्ण विषयगत क्षेत्र हो । प्रतिष्ठानले समसामयीक सवालहरूमा सरोकारवालासँग छलफल तथा संवाद कार्यक्रमको आयोजना गर्ने र त्यस्ता छलफलबाट आएका निश्कर्षलाई विभिन्न तहका सरकारलाई नीतिगत तथा कार्यक्रमीक रुपमा पृष्ठपोषण गर्ने उद्देश्यका साथ विगत वर्षहरूदेखि आयोजना गर्दै आइरहेको सवाल केन्द्रित संवाद कार्यक्रमले यस वर्ष पनि निरन्तरता पाएको छ । यस आ.व.मा आयोजना गरिएका संवाद कार्यक्रमहरू तल उल्लेख गरिएको छ ।

### (१) न्याय निरूपण प्रक्रियामा देखिएका सवालहरूका बारेमा न्यायिक समितिका सदस्यहरूसँग संवाद कार्यक्रम


न्याय निरुपण प्रक्रियामा देखिएका सवालहरुका बारेमा न्यायिक समितिका सदस्यहरुसँगको संवाद कार्यक्रम मिति २०८१।१०।२७ र २९ गते गरी दुई चरणमा सञ्चालन गरिएको थियो । पहिलो चरणमा मनाङ, लमजुङ,नवलपासी, म्याग्दी, बाग्लुङ र पर्वत जल्लिाका स्थानीय तहका न्यायिक समितिका संयोजक/सदस्य तथा न्यायिक सहजकर्ताको सहभागिता रहेको थियो भने दोस्रो चरणमा बाँकी रहेका जिल्लाका स्थानीय तहका न्यायिक समितिका संयोजक/सदस्य तथा न्यायिक सहजकर्ताको सहभागिता रहेको थियो । कार्यक्रम बिहान ९ बजेदेखि बेलुका ६ बजेसम्म टीका रिसोर्ट पोखरामा सञ्चालन गरिएको थियो । आवासीय रुपमा सञ्चालन गरिएको दुवै संवाद कार्यक्रमको प्रारम्भ प्रतिष्ठानका तत्कालीन कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षता र गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यता तथा गण्डकी प्रदेश सरकारका प्रमुख सचवि रघुराम विष्टको विशिष्ट आतिथ्यतामा भएको थियो ।

संवाद कार्यक्रममा कार्यपत्र प्रस्तुति,प्रश्नोत्तर, छलफल,कार्ययोजना निर्माण लगायतका विधिहरु अपनाइएको थियो । कार्यक्रममा स्थानीय तहको कानून निर्माणमा प्रत्यक्ष संलग्न रहनुभएका स्थानीय तहका विज्ञ पूर्व सचिव रेश्मीराज पाण्डे र संविधान विद्, कानून विद् र पूर्व सचिव काशीराज दाहाल सहजकर्ता रहनुभएको थियो । सहभागीहरुको अपेक्षा बमोजिम कार्यक्रम सञ्चालन गरिएकाले न्याय निरुपण गर्दा देखिएका विभिन्न सवाल वा समस्या समाधानमा यो संवाद कार्यक्रमले महत्वपूर्ण प्रभाव छाडेको पाइयो । दुबै चरणको संवाद कार्यक्रममा महिला ८४ र पुरुष ५८गरी जम्म १४२ जनाको सहभागिता रहेको थियो ।

## (ग) अध्ययन तथा अनुसन्धान

चालु आ.व.मा नयाँ अध्ययन तथा अनुसन्धानका कार्य भएनन् । स्थानीय तहको राजस्व संकलन तथा परिचालन सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि परामर्श सेवा खरिद गरिएकोमा समय अभावका कारण यो अनुसन्धान पूरा हुन सकेन ।

## (घ) ज्ञान व्यवस्थापन




ज्ञान व्यवस्थापन संस्थागत विकासको एउटा महत्वपूर्ण सूचक हो तर ज्ञान व्यस्थापन आज पनि नेपालको सार्वजनिक प्रशासनको विषय बन्न सकेको छैन । नेपालका सरकारी तथा सार्वजनिक संस्थाहरूको ज्ञान व्यवस्थापन प्रणाली कमजोर छ । प्रतिष्ठानलाई अध्ययन तथा अनुसन्धानको केन्द्र (Knowledge Center) का रुपमा विकास गरी प्रदेश र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा योगदान गर्ने अभिप्रायले ज्ञान व्यवस्थापनका कार्यको थालनी गरिएको छ । प्रतिष्ठानका सूचना, जानकारी, तथ्याङ्क आदिलाई एकीकृत गर्ने, तथ्याङ्कको ब्याकअप लिने र तथ्याङ्कमा सबैको

पहुँच सुनिश्चित गर्ने कार्यको थालनी भएको छ। प्रतिष्ठानको वेवसाइट अद्यावधिक गर्ने, प्रतिष्ठानका प्रकाशनहरूलाई वेवसाइटमार्फत सार्वजनिक गर्ने, चौमासिक बुलेटिन र वार्षिक प्रतिवेदन प्रकाशन गर्ने, सूचनामूलक क्यालेण्डर प्रकाशन गर्ने कार्य निरन्तर रुपमा अगाडि बढेका छन्। गत आ.व.मा आर्थिक प्रशासन सम्बन्धी नियमित कार्यसम्पादनका लागि तयार पारिएको आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) प्रकाशन गरी गण्डकी प्रदेश अन्तर्गतका कार्यालय र स्थानीय तहमा वितरण गरिएको छ। त्यसैगरी, प्रतिष्ठानद्वारा सञ्चालन गरिएका तालिमको प्रभावकारिता अध्ययन प्रतिवेदन प्रकाशन गरी वितरण गरिएको छ। चालु आ.व.मा सार्वजनिक निकायमा जिन्सी शाखामा रहेर कामगर्ने कर्मचारीको कार्यसम्पादनलाई लक्षित गरी आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को निर्माण गरिएको छ। प्रदेश र स्थानीय तहमा ज्ञान व्यवस्थापनको कार्यलाई प्रवर्द्धन र संस्थागत गर्न हरेक प्रशिक्षणमा ज्ञान व्यवस्थापनका विषयवस्तु समावेश गर्ने कार्यलाई निरन्तरता दिइएको छ। त्यसैगरी, प्रतिष्ठानद्वारा सञ्चालन गरिने क्षमता विकासका कार्यहरूलाई व्यवस्थित रुपले अभिलेख राख्ने, तालिम कार्यक्रमका आवेदन, तालिम सहभागी विवरण, तालिमका दौरान गरिने विभिन्न किसिममा परीक्षण र सहभागी सन्तुष्टी सर्वेक्षण आदिलाई अनलाइन माध्यमबाट कार्यान्वयन गर्ने गरी तालिम व्यवस्थापन सूचना प्रणाली (Training Management Information System – TMIS) को विकास गरिएको छ। यसरी प्रतिष्ठानले ज्ञान व्यवस्थापनका कार्यलाई संस्थागत गर्दै अगाडि बढेको छ।

# (ङ) संस्थागत विकास र मानव संसाधन

प्रतिष्ठानले संस्थागत विकासको क्षेत्रमा विशेषतः तीन वटा विषयवस्तुहरूलाई प्राथमिकताका साथ अगाडि बढाएको छ। ती हुनः (१) भौतिक पूर्वाधार, (२) मानव संशाधन र (३) कार्यप्रणाली। कार्यालय सञ्चालन र प्रशिक्षणका लागि आवश्यक सुविधा सम्पन्न भौतिक पूर्वाधार, आवश्यक ऐन, कानून, कार्यविधि, पर्याप्त र दक्षतायुक्त जनशक्ति, श्रोत साधनको उपलब्धता र संस्थागत कार्यप्रणालीको व्यवस्थाले संस्थागत विकासको अवस्थालाई जनाउँदछन्। प्रतिष्ठानले यी सबै पक्षहरूलाई सँगसँगै विकास गर्ने काम गरेको छ। सुविधा सम्पन्न भवन निर्माणको कार्य करिब अन्तिम चरणमा पुगेको छ। प्रतिष्ठानका लागि आवश्यक ऐन, नियमावली र प्रशिक्षण सञ्चालनका लागि आवश्यक पाठ्यक्रम र कार्यविधि निर्माण भएका छन्। कर्मचारीको दक्षता परीक्षण र क्षमता विकासका कार्यक्रममार्फत व्यवसायिकता र कार्यकुशलताको अभिवृद्धि गर्ने काम भएको छ। प्रष्तिष्ठानका लागि आवश्यक केही स्थायी जनशक्तिको पदपुर्ति भएको छ। तालिम तथा अनुसन्धानका कार्य सञ्चालनका लागि आवश्यक कार्यविधिको निर्माण गरिएको छ। ऐन बमोजिमका संस्थागत संरचनाहरूलाई क्रियाशिल गराइएको छ। संस्थागत विकासका लागि यस आ.व मा सम्पन्न भएका कार्यहरू तल उल्लेख गरिएको छ।

## (१) प्रशिक्षण परिषद् बैठक







२०८१।०४।१० गते यस प्रतिष्ठानको प्रशिक्षण परिषद्को सातौं बैठक माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको अध्यक्षतामा सम्पन्न भयो।उक्त बैठकमा आ व २०८०।०८१ को प्रगति समिक्षा गरिएको थियो।उक्त बैठकबाट प्रदेश र स्थानीय तहमा कार्यरत अधिकृतस्तर दशौं तहका कर्मचारीको उच्चस्तरीय व्यवस्थापन तालिम पाठ्यक्रम स्वीकृत, प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश र स्थानीय तहमा सिफारिस भएका

अधिकृतस्तरका कर्मचारीको सेव प्रवेश तालिम पाठ्यक्रम स्वीकृत एवम् प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत भएको थियो ।उक्त बैठकबाट आ. व. २०८१।०८२ को बजेट तथा कार्यक्रम अनुमोदन भयो भने बैठकमा अन्य समसामयिक विषयहरुमा छलफल समेत भएको थियो ।

## (२) कार्यकारी समितिको बैठक

चालु आ.व. मा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ को दफा ९ मा व्यवस्था भए बमोजिमको कार्यकारी समितिका आठ वटा बैठक सम्पन्न भएका छन् । चालु आ.व.मा सम्पन्न बैठकको विस्तृत विवरण निम्नअनुसार रहेको छ :

| मिति | बैठकका उपलब्धि |
|---|---|
| २०८२ बैशाख ३१ | आ व २०८२।०८३ का लागि प्रस्तावित विभिन्न क्रियाकलापमा छलफल<br>• Course/Content अद्यावधीकरण बारे छलफल ।<br>• नवौं तहको सेवा प्रवेश तालिमका लागि पाठ्यक्रम तयार गर्ने ।<br>• प्रतिष्ठानको कर्मचारी विनियमावलीमा संशोधन गर्नुपर्ने विषयका बारेमा अध्ययनका लागि समिति बनाउने । |

## (५) ISO 9001:2015 का Internal and Surveillance Audit तथा प्रमाणपत्र नवीकरण

प्रतिष्ठानले अवलम्बन गरेको गुण व्यवस्थापन प्रणालीका लागि Quality Austria ले कार्यसम्पादनमा आधारित प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद, मागमा आधारित परामर्श सेवा, र ज्ञान व्यवस्थापनका कार्यलाई June 20, 2022 मा ISO 9001:2015 प्रमाणपत्र प्रदान गरेको छ भने प्रतिष्ठान International Quality Network को सदस्य बनेको छ । प्रमाणीकरण भएको तीन वर्षसम्म गर्नुपर्ने Internal/Surveillance Audit को कार्य यस आ.व.मा सम्पन्न भएका छन् । Internal Audit को कार्य National Certification and Management Nepal Pvt. Ltd. का प्रतिनिधिले गरेका थिए भने Quality Austria का नेपाल प्रतिनिधिले Surveillance Audit को कार्य सम्पन्न गरेका थिए । उपरोक्त परीक्षणहरूबाट संस्थाको गुण व्यवस्थापन प्रणाली अझ संस्थागत र परिस्कृत बन्दै गएको पाइएको छ । हाल गुण व्यवस्थापन प्रणालीमा आवद्ध भएको ३ वर्ष पुगेको र हरेक तीन तीन वर्षमा नवीकरण गर्नुपर्ने प्रावधान बमोजिम आगामी ३ वर्षका लागि आवश्यक प्रक्रिया पूरा गरी प्रमाणपत्र नवीकरण गरिएको छ ।

## (६) कर्मचारीको दक्षता तथा आन्तरिक कार्यसम्पादन मूल्याङ्कन


प्रतिष्ठानका मान्यता (Core Values) मध्ये व्यवसायीकता (Professionalism) एक हो । प्रतिष्ठानमा कार्यरत कर्मचारीलाई व्यवसायीक र दक्ष बनाई उनीहरूद्वारा उच्च गुणस्तरको सेवा प्रदान गर्ने प्रतिवद्धतास्वरुप कर्मचारीको दक्षता र कार्यक्षमतालाई वार्षिक रुपमा मूल्याङ्कन गरी उनीहरूलाई थप व्यवसायीक र दक्ष बनाउनका लागि निश्चित मापदण्डको निर्धारण गरिएको छ । यसले कर्मचारीको कार्यसम्पादनस्तरको अनुगमन गर्ने एवम कार्यदक्षता र सम्पादित कार्यको प्रभावकारिताको मापन गर्ने कार्यमा सहयोग गर्दछ । पाँच वटा विषयगत क्षेत्र (१) अनुसन्धान तथा विश्लेषण, (२) तालिम विकास, (३) तालिमको कार्यान्वयन तथा मूल्याङ्कन, (४) सूचना तथा ज्ञान व्यवस्थापन, र (५) क्रियाकलाप व्यवस्थापन) का २० वटा सूचकका आधारमा कार्यक्षमताको वार्षिक रुपमा मूल्याङ्कन गरिन्छ । कार्यक्षमता मूल्याङ्कनको खाका र विश्लेषण पद्धति निम्नानुसार रहेको छ :

| Core Competency | Sub-Competency |
|---|---|
| A. Research and Analysis for TNA | 1. Understanding of what and how to conduct a training needs survey for planning of training programme |
| | 2. Development of the research instruments (field plan, check lists, questionnaire, etc.) |
| | 3. Implementation of needs survey/action research (interview, questionnaire, focus group discussion etc.) |
| | 4. Data analysis and report writing |
| B. Training Development | 5. Planning of a training (setting proper objectives, session plan, target group, training methodology, course contents, etc.) |
| | 6. Development of the training materials (handout, presentation, teaching aid etc.) |
| | 7. Development of assessment tools (level 1 - 4 evaluation of training) |
| | 8. Improvement of training program based on the results of the field validation |
| C. Training Delivery and Evaluation | 9. Designing of the delivery plan (assignment plan, scheduling, training plan) |
| | 10. Presentation and facilitation of the training program |
| | 11. Evaluation of training (quantitative and qualitative) |
| | 12. Report writing (effectiveness, efficiency of the training, lesson learned) |


| Core Competency | Sub-Competency |
|---|---|
| D. Information and Knowledge Management | 13. Use of ICT (Word, Excel, Power Point, E-Mail, Web browser, SNS etc) |
| | 14. Collecting information and knowledge (through resource documents, report, website etc.) |
| | 15. Organizing the information and knowledge (filing, archiving, indexing, storing, etc.) |
| | 16. Sharing information and knowledge (regular meeting, newsletter, official Gmail, update Facebook, etc.) |
| E. Activities Management | 17. Planning of the activities (monthly, trimester, annual plan) |
| | 18. Process management (update of the schedule, countermeasures and lesson learned) |
| | 19. Output management (submit on time, receive approval from the Director/client, etc.) |
| | 20. Report writing (report of planning, process and output management) |

| Score | Criteria for Assessment |
|---|---|
| 5 | Very high performance and self-sufficient to do or to teach other staff by himself/herself |
| 4 | Relatively high performance and able to do or teach other staff with minimum help of the expert or other staff |
| 3 | Acceptable performance and able to do or teach other staff with some support of expert or other staff |
| 2 | Low level performance and able to do by strong support of expert or staff but not able to teach other staff yet |
| 1 | Never did before and no idea of how it can be done |

माथि तालिकामा उल्लेख भए बमोजिमका मूल्याङ्कनका सूचकका आधारमा वार्षिक रुपमा कर्मचारीको कार्यदक्षताको मापन गरिन्छ र समयक्रममा आएको परिवर्तनलाई तुलना गरिन्छ। कर्मचारीका सवल पक्ष र सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गरी सुधार गर्नुपर्ने पक्षका लागि व्यक्तिगत योजना तयार गरिन्छ। कार्यक्षमता अभिवृद्धिमा संस्थाको सहयोग आवश्यक पर्ने क्षेत्रमा वार्षिक कार्यक्रम तय गरी क्षमता विकासमा योगदान गरिन्छ। यसले कर्मचारीलाई व्यवसायीक र दक्ष बनाउन मद्धत गर्दछ। तलको चार्टले आ.व. २०८१/८२ को अन्तमा गरिएको मूल्याङ्कनको नतिजालाई देखाउँदछ।




उल्लेखित चार्टले प्रतिष्ठानका कर्मचारीको यस वर्षको स्वमूल्याङ्कन नतिजालाई देखाउँदछ । यो औजारको महत्वपूर्ण विशेषता के हो भने यसले कर्मचारीको कार्यक्षमतामा वार्षिक रुपमा आएको परिवर्तनको मापन गर्दछ। तलको चार्टले प्रतिष्ठानमा कार्यरत कर्मचारीको कार्यक्षमतामा वार्षिक रुपमा आएको परिवर्तनलाई देखाउँदछ।





माथिको चार्टले दुई जना कर्मचारीको प्रतिष्ठान स्थापना देखि चालु आ.व. सम्मको स्वमूल्याङ्कन नतिजालाई देखाउँदछ। बाँकी कर्मचारीको स्वमूल्याङ्कन अवधि फरक फरक रहेको छ। मूल्याङ्कन नतिजा अनुसार हरेक कर्मचारीले वार्षिक रुपमा आफ्नो कार्यक्षमतामा सुधार गर्दै लगेको देखिन्छ।

प्रतिष्ठानले कर्मचारीको कार्यक्षमताको Benchmark निर्धारण गरेको छ। सो अनुसार प्रतिष्ठानमा आ.व. २०७७/७८ देखि निरन्तर रुपमा तालिम तथा प्रशिक्षणको भूमिकामा काम गर्ने हरेक कर्मचारीले


आ.व. २०८१/८२ सम्म मूल्याङ्कनका हरेक क्षेत्रमा पाँच अंक प्राप्त गर्नुपर्ने लक्ष्य राखेको छ। सोही लक्ष्य प्राप्तिका लागि वार्षिक रुपमा कार्यक्षमतामा देखिएका सुधारका पक्षलाई विचार गरी क्षमता विकासका कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

कर्मचारीको कार्यक्षमतामा वार्षिक रुपमा आएको परिवर्तनलाई विश्लेषण गरिन्छ। तलको चार्टले माकुरे जालो विधिबाट कसरी कर्मचारीको कार्यक्षमतामा अएको परिवर्तनलाई विश्लेषण गरिन्छ भन्ने कुरा देखाउँदछ।




माकुरे जालो विधिको विशेषता के हो भने यसले लक्ष्य र प्रगति बीचको अन्तरलाई सजिलो तरिकाले प्रस्तुत गर्दछ।

तोकिएका विषयगत क्षेत्रमा कर्मचारीको व्यवसायीक कुशलतालाई वार्षिक रुपमा अनुगमन गर्न यो विधि अत्यन्तै प्रभावकारी भएको छ। तलको चार्टले कर्मचारीको कार्यक्षमतामा वार्षिक रुपमा आएको परिवर्तनलाइ देखाउँदछ।




यस विधि अन्तर्गत कर्मचारीले प्रतिष्ठानमा काम सुरु गरेपछि आफ्नो कार्यक्षमताको स्वमूल्याङ्कन गर्दछ। त्यसपछि हरेक आर्थिक वर्षको अन्तमा वा कर्मचारी प्रतिष्ठानको जिम्मेवारीमा नरहने अवस्थामा पुनः स्वमूल्याङ्कन गरिन्छ । माथिको चार्टले ४देखि ५ वर्षको अन्तरालमा प्रतिष्ठानमा कार्यरत कर्मचारीको कार्यक्षमतामा आएको परिवर्तन देखाउँदछ । यस विधिको महत्वपूर्ण पक्ष के हो भने प्रशिक्षणको क्षेत्रमा कार्यरत कर्मचारीको पेशागत दक्षताका लागि पाँचवटै विषयगत क्षेत्रमा सन्तुलन आवश्यक छ।

## (७) कर्मचारीको साप्ताहिक र मासिक योजना तथा प्रतिवेदन

प्रतिष्ठान नियमावलीले प्रतिष्ठानमा कार्यरत कर्मचारीले मासिक रुपमा आफुले सम्पादन गरेका कामको प्रतिवेदन गर्नुपर्ने व्ययवस्था गरेको छ। कर्मचारीको कामलाई व्यवस्थित, प्रभावकारी र नतिजाउन्मुख बनाउनका लागि उनिहरूको साप्ताहिक/मासिक योजना र प्रतिवेदन प्रणालीलाई कार्यान्वयनमा ल्याइएको छ । यसले कर्मचारीको साप्ताहिक र मासिक कार्यको आँकलन, कामको बाँडफाँट र कामको उत्पादकत्वको अनुगमन तथा कर्मचारीका काममा समन्वय गर्न सहज बनाएको छ।

साप्ताहिक रुपमा तयार गरेको प्रतिवेदनलाई हरेक महिनाको अन्तमा मासिक प्रतिवेदनमा रुपान्तरण गरिन्छ । साप्ताहिक योजना र प्रतिवेदन एवम् मासिक प्रतिवेदनलाई वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजनासँग तादात्म्य कायम गर्ने गरी तयार गरिन्छ। यसले हरेक कर्मचारीका ब्यक्तिगत जिम्मेवारी र लक्ष्य प्राप्तिमा सहयोग गर्दछ।

## (८) प्रतिष्ठानको भवन निर्माण





प्रतिष्ठानको भवन निर्माणको कार्य निरन्तर रुपमा अगाडि बढेको छ। वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीबाट २०७७ फागुन १७ गते निर्माणाधिन भवनको शिलान्यास भएको थियो। थप भएको अवधि सहित आ.व. २०८२/८३ भित्र सम्पन्न गर्ने गरी गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत उक्त भवन निर्माणको कार्य भइरहेको छ। प्रदेशको उत्कृष्ट ज्ञान केन्द्र (Center for Excellence) का रुपमा प्रतिष्ठानलाई विकास गर्ने लक्ष्य अनुसार भवन निर्माण भएको हो। उक्त भवन निर्माण सम्पन्न भए पछि कर्मचारीका लागि आवश्यक कार्यस्थल र तालिम तथा कार्यशालाका लागि हलहरूको समस्या समाधान हुनेछ।

## (९) समन्वय र सहकार्य

युरोपेली संघसँग प्रतिष्ठानले हासिल गरेका उपलब्धि र आगामी दिनमा युरोपेली संघसँग गर्न सकिने सम्भावित सहकार्यका बारेमा छलफल

मिति २०८१।०६।०१ गते तदनुसार १७ सेप्टेम्बर २०२४ मा प्रतिष्ठानका कार्यकारी निर्देशक र युरोपेली संघका प्रतिनिधि EV PelesationHead:- LuisVinuesa Santamaria सँग प्रतिष्ठानले हालसम्म हासिल गरेका उपलब्धहरूका बारेमा छलफल भएको थियो।आगामी दिनहरूमा प्रतिष्ठान र युरोपेली संघका बीच गर्न सकिने सम्भावित सहकार्यका बारेमा समेत छलफल भएको थियो।

## १०. मानव संशाधन विकास

### (क) प्रतिष्ठानका कर्मचारीहरूलाई पेशागत क्षमता विकास तालिम

प्रतिष्ठानले स्थापनाकाल देखि नै प्रतिष्ठानद्वारा आयोजना गरिने तालिम तथा प्रशिक्षणलाई निश्चित सैद्धान्तिक धरातलमा आधारित रहेर सञ्चालन गर्ने गरेको छ। प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूलाई

क्षलकतचगअतष्यलर्बा क्थकतभ्फ मा दक्ष बनाउने उद्देश्यले गण्डकी प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाका प्रशिक्षकहरूसँगै ३ दिने पेशागत क्षमता विकास तालिम आयोजना गरेको छ। गत आ.व. मा सञ्चालन गरिएको तालिमका विषयवस्तुलाई थप परिस्कृत र व्यवहारिक बनाउने उद्देश्यले उक्त तालिम आयोजना गरिएको थियो । तालिम विशेषगरी क्षलकतचगअतष्यलर्बा म्भकष्मल अन्तर्गत ADDIE (Analysis, Design, Development, Implementation and Evaluation) मोडलको प्रभावकारी कार्यान्वयनमा केन्द्रित रहेको थियो । शिक्षण-सिकाइ क्रियाकलापलाई व्यवस्थित र नतिजामूलक बनाउनका लागि प्रतिष्ठानले ADDIE Model को प्रयोग गर्दै आइरहेको छ।

### (ख) अन्तरप्रदेश अनुभव आदान प्रदान अध्ययन भ्रमण




प्रतिष्ठानका कर्मचारीको क्षमता विकास कार्यक्रम अन्तर्गत मिति २०८१ मंसिर २४ देखि ३० सम्म अन्य प्रदेशका प्रशिक्षण प्रतिष्ठानका असल अभ्यासहरू तथा कार्यसम्पादन तौरतरिकाको अध्ययन गर्न अन्तर प्रदेश सिकाइ आदान प्रदान कार्यक्रम सम्पन्न भयो। उक्त भ्रमणमा प्रतिष्ठानका कार्यकारी निर्देशक, प्रतिष्ठानका कर्मचारी गरी जम्मा ९ जनाको सहभागिता रहेको थियो।

भ्रमण कार्यक्रम सुदूरपश्चिम प्रदेश र कर्याली प्रदेशमा भएको थियो। यस क्रममा सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, जोरायल गाउँपालिका, डोटी, तिला गाउँपालिका, जुम्ला र कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, सुर्खेतको भ्रमण गरिएको थियो।

प्रतिष्ठानका कर्मभारीको क्षमता विकास गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउने उद्देश्यले आयोजना गरिएको अध्ययन भ्रमणका सलिसिलामा कर्णाली र सुदूरपश्चिम प्रदेशका तालिम तथा अनुसन्धान प्रतिष्ठान र अन्य प्रशासनिक निकायको स्थलगत भ्रमण गरी असल अभ्यास र सिकाइ आदान-प्रदान , प्रशिक्षण प्रतिष्ठान/सुशासन केन्द्र तथा स्थानीय तहहरुको संस्थागत व्यवस्था, काम कारवाही तथा तालिम र अनुसन्धानका प्रभावकारिताका बारेमा छलफल गरिएको थियो। यस अध्ययन भ्रमणले

अन्य प्रदेशका तालिम केन्द्रको काम गर्ने तौरतरिका र असल अभ्यासहरूका बारेमा जानकारी लिने अवसर प्रदान गरेको थियो ।

### (ग) स्विस विकास सहयोग संस्था (Swiss Development Cooperation - SDC) का प्रतिनिधिमण्डलको भ्रमण



गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा स्विस विकास सहयोग संस्था (Swiss Development Cooperation - SDC) का प्रतिनिधिमण्डलको भ्रमण २०८२ साल जेठ १ गते(May 15), बिहीबार सम्पन्न भएको थियो। भ्रमणका क्रममा प्रतिष्ठानले प्रतिनिधिमण्डललाई संस्थाको संरचना, तालिम कार्यक्रम, पूर्वाधार तथा नवप्रवर्तनात्मक अभ्यासहरूको बारेमा जानकारी दिएको थियो।

प्रतिनिधिमण्डलले तालिम केन्द्रका विभिन्न पूर्वाधारहरू, तालिम कक्षहरू, सहभागीमैत्री वातावरण र सञ्चालन प्रक्रिया अवलोकन गरेका थिए। सो अवसरमा दुवै पक्षबीच तालिम तथा क्षमता विकासमा आधारित सहकार्य, र भविष्यका सम्भावित साझेदारीका विषयमा विचारविमर्श भएको थियो।प्रतिष्ठानले प्रतिनिधिमण्डललाई स्वागत गर्दै उनीहरूको भ्रमणबाट संस्थागत अभ्यासप्रति देखाइएको चासोलाई सकारात्मक रूपमा लिएको छ। भ्रमणले भविष्यमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र SDC बीच आपसी सहकार्यको मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ।

### (घ) अन्तरप्रदेश सिकाइ आदानप्रदान कार्यक्रम




प्रदेश स्तरमा संचालन गरीने प्रशिक्षणको गुणस्तरीयता बृद्बी ,सेवा प्रवाहमा सुधार ,सुशासन प्रवद्बन तथा सस्थागत क्षमता अभिबृद्बीका लागी गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र प्रदेश सुशासन केन्द्र वाग्मती विच अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ | प्रतिष्ठानको सभाहल कार्यकारी निर्देशक सुरेंद्रबाबु तिवारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रतिष्ठानको तर्फबाट उपसचिव नारायण प्रसाद पौडेलले प्रस्तुतीकरण गरेका थिए भने सुशासन केन्द्र बागमतीको तर्फबाट केन्द्रका निर्देशक

अनिता तामांगले प्रस्तुति गरेका थिए। कार्यक्रमको संचालन प्रशिक्षण तथा अनुसन्धान अधिकृत इ.मनोज पौडेलले गरेका थिए। असार १३ गते सम्पन्न कार्यक्रममा दुवै पक्षले आफ्ना उत्कृष्ट अभ्यासहरु तथा प्रयोगमा आएका नवप्रवतनबारे प्रस्तुत गरेका थिए।

## (११) उपलब्ध जनशक्ति

प्रदेश लोक सेवा आयोगबाट केही कर्मचारीको स्थायी पदपुर्ति भएको र अन्य आवश्यक कर्मचारी प्रदेश सरकारबाट कामकाजका लागि खटाउने ऐनको व्यवस्था बमोजिम चालु आ.व. मा समेत सोही अनुसार कर्मचारीको व्यवस्थापन भयो । प्रतिष्ठानमा आ.व. २०८१/८२ मा उपलब्ध जनशक्तिको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

### कर्मचारी विवरण र कार्यजिम्मेवारी

#### प्रतिष्ठान तर्फ

| क्र.सं | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | सुरेन्द्रबाबु तिवारी | कार्यकारी निर्देशक | कार्यालय प्रमुख |
| २. | नारायण प्रसाद पौडेल | उपसचिव दशौं तह | |
| ३. | प्रभाकर घिमिरे | उपसचिव नवौं तह | |
| ४. | लक्ष्मण तिमिल्सिना | निर्देशक, नवौं तह | |
| ५ | सुजन नेपाल | निर्देशक, नवौं तह | |
| ६ | जित बहादुर राना | शाखा अधिकृत | |
| ७ | सिर्जना गौतम | लेखा अधिकृत | |
| ८ | प्रज्वल आचार्य | प्रशासकीय अधिकृत | |
| ९. | मनोज पौडेल | प्रशिक्षण तथा अनुसन्धान अधिकृत (सातौं तह) | |
| १०. | प्रशान्त पौड्याल | शाखा अधिकृत (सातौं तह) | |
| ११ | प्रशान्त सुवेदी | लेखा अधिकृत (सातौं तह) | |
| १२ | सुवर्ण आचार्य | सूचना प्रविधि सहायक | |
| १३ | निर्वेश भुजेल | हलुका सवारी चालक | |
| १४ | अनिल बराल | कार्यालय सहयोगी | |
| १५ | मनिसा अधिकारी | कार्यालय सहयोगी | |

**PLGSP तर्फ**

| क्र.सं | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | भिम विश्वकर्मा | तालिम समन्वय विश्लेषक | |

प्रतिष्ठानका लागि आवश्यक कर्मचारीको स्थायी दरवन्दी सिर्जना गर्ने कार्यका लागि कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली तर्जुमा भएको छ। कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावलीका आधारमा प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति भएको छ।

## (१२) विविध

### (क) SOP को लोकार्पण




प्रतिष्ठानले सार्वजनिक निकायको जिन्सी प्रशासन तथा व्यवस्थापन सम्बन्धी नियमित कार्यसम्पादनका लागि तयार गरेको आधारभूत कार्यसञ्चालन कार्यविधि (SOP) चालु आ.व.को मंसिर १४ गते सम्पन्न छैटौ तहका कर्मचारीहरुको सेवाकालीन तालिम समापन समारोहमा प्रशिक्षण परिषद्का अध्यक्ष एवम् सरकारका मुख्यमन्त्रीबाट लोकार्पण भएको थियो।

विभिन्न ७ वटा खण्डमा विभाजित उक्त कार्यविधिमा परिचय, सार्वजनिक सम्पत्ति व्यवस्थापन, सम्पत्तिको लेखा तथा संरक्षण, सार्वजनिक सम्पत्ति व्यवस्थापनमा संलग्न निकायहरुको भूमिका, सार्वजनिक सम्पत्ति व्यवस्थापनमा संलग्न कर्मचारीहरुको कार्य विवरण, सार्वजनिक सम्पत्ति व्यवस्थापन कार्यसम्पादन कार्यविधि र कर्मचारीको कार्यसम्पादन स्वमूल्याङ्कन विधि र औजार जस्ता विषयवस्तुहरू सरल एवम् व्यवहारिक ढङ्गले बुझ्न र प्रयोग गर्न सकिने गरी समावेश गरिएको छ। उक्त कार्यविधिले जिन्सी प्रशासनको भूमिकामा रहेर काम गर्ने कर्मचारीहरूको दैनिक कार्यमा सहजता ल्याउनुका साथै उनीहरूको कार्यसम्पादनमा सुधार भई जिन्सी व्यवस्थापनका गतिविधिहरू थप व्यवस्थित, प्रभावकारी, पारदर्शी र नतिजामुखी हुने अपेक्षा गरिएको छ।

## (ख) प्रदेश सरकारमा वार्षिक प्रतिवेदन पेश



प्रतिष्ठानद्वारा आ.व. २०८०।८१ मा सम्पादन गरिएका क्रियाकलापहरू समावेश गरिएको वार्षिक प्रतिवेदन २०८१ भाद्र १७ गते गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे समक्ष पेस गरिएको थियो । उक्त प्रतिवेदनमा प्रतिष्ठानको सोच, लक्ष्य, उद्देश्य र रणनीतिक योजनाको सारसङ्क्षेप सहित वार्षिक प्रगति विवरण समावेश गरिएको थियो । गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम प्रतिष्ठानले हरेक वर्ष वार्षिक प्रगति प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्दै आइरहेको छ । प्रतिष्ठान स्थापनापश्चात प्रदेश सरकार समक्ष पेश गरिएको यो पाँचौं प्रतिवेदन हो ।

## (ग) नवनियुक्त कार्यकारी निर्देशकलाई स्वागत तथा पदभार ग्रहण



गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम प्रतिष्ठानको दोस्रो कार्यकालका लागि २०८२।०१।१० गते नियुक्त हुनुभएका कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीलाई २०८२।०१।१२ गतेका दिन एक कार्यक्रमका बीच स्वागत गरियो ।

प्रतिष्ठानका कर्मचारीहरुको उपस्थितिमा भएको स्वागत कार्यक्रममा आफ्नो तर्फबाट मन्तव्य राख्दै कार्यकारी निर्देशक सुरेन्द्रबाबु तिवारीले आफ्नो कार्यकालमा प्रतिष्ठानले गर्व गर्न योग्य कार्य गर्ने बताउदै संस्थागत क्षमता अभिवृद्धि गर्ने, प्रतिष्ठानबाट सञ्चालित कार्यक्रमको गुणस्तरीयता वृद्धि गर्दै प्रदेशको अग्रणी तालिम प्रदायक संस्थाका रुपमा प्रतिष्ठानलाई स्थापित गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

## (घ) नवनियुक्त कर्मचारीहरूको नियुक्ति तथा शपथ ग्रहण कार्यक्रम

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति प्रक्रिया पूरा भई मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट नियुक्तिका लागि सिफारिस भई आएका कर्मचारीहरुको नियुक्ति तथा शपथ ग्रहण कार्यक्रम २०८२।०३।०८ गते सम्पन्न भयो । दुई जान निर्देशक नवौं तह , अधिकृत सातौं तहमा तीन जना र सहायकस्तरमा एक जना गरी जम्मा छ जना कर्मचारीहरुको नियुक्ति तथा शपथ ग्रहण कार्य सम्पन्न भएको हो ।

# परिच्छेद-५ आ.व. २०८१/८२ को आर्थिक प्रतिवेदन

## (विनियोजित बजेट र खर्चको विवरण)

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, गण्डकी प्रदेश, पोखरा

**खर्चको फाँटावारी** (**आर्थिक वर्ष:** २०८१/८२)

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेट | | बजेट | | |
| पूँजीगत कार्यक्रमः गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | | | | | | | | |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | - | - | ५,००,००० | ० | ० | ० | - |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | - | - | १०००,००० | १ | १०६,८९९ | १०.६८ | - |
| | जम्मा | | | १,५००,००० | | १०६,८९९ | ७.१३ | |
| चालु कार्यक्रमः गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | | | | | | | | |
| २११११ | पारिश्रमिक कर्मचारी | - | - | १२८६०००० | - | ४५३५६०१.६० | ३५.२६ | - |
| २१११२ | पारिश्रमिक पदाधिकारी | - | - | ८५९,००० | - | ६८७,५३३ | ८०.०३ | - |
| २११२१ | पोशाक | - | - | २००,००० | - | ८०,००० | ४० | - |
| २११३२ | महंगी भत्ता | - | - | ४८०,००० | - | १४२,००० | २९.५८ | - |
| २११३४ | कर्मचारीको बैठक भत्ता | - | - | १००,००० | - | ० | ० | - |
| २११४१ | पदाधिकारी बैठक भत्ता | - | - | ३००,००० | - | १२६,२३६ | ४२.०७ | - |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | - | - | २१६,००० | - | १८६,६०० | ८६.३८ | - |
| २१२१२ | योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष खर्च | | | १९२००० | | २४,७५९।५४ | १२.८९ | |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | - | - | १८०,००० | - | २८००० | १५.५५ | - |
| २२१११ | पानी तथा बिजुली | - | - | ३६०,००० | - | १५९,४५५ | ४४.२९ | - |
| २२११२ | संचार महसुल | - | - | २४६,००० | - | १०९१२० | ४४.३५ | - |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | - | - | ५५२,००० | - | ४१६३२२ | ७५.४२ | - |
| २२२१३ | सवारी साधन मर्मत खर्च | - | - | ४२०,००० | - | ३०७१०४ | ७३.१२ | - |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | - | - | ६२०,००० | - | ५७७१७२।५० | ९३.०९ | - |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | - | - | २००,००० | - | ४४०६५ | २२.०३ | - |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | - | - | ३००,००० | - | २४०३७६ | ८०.१२ | - |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेट | | बजेट | | |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | - | - | १००,००० | - | ० | ० | - |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | - | - | १००,००० | - | ५७३० | ५.७३ | - |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | - | - | ४८०,००० | - | २२४६६८ | ४६.८० | - |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | - | - | १२०,००० | - | ० | ० | - |
| २२४१३ | करार सेवा शुल्क | - | - | १,३४२,००० | - | ८९९९२९ | ६७.०५ | - |
| कार्यक्रम विवरण | | | | | | | | |
| २२५११ | २.६.२.३ प्रतिष्ठानका कर्मचारीको क्षमता विकास कार्यक्रम | पटक | १ | २००००० | ० | १९७९०७ | ९८.९५ | ० |
| २२५२२ | २.७.२१.३ कर्मचारीको सेवाकालीन तालिम | पटक | २ | १५००००० | २ | ११९६२१२ | ७९.७४ | १०० |
| २२५२२ | २.७.२१.४ कर्मचारीको सेवप्रवेश तालिम | | | १५००००० | | १३४८३६९ | ८९.८९ | |
| २२५२२ | २.७.२५.२५४ गुण व्यवस्थापन प्रणाली सम्बन्धी कार्यशाला | पटक | १ | २००,००० | १ | ६२१७३ | ३१.०८ | १०० |
| २२५२२ | २.७.२५.२६२ अनुभव आदान प्रदान सम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय कार्यशाला | पटक | १ | ५००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.२६४ प्रशिक्षार्थी Internship कार्यक्रम | जना | | ३००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.३३६ ज्ञान केन्द्र स्तर उन्नति | पटक | १ | १०००००० | | ० | ० | ० |
| २२५२२ | २.७.२५.३३८ तालिम सञ्चालनका लागि आधारभूत कार्यसञ्चालन कार्यविधि निर्माण | वटा | १ | ३००००० | | ० | ० | ० |
| २२५२२ | २.७.२५.३३९ तालिम व्यवस्थापन सूचना प्रणालीको विकास | पटक | १ | ७००००० | | ० | ० | ० |
| २२५२२ | २.७.२५.३४१ प्रतिष्ठानका उपलब्धिहरुको भिडियो डकुमेन्ट्रि तयारी | पटक | १ | ५००००० | | २८२२६० | ५६.४५ | |
| २२५२२ | २.७.२५.३४२ स्थानीय आर्थिक विकाससम्बन्धी तालिम | पालिका | ५ | १००००० | | ७५०२२० | ७५.०२ | १०० |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेट | | बजेट | | |
| २२५२२ | २.७.२५.३४३ स्थलगत अनुगमन अनुशिक्षण कार्यक्रम | | | ५०००००० | | ० | ० | ० |
| २२५२२ | २.७.५.३८ प्रशिक्षण सामग्री प्रकाशन | वटा | २ | ८००,००० | २ | ० | ० | ० |
| २२५२२ | २.७.८.१० युवा नेतृत्व क्षमता विकास तालिम | पटक | १ | ५०००० | १ | २१३२३६ | ४२.६४ | १०० |
| २२५२२ | २.७.८.३ कार्यमूलक अनसन्धान, लेख तथा प्रकाशन | पटक | १ | ५००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.८.९ पेशागत क्षमता विकास सम्बन्धी तालिम | पटक | १ | ५००,००० | १ | १३१६९३ | २६.३३ | १०० |
| २२६१२ | भ्रमण खर्च | - | - | ४०६,००० | | १५६३१८ | ३८.५० | - |
| २२७११ | विविध खर्च | - | - | ३००,००० | | २९७,६८७ | ९९.२२ | - |
| जम्मा | | | १८ | ३१४३३००० | | १३६९३३८१।६४ | ४३.५६ | ४४ |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (सशर्त) : पूँजीगत | | | | | | | | |
| ३११२२ | मेशिनरी तथा औजार | - | - | ६००,००० | | ४९८,५९९ | ८३ | - |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | - | - | ४००,००० | | ४२,६५० | ११ | - |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | - | - | ५००,००० | | ७०,३७६ | १४ | - |
| जम्मा | | | | १,५००,००० | | ६११,६२५ | ४१ | |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (सशर्त): चालु | | | | | | | | |
| २११३४ | कर्मचारीको बैठक भत्ता | - | - | १००००० | | ० | ० | - |
| २२१११ | पानी तथा बिजुली | - | - | २००,००० | | ० | ० | - |
| २२११२ | संचार महसुल | - | - | २००,००० | | ० | ० | - |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | - | - | ३००,००० | | २४७४७७ | ८२.४९ | - |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | - | - | २००,००० | | १२५२९२ | ६२.६४ | - |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | - | - | ४००,००० | | १८७९६२ | ४६.९९ | - |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | - | - | १००,००० | | ० | ० | - |

कार्यक्रम विवरण

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेट | | बजेट | | |
| २२५२२ | २.७.२५.४२७ कार्यालय प्रशासनको कर्मचारीहरुका लागि आधारभूत कार्यसञ्चालन कार्यविधि निर्माण | पटक | १ | ५००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.४२८ स्थानीय तहका जनप्रतिनिधिहरुका लागि स्थानीय आर्थिक विकाससम्बन्धी तालिम | | ४ | ८००,००० | ४ | ६७३५७६ | ८४.२० | १०० |
| २२५२२ | २.७.२५.४२९ स्थानीय तहका वडाका महिला सदस्यलाई लैससाससम्बन्धी तालिम | पटक | | ८००,००० | | ० | ० | ० |
| २२५२२ | २.७.२५.४३०स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुलाई मध्यमकालिन खर्च संरचना विषयमा फलोअप तालिम तथा अन्तरक्रिया | | | १५००००० | | ० | ० | ० |
| २२५२२ | २.७.२५.४३८ स्थानीय तहले बनाएका विभिन्न योजनाहरू (आवधिक विकास योजना, क्षमता विकास योजना, लैससास रणनिति) कार्यान्वयनको अवस्थाको अध्ययन र Dessimination | | | १०००००० | | ० | ० | ० |
| २२५२२ | २.७.२५.४३९ गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको लैससास अडिट | पटक | १ | ५००००० | | ० | ० | ० |
| २२५२२ | २.७.२५.४४१ अपाङ्गमैत्री स्थानीय शासन प्रवर्द्धन अभिमरखीकरण | वटा | ३ | १२००००० | १ | १५००३५ | १२.५० | ३३।३३ |
| २२५२२ | २.७.२५.४४२ समुदायमा आधारित संघसंस्थाहरूलाई विकास सुशासन सेवाप्रवाह र नागरिक निगरानी सम्बन्धी तालिम | वटा | ४ | ८००००० | ४ | ३३६६४३ | ४२.०८ | १०० |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेट | | बजेट | | |
| २२५२२ | २.७.२५.४४३ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तासम्बन्धी तालिम | वटा | ६ | २४०००० | ६ | १२०७७१३ | ५०.३२ | १०० |
| २२५२२ | २.७.२५.४४४ प्रतिष्ठानका कर्मचारीहरुका लागि क्षमता विकास तालिम | पटक | १ | ५००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.४४५ अन्तर प्रदेश सिकाई आदान प्रदान भ्रमण | पटक | १ | ५००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.४५३ Devlop Trining information Management System of GPTA | पटक | १ | ५००००० | १ | १२९९५० | २५.९९ | १०० |
| २२५२२ | २.७.२५.४५४ प्रदेश सरकारका मन्त्री प्रदेश सभाका समिति सभापति र प्रदेश सचिवहरूका लागि कुटनीतिक आतिथ्यता तथा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम | वटा | १ | ७००००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.४५५ प्रदेश अन्तरगतका कर्मचारीहरूलाई वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी तालिम | वटा | १ | ५००००० | १ | १६८१४३ | ३३.६२ | १०० |
| २२५२२ | २.७.२५.४५७ स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धी अन्तरक्रिया | वट | ३ | १२००००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.४६३ सेवाकालीन तालिम | वटा | ४ | ४८००००० | २ | १०३४८१८ | २१.५५ | ५० |
| २२५२२ | २.७.२५.४६४ स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूलाई सार्वजनिक खरिदसम्बन्धी तालिम | वटा | ३ | १५००००० | १ | २३१८७८ | १५.४५ | ३३।३३ |
| २२५२२ | २.७.२५.४६५ स्थानीय तहका प्रवक्ताको भूमिकासम्बन्धी तालिम | वटा | ३ | १२००००० | ० | ० | ० | ० |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेट | | बजेट | | |
| २२५२२ | २.७.२५.४६६ स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूसँग लैङ्गिक हिंसा विरुद्धको आचारसंहिता लैससास रणनीति र लैससास परीक्षणको कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | वटा | ३ | १२०००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.४६७ वडा महिला सदस्यहरूलाई लैससास तालिम | वटा | १ | १०००००० | १ | ४७८३९६ | ४७.८३ | १०० |
| २२५२२ | २.७.२५.४६८ जिल्ला समन्वय समितिका पदाधिकारीहरुलाई क्षमता विकास सम्बन्धी तालिम | पटक | १ | ५००,००० | | २८९,७६९ | ५७.९५ | १०० |
| २२५२२ | २.७.२५.४७७ स्थानीय तहका वडा समितिका सदस्यलाई सहभागितामुलक योजना तर्जुमा र अनुगमन सम्बन्धी तालिम | पटक | ८ | १२०००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.४७८ न्यायिक समितिका सदस्यहरूलाई लैङ्गिकमैत्री न्यायप्रणाली र मनोसामाजिक सहयोगसम्बन्धी तालिम | वटा | ३ | १८००००० | १ | ४५७९९८ | २५.४४ | ३३।३३ |
| २२५२२ | २.७.२५.४७९ प्रतिष्ठानको Website Update गर्ने | पटक | १ | २००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.४८० प्रदेश अन्तरगतका कर्मचाारीहरुलाई सार्वजनिक खरिद सम्बन्धी तालिम | पटक | ४ | २०००००० | २ | ५०१९४८ | २५.०९ | ५० |
| २२५२२ | २.७.२५.४८५ स्थानीय तहको राजश्व समितिका पदाधिकारी र कर्मचारीहरूलाई राजस्व व्यवस्थापनसम्बन्धी तालिम | वटा | ३ | १८००००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.४८६ स्थानीय तहका बालकल्याण अधिकारीहरूलाई बालसंरक्षणसम्बन्धी तालिम | वटा | ३ | १२०००० | २ | ४६३७१६ | ३८.६४ | ३३।३३ |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति प्रतिशत | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेट | | बजेट | | |
| २२५२२ | २.७.२५.४८७ स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई वित्तीय उत्तरदायीत्व र बेरुजु व्यवस्थापन सम्बन्धी तालिम | पटक | ३ | १५००००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.४९३ प्रशिक्षण सामग्री र आधारभूत कार्यसञ्चालन कार्यविधि प्रकाशन खर्च | वटा | | १०००००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.४९४ प्रदेश तहका कर्मचारीहरूलाई कार्यशर्त लेखनसम्बन्धी तालिम | वटा | १ | ५००००० | १ | १६२८६२ | ३२.५७ | १०० |
| २२५२२ | २.७.२५.४९५ स्थानीय तहमा वित्तिय सुशासन जोखिम मूल्याड्कन र स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याड्कन LISA कार्यान्वयनको फलोअप/अन्तरक्रिया/गुणस्तर परिक्षण | पटक | ३ | १८००००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.५०५ नवनियुक्त कर्मचारीहरुका लागि सेवा प्रवेश तालिम | पटक | ६ | २४००००० | १ | ६११२३ | २.५४ | १६।६६ |
| २२५२२ | २.७.२५.५०६ न्याय निरुपण प्रक्रियामा देखिएका सवालहरूका बारेमा न्यायिक समितिका सदस्यहरूसँग संवाद कार्यक्रम | वटा | | १२००००० | १ | ६५१२४१ | ५४.२७ | १०० |
| २२७११ | २.९.९.९ विविध खर्च | | | ४००००० | | ३२९६५३ | ८२.४१ | |
| | जम्मा | | ० | ४२१००००० | | ७८९०१९३ | १८.७४ | |

# परिच्छेद-६ आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम

## (1) गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (३०१०२०११३)

| क्र.सं. | क्रियाकलाप | संख्या | इकाइ | इकाइ बजेट | कुल बजेट |
|---|---|---|---|---|---|
| १ | प्रतिष्ठानका कर्मचारीको क्षमता विकास तालिम | १ | | १००००० | १००००० |
| २ | कर्मचारीको सेवाकालीन तालिम | २ | | ५००००० | १०००००० |
| ३ | कर्मचारीको सेवाप्रवेश तालिम | ४ | | ३००००० | १२००००० |
| ४ | गुण व्यवस्थापनसम्बन्धी तालिम | १ | | २००००० | २००००० |
| ५ | अनुभा आदाप्रदानसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय कार्यशाला | १ | | ५००००० | ५००००० |
| ६ | प्रशिक्षार्थी कार्यक्रम | १ | | ३००००० | ३००००० |
| ७ | ज्ञानकेन्द्र स्तरउन्नति | १ | | ८००००० | ८००००० |
| ८ | तालिम सञ्चालनका लागि आधारभूत कार्यसञ्चालन कार्यविधि निर्माण | १ | | ३००००० | ३००००० |
| ९ | तालिम व्यवस्थापन सूचना प्रणाली विकास | १ | | ७००००० | ७००००० |
| १० | प्रतिष्ठानका उपलब्धिहरूको भिडियो डकुमेन्ट्रि तयारी | १ | | ५००००० | ५००००० |
| ११ | स्थानीय आर्थिक विकाससम्बन्धी तालिम | ५ | | २००००० | १०००००० |
| १२ | स्थलगत अनुगमन अनुशिक्षण कार्यक्रम | १ | | ५००००० | ५००००० |
| १३ | Hospitality सम्बन्धी तालिम | १ | | ४५२००० | ४५२००० |
| १४ | प्रशिक्षण सामग्री प्रकाशन | १ | | ४००००० | ४००००० |
| १५ | स्थानीय तहमा सहकारी व्यवस्थापन तालिम | १ | | २००००० | २००००० |
| १६ | प्रदेश सांसदहरूका लागि सामाजिक सञ्जालको उपयोगसम्बन्धी अनुशिक्षण कार्यक्रम | १ | | १००००० | १००००० |
| १७ | संघीयता सबलीकरणसम्बन्धी नीति संवाद कार्यक्रम | ४ | | ३००००० | १२००००० |
| १८ | अहिंसात्मक संवाद कार्यक्रम | १ | | ३००००० | ३००००० |
| १९ | नागरिक संवाद कार्यक्रम | १ | | ४००००० | ४००००० |
| २० | स्थानीय तहमा हरित उद्यमशीलता विकास तालिम | २ | | ३७५००० | ७५०००० |
| २१ | पुस्तकालय व्यवस्थापन तालिम | १ | | २००००० | २००००० |

| क्र.सं. | क्रियाकलाप | संख्या | इकाइ | इकाइ बजेट | कुल बजेट |
|---|---|---|---|---|---|
| २२ | विज्ञ नक्शाङ्कन कार्यक्रम | १ | | ३००००० | ३००००० |
| २३ | नगरीय सुशासन तालिम | १ | | २००००० | २००००० |
| २४ | कार्यमुलक अनुसन्धान तथा लेख प्रकाशन | १ | | ६००००० | ६००००० |
| २५ | पेशागत क्षमता विकास तालिम | १ | | ३००००० | ३००००० |
| | जम्मा | ३७ | | | १२५०२००० |

## (ख) प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम PLGSP (३०१९११२०३)

| क्र.सं. | क्रियाकलाप | संख्या | इकाइ | इकाइ बजेट | कुल बजेट |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रशासनका कर्मचारीहरूका लागि आधारभूत कार्यसञ्चालन कार्यविधि निर्माण | १ | | ५००००० | ५००००० |
| २ | सिकाइ आदानप्रदानका लागि अन्तरप्रदेश भ्रमण | १ | | ७००००० | ७००००० |
| ३ | प्रतिष्ठानका तालिम पाठ्यक्रमको प्रभावकारिता र उपादेयतासम्बन्धी अध्ययन | १ | | ४००००० | ४००००० |
| ४ | ज्ञान आधारित अर्थतन्त्रमा रुपान्तरणसम्बन्धी अध्ययन | १ | | ४००००० | ४००००० |
| ५ | स्थानीय तहका विषयगत समितिको कार्यशर्त अनुसार पाठ्यक्रम निर्माण गर्ने | १ | | ५००००० | ५००००० |
| ६ | GESI र नागरिक सहभागितासम्बन्धी उत्कृष्ट अभ्यास अवलोकन गर्न स्थानीय तहका निर्वाचित जनप्रतिनिधि र पदाधिकारीहरुको अनुभव आदान प्रदान | १ | | ५००००० | ५००००० |
| ७ | GPTA को GEDSI नीति तर्जुमा सहयोग | १ | | ५००००० | ५००००० |
| ८ | GPTA लाई डिजिटल सिकाइ केन्द्रका रुपमा स्थापित गर्न सहयोग | १ | | ३००००० | ३००००० |
| ९ | प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूका लागि सेवाप्रवेश तालिम सञ्चालन | ३ | | ४००००० | १२००००० |
| १० | नवनियुक्त कर्मचारीहरूका लागि सेवाप्रवेश तालिम | २ | | ४००००० | ८००००० |
| ११ | सूचना प्रविधि अधिकृतहरूका लागि क्षमता विकास तालिम | ३ | | ६००००० | १८००००० |
| १२ | स्थानीय तहका जनप्रतिनिधिहरूका लागि स्थानीय आर्थिक विकाससम्बन्धी तालिम | ४ | | २००००० | ८००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | प्रदेश अन्तरगतका कर्मचारीहरुका लागि वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी तालिम | १ | | ४००००० | ४००००० |
| १४ | न्यायमा समान पहुँच प्रवर्द्धन गर्न न्यायिक सहजकर्ताहरूका लागि क्षमता अभिवृद्धि तथा आत्ममूल्याङ्कन कार्यशाला तालिम | २ | | ४००००० | ८००००० |
| १५ | स्थानीय तहका पदाधिकारीहरूलाई प्रस्ताव तथा प्रतिवेदन लेखनसम्बन्धी तालिम | २ | | ३००००० | ६००००० |
| १६ | स्थानीय तहका जनप्रतिनिधिहरूका लागि रुपान्तरित नेतृत्व क्षमता विकास तालिम | ३ | | ४००००० | १२००००० |
| १७ | स्थानीय तहका राजस्व परामर्श समितिका पदाधिकारी र कर्मचारीहरूलाई राजस्व व्यवस्थापन तालिम | ४ | | ४००००० | १६००००० |
| १८ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूसँग लैङ्गिक हिंसा विरुद्धको आचारसंहिता लैससास रणनिति र लैससास परीक्षणको कार्यान्वयनसम्बन्धमा अन्तरक्रिया कार्यक्रम | १ | | ४००००० | ४००००० |
| १९ | जिल्ला समन्वय समितिका पदाधिकारी र कर्मचारीहरुका लागि क्षमता विकाससम्बन्धी तालिम | १ | | ४००००० | ४००००० |
| २० | स्थानीय तहका बालकल्याण अधिकारीहरूलाई बालसंरक्षणसम्बन्धी तालिम | १ | | ४००००० | ४००००० |
| २१ | स्थानीय तहका कर्मचारीहरूलाई कार्यशर्त लेखनसम्बन्धी तालिम | २ | | ४००००० | ८००००० |
| २२ | स्थानीय तहको वडा समितिलाई सहभागितमूलक योजना तर्जुमा र अनुगमनसम्बन्धी तालिम | ६ | | २००००० | १२००००० |
| २३ | लागत साझेदारीमा आधारित स्थानीय तथा प्रादेशिक निकायहरूका लागि मागमा आधारित तालिम | ४ | | ४००००० | १६००००० |
| २४ | प्रदेश अन्तरगतका कर्मचारीहरूलाई सार्वजनिक खरिदसम्बन्धी तालिम | १ | | ४००००० | ४००००० |
| २५ | प्रादेशिक स्तरमा सिक्स सिग्मा तालिम गुणस्तर व्यवस्थापन | १ | | ४००००० | ४००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | स्थानीय तहको योजना तथा बजेटमा जलवायु परिवर्तनसम्बन्धी विषयको मूलप्रवाहीकरणसम्बन्धी अभिमुखीकरण | ३ | | ४००००० | १२००००० |
| २७ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूका लागि सकारात्मक सोच र तनाव व्यवस्थापनसम्बन्धी तालिम | ३ | | ४००००० | १२००००० |
| २८ | न्यायिक समितिका सदस्यहरूलाई लैङ्गिकमैत्री न्यायप्रणाली र मनोसामाजिक सहयोगसम्बन्धी तालिम | ३ | | ४००००० | १२००००० |
| २९ | प्रादेशिक कर्मचारीहरूका लागि व्यवसायिक दक्षता समावेशी सेवाप्रवाह र तथ्याङ्क व्यवस्थापन तालिम | १ | | ४००००० | ४००००० |
| ३० | स्थानीय तहका कर्मचारीहरूका लागि स्थानीय सरकार कार्यसम्पादन मूल्याङ्कन प्रणालीको अभिमुखीकरण | २ | | ४००००० | ८००००० |
| ३१ | स्थानीय तहको प्रवक्ताको भूमिकासम्बन्धी तालिम | १ | | ४००००० | ४००००० |
| ३२ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि सार्वजनिक खरिदसम्बन्धी तालिम | २ | | ४००००० | ८००००० |
| ३३ | प्रदेशको उच्चपदस्थ कर्मचारीहरूका लागि Artificial Intelligence को प्रयोगसम्बन्धी क्षमता विकास कार्यक्रम | १ | | ६००००० | ६००००० |
| ३४ | GPTA कर्मचारीहरूका लागि क्षमता विकास कार्यक्रम | १ | | ४००००० | ४००००० |
| ३५ | निर्वाचित प्रतिनिधि र कर्मचारीहरूका लागि नागरिक सहभागिता र सामाजिक जवाफदेहितामा स्थानीय तहको क्षमता विकास कार्यक्रम | | | | १४००००० |
| ३६ | अपाङ्गमैत्री स्थानीय समावेशी शासन प्रवर्द्धन अभिमुखीकरण | १ | | ५००००० | ५००००० |
| ३७ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तासम्बन्धी तालिम | २ | | ४००००० | ८००००० |
| ३८ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूलाई वत्तीय उत्तरदायित्व र बेरुजु व्यवस्थापनसम्बन्धी तालिम | २ | | ४००००० | ८००००० |
| ३९ | समुदायमा आधारित संघसंस्थाहरूलाई विकास सुशासन सेवाप्रवाह र नागरिक निगरानीसम्बन्धी तालिम | ४ | | | ८००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४० | आ व २०८२।०८३ का लागि प्रस्तावित तालिम कार्यक्रमको पाठ्यक्रम निर्माण तथा संशोधन | १ | | ५००००० | ५००००० |
| ४१ | GPTA को व्यवसायिक योजना रणनैतिक योजना निर्माण र अनुगमन तथा मूल्याङ्कन योजनामा सहयोग | २ | | ६००००० | १२००००० |
| ४२ | Website अद्यावधिक गर्ने | १ | | २००००० | २००००० |
| | | ८१ | | | ३५०००००० |

# परिच्छेद-७ समस्या, चुनौति र आगामी दिनको कार्यदिशा

## ७.१ समस्या र चुनौति

प्रतिष्ठानले कार्य प्रारम्भ गरेको ४ वर्ष पूरा भएको छ। यस अवधिमा प्रतिष्ठानले संस्थागत विकास र कार्यक्रम कार्यान्वनलाई सँगसँगै अगाडि बढाउँदै आइरहेको छ। प्रतिष्ठानको पहिलो रणनीतिक योजनाले परिलक्षित गरेका कार्यक्रमहरूलाई बार्षिक बजेट र कार्यक्रममा समावेश गर्दै प्रतिष्ठान लक्ष्य प्राप्तिमा निरन्तर क्रियाशिल रहँदै आएको छ।

विगत वर्षहरूमा जस्तै यस आ.व. मा पनि प्रतिष्ठानले प्रदेश सरकारबाट प्राप्त अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमतर्फको संघ ससर्त अनुदानका क्रियाकलाप कार्यान्वयन गरेको छ। प्रदेश सरकारले उपलब्ध गराएको अस्थायी जनशक्ति र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फका प्राविधिक टोलीको सहयोगमा कार्यक्रम कार्यान्वयन गरेको छ।

विगत वर्षमा जस्तै चालु आ.व.मा पनि स्वीकृत दरवन्दी बमोजिमको जनशक्ति नहुँदा लक्ष्य अनुसारको प्रगति हाँसिल गर्न कठिन भयो। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्यबोझलाई सम्बोधन गर्न उक्त जनशक्ति अपर्याप्त थियो। अपर्याप्त र सानो आकारका प्रशिक्षण हलका कारण कतिपय कार्यक्रम प्रतिष्ठान बाहिर सञ्चालन गर्नुपर्ने बाध्यता रह्यो। प्रतिष्ठानका कर्मचारीको दैनिक कार्यसम्पादनका लागि समेत पर्याप्त कार्यस्थल उपलब्ध हुन सकेन।

अधिक कार्यबोझ र न्यून कर्मचारीका कारण प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममार्फत सञ्चालित कार्यक्रमको कार्यान्वयन चुनौतिपूर्ण रह्यो। प्राविधिक टिमका कर्मचारीको सरुवा र सो स्थानमा समयमा नै कर्मचारी व्यवस्था नहुँदा कामको प्रगतिमा वाधा उत्पन्न हुन गयो। खर्चको मापदण्डका कारण कतिपय कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्न कठिनाई भयो। अधिक सङ्ख्यामा तालिम कार्यक्रम कार्यान्वयन गर्नुपर्दा कार्यक्रमको अनुगमन, फलोअप र मूल्याङ्कनका लागि यथेष्ट समय उपलब्ध हुन सकेन। लामो अवधिका सेवाकालीन र सेवा प्रवेश तालिमका लागि आवासको अभाव हुँदा सहभागीहरुलाई बाहिर बसी तालिम लिनुपर्ने वाध्यता रह्यो।

## ७.२ समस्या समाधानका लागि चालिएका कदम

उपलब्ध जनशक्तिको अधिकतम परिचालनमार्फत वार्षिक योजनामा समावेश भएका क्रियाकलापको कार्यान्वयन गरियो । कर्मचारीको कार्यक्षमता अभिवृद्धिका लागि प्रशिक्षण, नयाँ कर्मचारीको अभिमुखीकरण, स्थानीय तहमा सञ्चालन गरिने कार्यक्रममा स्थानीय तहलाई नै जिम्मेवार बनाउने रणनीतिको अवलम्बन, कार्यक्रम कार्यान्वयनमा वहुसरोकारवालाको संलग्नता आदिद्वारा प्रतिष्ठानमार्फत सञ्चालित कामको प्रभावकारिता अभिवृद्धि गर्ने र गुणस्तर कायम गर्ने काम भयो। उपलब्ध भौतिक पूर्वाधारको मर्मत संभार गरी तालिम कक्षको व्यवस्थापन र कर्मचारीका लागि कार्यस्थलको प्रवन्ध गर्ने कार्य भयो। कर्मचारीलाई वहुविषयगत क्षेत्रमा संलग्न गराउने रणनीतिमार्फत खास खास क्षेत्रमा अभाव भएको जनशक्ति व्यवस्थापनको कार्य भयो।

## ७.३ निश्कर्ष

भौतिक पूर्वाधारको तयारी, जनशक्तिको प्रवन्ध, कार्यपद्धति एवम् कार्यप्रणालीको स्थापना र सोको आन्तरिकीकरणले कुनै पनि संस्थाको संस्थागत विकासको अवस्थालाई झल्काउँदछ। उल्लिखित सबै क्षेत्रमा प्रतिष्ठानले ठोस कार्य प्रारम्भ गरेको छ। कर्मचारीको स्थायी व्यवस्थापनका लागि सङ्गठन संरचनाको निर्माण र सोका लागि आवश्यक कर्मचारी सेवाशर्त सम्बन्धी विनियमावलीको तर्जुमा गरी प्रदेश लोक सेवा आयोगमा पदपुर्तिका लागि अनुरोध, भौतिक पूर्वाधारका लागि अत्याधुनिक भवनको निर्माण, आवश्यक ऐन, नियम, कार्यविधिको तर्जुमा आदिले संस्थागत पूर्वाधार विकासको बलियो जग बसेको छ। ISO 9001:2015 प्रमाणपत्रको प्राप्तिसँगै प्रतिष्ठान अन्तर्राष्ट्रिय मान्यता प्राप्त संस्थाका रुपमा स्थापित भएको छ।

दक्ष जनशक्ति गुणस्तरीय सेवा प्रवाहको अनिवार्य शर्त हो। जनताका प्रतिनिधि र स्थायी सरकारका रुपमा चिनिने कर्मचारीतन्त्रको क्षमता विकास सङ्घीय शासन प्रणालीको सफल कार्यान्वयनका आधार भूत पक्ष हुन्। यिनै कुरालाई मध्येनजर गरी स्थापनाको छोटो अवधिमा नै प्रतिष्ठानले आफ्ना गतिविधि केन्द्रित गरेको छ। गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद र मागमा आधारित परामर्श सेवाका माध्यमबाट प्रदेश र स्थानीय तहमा मानव संसाधन विकास, संस्थागत विकास, विकास प्रक्रियाको सहजीकरण र ज्ञान व्यवस्थापनका क्षेत्रमा योगदान गरी प्रदेश र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा योगदान गर्न प्रतिष्ठान सफल भएको छ।

सहायक र अधिकृतस्तर (छैटौं, सातौं र आठौं तह)का कर्मचारीको सेवाकालीन तालिमले निरन्तरता पाएका छन्। चालु आर्थिक वर्षमा सहायकस्तरका ८९ जना र अधिकृतस्तरका ८९ जना गरी कुल १७८

जनाले सेवाकालीन तालिमको अवसर प्राप्त गरेका छन् । सेवा प्रवेश तालिमले निरन्तरता पाएको छ । प्रदेश लोक सेवा आयोगबाट छनौट भई प्रदेश र स्थानीय तहमा सीफारिस भएका सहायक र अधिकृत कर्मचारीले ५ दिने सेवा प्रवेश तालिमको अवसर प्राप्त गरेका छन् । गण्डकी प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाका प्रशिक्षकहरूका लागि पेशागत क्षमता विकास तालिम आयोजना गरी गण्डकी प्रदेशमा सञ्चालन गरिने तालिम कार्यक्रममा एकरुपता ल्याउने प्रयास गरिएको छ । चालु आ.व.मा लामो तथा छोटो अवधिका कूल ७१ वटा विभिन्न किसिमका तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न भएका छन् । यसबाट २३२५ जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भएका छन् ।

सवाल केन्द्रित संवाद कार्यक्रमले यस आ.व.मा पनि निरन्तरता पाएको छ । क्षमता विकासको क्षेत्रमा गुण व्यवस्थापन प्रणालीको महत्व, स्थानीय आर्थिक विकास, कुटनीतिक शिष्टाचार जस्ता समसामयिक सवालहरूमा संवाद कार्यक्रम आयोजना भएका छन् । यसले सरोकारवालाहरूलाई नीतिगत पृष्ठपोषण भएको छ ।

तालिमको आयाममा परिवर्तन गर्दै जाने रणनीति बमोजिम चालु आ.व.मा जिन्सी शाखामा रहेर काम गर्ने कर्मचारीको कार्यसम्पादनका लागि आधारभूत कार्यसञ्चालन कार्यविधि (SOP) को तार्जुमा भएको छ । अघिल्ला आ.व.हरूमा कार्यालय सहयोगीको नियमित कार्यसम्पादन र आर्थिक प्रशासनका कर्मचारीको नियमित कार्यसम्पादनका लागि त्यस्ता कार्यविधि तयार भइसकेका छन् । यसले क्षमता विकासका वैकल्पिक माध्यमहरूको विकास र प्रयोगको थालनी भएको छ ।

चालु आ.व.मा गत आ.व. मा सम्पन्न अध्ययन र अनुसन्धानका प्रतिवेदन प्रकाशन गर्ने र अध्ययनका निष्कर्ष सरोकारवाला समक्ष प्रस्तुग गर्ने कार्य सम्पन्न भएका छन । प्रतिष्ठानद्वारा प्रदान गरिएका क्षमता विकास कार्यक्रमको कार्यान्वयनको अवस्था र सेवा प्रवाहमा पारेको प्रभावको तेस्रो पक्षबाट गरिएको अध्ययन र स्थानीय तहमा स्थानीय आर्थिक विकासको अवस्था र भावि संभावना विषयमा गरिएको प्राज्ञिक अध्ययनको प्रतिवेदन प्रकाशन गरी अध्ययनका निचोडलाई प्रदेश, स्थानीय तह र अन्य सरोकारवाला समक्ष प्रस्तुत गर्ने कार्य सम्पन्न भएका छन् ।  यसले तहगत सरकारहरूका लागि महत्वपूर्ण नीतिगत पृष्ठपोषण हुने अपेक्षा गरिएको छ ।

यस आ.व.मा स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा ठोस योगदान पुगेको छ । स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन, वित्तीय जोखिम मूल्याङ्कन जस्ता कार्यमा प्रतिष्ठानमार्फत प्राविधिक सहयोग पुगेको छ भने ९ वटा स्थानीय तहको आवधिक योजना, १५ वटा स्थानीय तहको क्षमता विकास योजना, १५ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना र ५ वटा स्थानीय तहको लैससास रणनीति निर्माणमा चालु आ.व.मा आर्थिक एवम प्राविधिक सहयोग पुगेको छ ।  यसबाट नवनिर्वाचित

जनप्रतिनिधिलाई सहज रुपमा कार्यसम्पादन गर्ने वातावरण तयार गर्न योगदान पुगेको छ।

संस्थागत पूर्वाधार निर्माणका सिलसिलामा प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी दिग्दर्शन र आर्थिक प्रशासन विनियमवली तर्जुमा भएका छन् । त्यसैगरी, प्रदेश र स्थानीय तहमा कार्यरत दशौ तहका कर्मचारीका लागि उच्चस्तरको व्यवस्थापन तालिम पाठ्यक्रम तयार भएको छ। उक्त पाठ्यक्रमको प्रयोग गरी सञ्चालन गरिने तालिम प्रदेश स्तरमा सञ्चालन गरिने हालसम्मको उच्चस्तरको तालिम हुनेछ। आगामी आ.व.मा उक्त पाठ्यक्रमको प्रयोग गरी दशौं तहका कर्मचारीको तालिम सञ्चालन गर्ने गरी योजना गरिएको छ। तालिम कार्यक्रमलाई व्यवस्थित गर्न तालिम व्यवस्थापन सूचान प्रणालीको विकास गरिएको छ। यसरी चालु आ.व.मा प्रतिष्ठानले आफ्ना गतिविधिहरूलाई थप परिस्कृत बनाउँदै कार्यक्षेत्रको दायरा समेत फारकिलो बनाउँदे लगेको छ। यसरी स्थापनाका विगत चार वर्षका गतिविधिहरूलाई नियाल्ने हो भने सङ्घीयतापश्चात प्रदेश सरकारद्वारा स्थापना भएको संस्थाले संस्थागत पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन र कार्यप्रणालीको विकासका क्षेत्रमा महत्वपूण कार्य प्रारम्भ गरी प्रतिष्ठान ऐन र नियमावलीको परिधि भित्र रही प्रदेश र स्थानीय तहमा निर्वाचित पदाधिकारी र कार्यरत कर्मचारीको क्षमता विकासका क्षेत्रमा उल्लेख्य उपलव्धि हाँसिल गर्न सफल भएको छ।

## ७.४ आगामी दिनको कार्यदिशा

संस्थागत विकासको जग बलियो हुँदा मात्र प्रतिष्ठानद्वारा सञ्चालन गरिने कार्यक्रमको प्रभावकारिता सुनिश्चित हुने हो। त्यसैले, संस्थागत विकासका तत्वहरू : जनशक्ति, भौतिक पूर्वाधार र कार्यप्रणालीलाई संस्थागत गर्नु प्रतिष्ठानको प्राथमिक कार्यभार हुनेछ। भवन निर्माणको कार्य सम्पन्न गरी कार्यालय व्यवस्थापन र प्रशिक्षण सञ्चालनका लागि आवश्यक तालिम हलको प्रवन्ध गर्ने, आइएसओ प्रक्रियामार्फत सुरुवात गरिएको कार्यप्रणालीलाई संस्थागत गर्ने कुरामा प्रतिष्ठानले आगमी दिनमा आफुलाई केन्द्रित गराउनु पर्नेछ।

स्थानीय तहमा निर्वाचित पदाधिकारीहरूको क्षमता विकास, प्रदेश लोक सेवा आयोगबाट छनौट भई प्रदेश र स्थानीय तहमा सीफारिस भएका कर्मचारीको सेवा प्रवेश तालिम, कर्मचारीको सेवाकालीन तालिम निरन्तर रुपमा सञ्चालन गर्नुपर्ने कार्यक्रमहरू हुन्। अध्ययन अनुसन्धानका कार्य सञ्चालन गर्ने र त्यस्ता अध्ययन अनुसन्धानका निश्कर्षहरूलाई सरोकारवाला समक्ष प्रचार प्रसार गर्ने एवम् आवश्यकता अनुसार प्रशिक्षणमा समावेश गराउने कार्यलाई निरन्तरता दिनु पर्नेछ।

क्षमता विकासका वैकल्पिक माध्यमहरूको विकास र प्रयोग आजको आवश्यकता हो। Beyond

Training को अवधारणालाई स्थापित गराउन तालिम प्रदायक संस्थाहरूसँग संवाद र अन्तरक्रिया आगामि दिनको महत्वपूर्ण कार्य हुनेछ। प्रदेशमा कार्यरत विभिन्न तालिम प्रदायक संघ संस्थासँगको समन्वय विस्तार गरी समग्र तालिम कार्यक्रमको प्रभावकारिता अभिवृद्धिमा प्रतिष्ठानले अग्रसरता लिनु पर्नेछ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममार्फत स्थानीय तहमा कार्यान्वयनमा रहेका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन, वित्तीय जोखिम मूल्याङ्कन र स्थानीय आर्थिक विकासलाई स्थानीय तहको शासकीय प्रणाली र विकास प्रक्रियामा आन्तरिकीकरण गर्न सहजीकरण आवश्यक छ भने आवधिक योजना, क्षमता विकास योजना, राजस्व सुधार कार्ययोजना, लैससास रणनीति, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली आदिको फलोअप आगामी आ.व.को महत्वपूर्ण कार्य हुनेछ। आगामी आ.व. लाई प्रतिष्ठानले आत्मनिर्भरता र दिगोपनाको वर्षका रुपमा घोषणा गरेको सन्दर्भमा यस दिशामा पहलकदमी लिनु प्रतिष्ठानको कार्यभार हुनेछ।

प्रशिक्षण परिषदबाट आर्थिक प्रशासन विनियमावली २०८१ स्वीकृत भएर लागू भएको अवस्थामा प्रतिष्ठानले बजारको मागमा आधारित, साझेदारीमा आधारित तथा योगदानमा आधारित तालिम , अध्ययन तथा परामर्श सेवा प्रवाह गर्न सकिने अवस्था सिर्जना हुन्छ। विभिन्न विकास साझेदार हरुसँग हातेमालो गर्दै प्रतिष्ठानबाट प्रदान गरिने क्षमता विकासका कार्यक्रमलाई प्रभावकारी बनाउने र प्रष्ठिानलाई उत्कृष्ट ज्ञान केन्द्र एवं तालिम प्रदायक संस्थाको रुपमा अगाडि बढाउन टड्कारो आवश्यकता छ।